nepalmag.com.np
आइतबार • ३ कात्तिक २०७६ • मूल्य रु. २५
ISSN 2631-2298

नेपाल

राष्ट्रिय साप्ताहिक

बस्ती जोगाउने कि वन्यजन्तु ?

स्थलगत चितवन

जंगली हात्तीबाट धानबाली जोगाउन माडीको धोबाहामा स्थानीयको रात्रि गस्ती, १५ असोज

केन्द्रीयतावादी उपेन्द्र यादव | महरा प्रकरण र प्रधानमन्त्रीको वक्तव्य

Smart Appliances (P) Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500
gradesteels
UTM
TESTED
TMT STEEL BARS

From mastering tricky conversations at a workplace to sharpening your resume for the right job, every Monday, The Post brings to you the right mix of guidelines, analysis and stories on leadership, management, and human resources.

kathmandupost.com/escalate

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

हिमाल
आइतबार, ३ कात्तिक २०७६ (वर्ष २०, अंक ११)
Nepal National Weekly, 20 Oct 2019 (Vol. 20, No. 11)

स्थलगत रिपोर्ट

बस्ती जोगाउने कि वन्यजन्तु ?

|२८

मध्यस्थताको महाजाल |३६

१८
रिपोर्ट
छाडेको बाटोको माया

४२
रङ
क्यामरा-बाज

२०
प्रतिवाद
गुणराज लोहनी

४४
फिल्म
बिस्तारै विश्वमञ्चमा

२२
सरोकार
सधैं मारमुंग्रीकै हुंकार

१२
हाम्रो नेपालमा
सीमा सकस

१६
प्रदेश १
जंगलमा रजाइँ

१७
प्रदेश २
सम्पदामा खेलाँची

२६
(अ)सहमति
भास्कर गौतम

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
स्मरण | १५
केन्द्रीयतालाई धक्का | ४८
कविता | ४९
पुस्तक | ५०
तीन किताब | ५१
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

Radio Kantipur
रेडियो राष्ट्रको
TASTE BUD
With
Sanjay & Alissa
Every Wednesday
10:05 am - 12:00 noon
www.radiokantipur.ekantipur.com
Radio Kantipur
रेडियो राष्ट्रको
96.1 Mhz
Kathmandu Bhedetar Birgunj Bharatpur Bhairahawa
101.8 Mhz
Dhangadi Nepalgunj Pokhara

सम्पादकीय

महरा काण्ड र प्रधानमन्त्रीको निर्देशन

यौन-हिंसामा मुछिएका निवर्तमान सभामुख कृष्णबहादुर महरासम्बन्धी खबर बाहिरिएसँगै उठेको प्रश्न थियो- यो लोकतन्त्रमा विधिको शासन कायम हुन्छ कि हुँदैन ? यो व्यवहारको कसीमा प्रमाणित हुन्छ कि शक्तिशालीहरूले अलाप्ने शब्दमै सीमित हुन्छ ? राजनीतिक वृत्तमा 'शालीन' भनेर चिनाइँदै आएका महरा तिनै नेता हुन्, जो पटक-पटक विभिन्न प्रकरणमा मुछिँदा पनि राज्यशक्तिमाथि पहुँचको आडमा उन्मुक्ति पाउँदै आएको जगजाहेर छ।

शान्ति प्रक्रिया सुरु भएसँगै माओवादी लडाकुका नाममा छुट्टाइएको बजेट अपारदर्शी ढंगले चलाउँदा होस् या यहाँको प्रधानमन्त्री चुनावलाई प्रभावित पार्ने गरी चिनियाँ पक्षसँग आर्थिक सहयोग माग्दा, अजेय सुमार्गीको 'हेलो नेपाल' लाई राप्तीमा सञ्चालनका लागि प्रक्रिया छलेर लाइसेन्स वितरण गर्दा होस् या अनेकौँ विवादित प्रकरणसँग जोडिँदा- महरालाई जोगाउन हिजोका दिनहरूमा राज्यशक्ति परिचालित भएकै हो।

अघिल्लो साता तीनकुने प्रकरणसँगै राजनीतिक करिअर गुमाएका महरामाथि छानबिन चलाउन सुरुमा प्रहरी प्रशासन हच्किएकै हो। योसँगै केही वर्षयता निरन्तर सार्वजनिक साखमा प्रश्न उठाइँदै आएको प्रहरी थप सन्देह र आक्रोशको तारो बन्न पुगेथ्यो। दसैं बिदाअघिको अन्तिम घडीमा काठमाडौं जिल्ला अदालतको आदेशसँगै महरा पक्राउ परे। हाल उनीमाथि अनुसन्धान चलिरहेको छ।

प्रधानमन्त्री केपी ओलीले असोज २४ गते ६४ औं प्रहरी दिवस समारोहमा दिएको मन्तव्य यहाँ उल्लेखनीय छ। त्यसमा ओलीले सम्बन्धित व्यक्तिको पद, पैसा र प्रतिष्ठा नहेरी कसुर छानबिन गर्न निर्देशन दिएका छन्। कुनै व्यक्ति सत्ताशक्तिमा भए-नभएको वा पक्ष-विपक्षमा भएका आधारमा अनुसन्धान र कारबाही प्रभावित हुन नहुने प्रधानमन्त्रीको दृढता चर्चायोग्य छ। महराको नाम नकिटे पनि ओली सम्बोधनको संकेत बुझ्न कठिन छैन। विगतमा ३३ किलो सुनलगायत थुप्रै अनुसन्धान सरकारी हस्तक्षेपको आभासका कारण प्रभावित हुन पुगेको यथार्थ भने यहाँनेर सम्झनुपर्ने हुन्छ।

के सरकार सत्यतथ्य अनुसन्धानका लागि आफ्ना तर्फबाट प्रहरीलाई विश्वसनीय वातावरण बनाइदिन तयार छ ? ढिलै भए पनि यो यथार्थबोध भएको हो भने खुसी मान्नुपर्ने हुन्छ। अन्यथा प्रधानमन्त्रीको वक्तव्य सधैंको दिनचर्या मात्रै प्रतीत हुनेछ।

शक्तिसीनको नैतिक स्खलन अरु किसिमको अख्तियार दुरुपयोगजस्तै हो। हाम्रो समाजले आर्थिक अपचलनको विषय र चारित्रिक विषयलाई अलग-अलग डालोमा राखेर मूल्यांकन गर्दै आएको देखिन्छ। जबकि विकसित लोकतन्त्रहरूमा यस्ता विषय कानुनीभन्दा बढी नैतिक प्रश्न हुन्। यस्ता प्रश्न उठ्नुअघि नै सम्बन्धित व्यक्तिले मर्यादा जनाउँदै मार्गप्रशस्त गरिदिन्छ। प्रधानमन्त्री ओली तथा नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालको निर्देशनपछि मात्रै महराको राजीनामा आएको देखिन्छ, त्यो पनि शाब्दिक छिद्रहरू राखेर। अन्ततः अदालती आदेशसगै संसद्का महासचिवको वक्तव्यमार्फत उनी सांसद पदबाट पनि कारबाहीमा परेका छन्।

यो सुरुआत मात्रै हो, शक्तिशालीहरू नागरिकका प्रश्नभन्दा माथि छैनन् भन्ने यथार्थबोधको। आम सञ्चारसँगै सामाजिक सञ्जालसमेतबाट उठाइएका आवाजसमेतले यहाँनेर अर्थ राख्न पुगेका छन्। सँगै पीडित महिलामाथि न्यायको प्रश्न छ, जसलाई कानुनी फैसलाले मात्रै सम्बोधन गर्न सक्दैन। मानसिक अवस्थासमेत क्रमशः बिग्रँदै गएकाले अब उनको विषय मानवीय संवेदनाको पनि हो। यो यस्तो विषय हो, जसलाई सम्पूर्ण रूपमा बुझ्न र सम्बोधन गर्न हाम्रो सामाजिक प्रवृत्ति अझै सक्षम भइसकेको छैन। निर्मला पन्त प्रकरणलगायत विभिन्न अपराध छानबिनमा चुकेको प्रहरी संयन्त्रलाई सच्याउन प्रधानमन्त्रीले निर्देशन दिँदै गर्दा नउधिनिएका यस्ता अनेकौँ सवालउपर पनि घोत्लिने बेला आएको छ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २६ असोज २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

पहिरनमा फड्को

अमेरिका बस्ने प्रबल गुरूङदेखि राजेश धाख्वा, तरूनिका महतोलगायतले नेपालमा फेसन डिजाइनिङलाई अगाडि बढाउन गरेको प्रयास प्रशंसनीय लाग्यो *(पहिरनको संसार, २६ असोज)* । विवाह होस् वा कुनै चाडपर्व- मान्छेको स्वभाव नै नयाँ-नयाँ पहिरन खोज्ने हुन्छ ।

सुती कपडाको प्रयोग सम्बन्धमा दिइएको जानकारी गज्जब लाग्यो । युरोप, अमेरिका, भारत, पाकिस्तानलगायतका देशमा फेला परेको कटन नै अहिले आधुनिक फेसनका रूपमा मान्छेले प्रयोगमा ल्याएको रहेछ भन्ने जान्न पाइयो । नेपालमै पनि ढाका, पस्मिना, दौरा-सुरुवाल, भादगाउँले टोपी उत्पादन भइरहेका छन् । तिनको बजारीकरणका लागि नेपाली युवा पुस्ताको रोजाइ सुखद संकेत हो ।

■ **पारस खड्का**
कौशलटार, भक्तपुर

नेता नजिक्याउने काइदा

सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबीच चिनियाँ मोडलको समाजवाद र राष्ट्रपति सी चिनफिङको विचारधाराबारे छलफल चलेछ *(लालदरबारमा चिनियाँ कोचिङ, २६ असोज)* । तर चीनको सीपीसी र नेपालको नेकपाबीचको विचारधारा एउटै हुन भने मुस्किल छ । नेकपाले बहुदलीय व्यवस्थाअनुसार अहिले शासन चलाइरहेको छ । तर सीपीसीले दलीय आधारलाई निषेध गरेको छ । पूर्वएमाले र पूर्वमाओवादी मिलेर बनेको नेकपाभित्र मार्क्स, लेनिन, माओ विचारधारा अनुसरण गर्ने भन्नेमा अहिले पनि द्विविधा देखिन्छ ।

■ **विपिन श्रेष्ठ**
कपन, काठमाडौं

युवा उद्यम

कबाडी सामानलाई कच्चा पदार्थका रूपमा विकास गरेर विभिन्न उद्यम चलाइरहेका पुष्पा स्थापित, प्रकृति मैनाली, ओजस्वी वैद्य, आयुषी केसी युवाका लागि उदाहरणीय पात्र हुन् *(फोहोरबाट फलिफाप, ५ असोज)* । खाली सिसी दाइहरूसँग कबाडी सामान किनेर फोहोर व्यवस्थापनमा अब्बल सावित आयुषी त भनै विश्वप्रसिद्ध म्यागजिन फोर्ब्सले प्रकाशित गरेको एसियाका प्रभावशाली युवा सूचीमा समेत अटाएकी रहिछन् ।

■ **रीता थारु**
देवदह नगरपालिका, रूपन्देही

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

ट्वीट

पहिरनको संसार
Hari krishna shakya@Harikrishnashky
पुगिसरी आउनेले फेरीफेरी लगाउँछन् । लगाउनु अर्काका लागि, खानु आफ्ना लागि भनिन्छ । पेट कसेर फेसन शोचाहिं नगर्नुहोला ।

शक्तिशाली सरकारका निरीह प्रधानमन्त्री
Khagendra Bhandari@bhandari_jee
कहिले प्रधानमन्त्रीले शक्ति केन्द्रित गरे भनिन्छ, प्रधानमन्त्रीमा शक्ति-मोह देखियो भन्ने चर्चा हुन्छ । अनि अहिले फेरि निरीह । प्रधानमन्त्रीले ड्याङडुङ गरून् भन्ने चाहना त होइन होला ।

चिनियाँ विशेषतासहितको दसैं
Purnendu Baral@PRBaral
टीका थाप्ने त भइगए । साइडमा प्रतीक्षा गर्नेहरूको व्याकुलता कस्तो गज्जब । सोचलाई सलाम छ ।

CP Aryal@CPAryal
रवीन्द्र मानन्धरको सबसे गजब कुरा एकदम थोरै (सकेसम्म कत्ति पनि नाइँ) शब्दमा भयानक मार हान्न सक्नुहुन्छ । सानदार व्यंग्य ।

आफैंसँग तर्सेका गणतन्त्रवादी
Krishna Hari Upadhya@hari_upadhya
नेपालमा गणतन्त्रको भविष्य बालिग हृदयेन्द्र र उनको समकालीन (उमेरको समकालीन होइन, समयको समकालीन) नेकपा र कांग्रेसका नेताको क्रियाकलापमा भर पर्छ ।

Sandeep Adhikari@sandadhi
यस्सो सडकमा गुड्ने बसलगायतका सार्वजनिक सवारी साधन हेर्ने हो भने 'रोयल फलानो' लेखिएका साधन बग्रेल्ती भेटिन्छन् । सबभन्दा बढी नपचेको कुरो ।

पोस्ट

पहिरनको संसार
Sudarshan Ghimire
आवरण गज्जब लाग्यो । तर हेडलाइन बदलिँदो पहिरन मात्र राखेको भए थप मीठो हुन्थ्यो कि ।

शक्तिशाली सरकारका निरीह प्रधानमन्त्री
Dinesh Rai
शक्ति लगाउन खोज्यो तानाशाही भन्छन् अनि अलिक खुकुलो भयो निरीह । अब के गर्दाचाहिं होला ।

Gopal Dahal
८-१० जनाको उल्का चुरिफुरी देख्दा सीवाद मात्र होइन, किम जोङ वाद ठ्याक्कै चाहिएको हो कि जस्तो लागि रा'छ ।

रातो टीका निधारमा
Sagar Ghimire
नेपाली फिल्म आउनुस्, हेरिदिनुस्, माया गरिदिनुस् । एक जनाले मात्रै हेरेर त नहुने रहेछ ।

सर्वोत्तम नारी

KMG
KANTIPUR MEDIA GROUP

कात्तिक अंक

nari.ekantipur.com | narimagazine | @narimagazine

प्रवेश

सोझै

साताका चर्चित

अस्मिता आले
फुटबलर

इंग्ल्यान्डको यू-१९ टिममा छनोट हुने पहिलो नेपाली महिला खेलाडी ।

वासुदेव घिमिरे
तिलोत्तमा नगरपालिका, रूपन्देही

आफ्नो पारिश्रमिकबापतको रकमबाट नगरमा सञ्चालित सामुदायिक विद्यालयका गरिब तथा जेहेन्दार ४३ विद्यार्थीलाई छात्रवृत्ति ।

पारस खड्का
कप्तान, क्रिकेट राष्ट्रिय टिम

आईसीसीको टी-२० अन्तर्राष्ट्रिय अलराउन्डर वरीयतामा भारतका रोहित शर्मा र वेस्टइन्डिजका क्रिस गेललाई पछाडि पार्न सफल ।

रजनी श्रेष्ठ
शारीरिक सुगठन

एसियाली शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा दुई पदक जित्न सफल ।

कृष्णबहादुर महरा
निवर्तमान सभामुख, संघीय संसद्

महिलामाथि यौन दुर्व्यवहारको आरोप लागेपछि राजीनामा र पत्राउ ।

मुलुकबाहिर

खेतमै कुर्सी उत्पादन

जहाँ साधारण मनुवाले समस्या देख्छ, बुद्धिमानीले त्यहीँ समाधान । यसलाई उदाहरणसहित प्रस्तुत गरेका छन्, बेलायती दम्पतीले । कार्बन उत्सर्जनले विश्वलाई नै असुरक्षित बनाइरहेका बेला ग्याबिन र एलिस मुन्रोले भने काइदाको उपाय निकालेका छन् ।

दिगो विकासलाई आत्मसात गर्दै यो दम्पतीले दुई एकड जग्गामा रूख रोपी त्यसलाई विभिन्न आकारमा ढालेर कुर्सी, टेबल, ल्याम्प आदि बनाएर बेचिरहेको छ । *हफपोस्टडटकम*का अनुसार ती दम्पतीले २ सय ५० कुर्सी, १ सय ल्याम्प र ५० वटा टेबलको रेखदेख गरिरहेका छन् । यी सबै फर्निचर रूखलाई मर्न नदिई मिलाएर काटेर बनाइएको हो ।

ग्याबिनले सन् २००६ मा यस्तो उद्यम थालेका थिए । उनका अनुसार साधारण कुर्सी बढ्न ९-१० वर्ष लाग्छ भने १ वर्ष सुकाउन ।

सानो छँदा जापानी बोन्साई रूख देखेपछि नै ग्याबिनलाई यस्तो उपाय आएको थियो । कुनै बेला मेरूदण्डको रोगका कारण कुर्सीमा वर्षौं बिताएका ग्याबिनले त्यसलाई आरामदायी र क्षमतावान् बनाएका छन् । यसरी बनाएको कुर्सीको भाउ १२ हजार ४ सय ८०, ल्याम्प १ हजार १ सय २० देखि २ हजार ८ सय ७० र टेबलको ३ हजार १ सय २० देखि १५ हजार ६ सय डलर पर्छ । ने

तथ्यचित्र



त्यस बखतको **नेपाल**

नेपाल-चीन सम्बन्धमा नयाँ सोचको आवश्यकता

चीन, आफ्नो व्यापारिक सहर साङ्घाईदेखि ल्हासासम्मको ४ लेनको राजमार्ग बनाउने तयारीमा जुटेको छ । यो अत्यन्तै ठूलो महत्त्वको राजमार्ग निर्माणले हुने तिब्बतको आर्थिक उन्नतिबाट नेपालले कसरी अधिकतम फाइदा लिने भन्नेबारे न सरकारी स्तरमा, न त उद्योगी-व्यवसायीहरूबीच कुनै सोच भएको पाइन्छ । कोदारीबाट चिनियाँ बाटो हुँदै पश्चिम नेपालको अति विकट लोमान्थाङ (मुस्ताङ) सम्म खाद्यान्न ढुवानीको व्यवस्था गर्न बल्ल हाम्रो सोचाइ पुग्न सकेको छ । हुम्ला, डोल्पा, मुस्ताङका अरू भेगमा समेत चिनियाँ मार्ग हुँदै सर-सामान ढुवानी गर्न नसकिने होइन । दुई मुलुकबीचको व्यापार बढेर सन् १९९९ मा १ अर्ब रुपैयाँ पुगेको छ । ल्हासासम्मको हवाईयात्राका लागि चाइना साउथ वेस्ट एयरलाइन्सले केवल नेपालबाट उडान गर्छ । संसारको अर्को कुनै मुलुकसँग यसरी ल्हासा जोडिएको छैन ।

निश्चलनाथ पाण्डे

नेपाल, १-१५ असोज २०५७

दुईचोटि राजीनामा

सुरेश किरण

दसैँअगाडि आएर अचानक दसैँ नै बिर्सिने घटना भयो । अर्थात्, सम्माननीय सभामुख कमरेड कृष्णबहादुर महरामाथि बलात्कारको आरोप लाग्यो । तथापि बलात्कारको घटना त्यति स्पष्ट छैन किनभने बलात्कारी भनिएका र बलात्कृत भनिएका दुवै पक्षबाट कति गोलमटोल वक्तव्य आइरहेका छन् । उक्त दिन भएको घटना वास्तवमा के थियो भन्ने स्वयं बलात्कारी र बलात्कृतलाई नै थाहा छैनजस्तो लागिरहेको छ ।

तैपनि घटनाचाहिँ ठूलै हो । किनभने यही एउटा घटनाका कारण सभामुख महराले दुईचोटि पदबाट राजीनामा दिनुपर्‍यो । अरू घटनामा भए एकचोटि मात्रै राजीनामा दिए पनि पुग्ने थियो । यसमा दुई पटक दिइएको छ । कुनै पनि उच्च पदाधिकारीले एउटै घटनाका लागि दुईचोटि राजीनामा दिनुपरेको सम्भवतः यो विश्वकै पहिलो घटना हुनुपर्छ । वास्तवमा घटना कति गम्भीर र संगीन रहेछ भन्ने यसैबाट पनि थाहा हुन्छ ।

सभामुख महराले राजीनामा त दिए । साथमा यो पनि भने कि यो नैतिकताको आधारमा दिएको हो । अब प्रश्न यहाँ पनि उठेको छ । यति अनैतिक कार्यका लागि दिएको राजीनामा चाहिँ कसरी नैतिक हुन सक्छ हँ ? कुनै पनि महिलामाथि बलात्कार गर्नु वा गर्न खोज्नु त घोर अनैतिक कार्य हो । तर त्यसका लागि राजीनामा चाहिँ नैतिकताका आधारमा दिँदै छन् । यति घोर अनैतिक कार्य गरिसकेपछि पनि उनीसँग कुनै नैतिकता बाँकी रहन्छ र भन्या ?

खुला दिसामुक्तिको दिशा

नेपाल अब दक्षिण एसियाकै पहिलो खुला दिसामुक्त राष्ट्र बनेको छ । सरकारले भर्खरै एक कार्यक्रमबीच यो ऐतिहासिक घोषणा गरेको हो । सरकारको यो घोषणा आउनेबित्तिकै धेरै मानिसलाई एकैसाथ तीव्र पखाला लागेको छ । उनीहरू अहिले आलोचना पनि गरिरहेका छन्, सरकारले के आधारमा यस्तो घोषणा गरेको हो ?

वास्तवमा सरकारले मुलुकलाई खुला दिसामुक्त राष्ट्र जो घोषणा गर्‍यो, त्यो मूलतः एक विशुद्ध राजनीतिक घोषणा हो । यसलाई अन्यथा लिन मिल्दैन । देशलाई खुला दिसामुक्त राष्ट्र घोषणा गर्नुको अर्थ के हुन्छ भने अब नेपालमा केवल तिनै मानिसले मात्रै दिसा गर्न सक्छन्, जसको घरमा शौचालय छ । जसको घरमा शौचालय छैन, तिनले दिसा गर्न पाउने छैनन् ।

सरकारलाई राम्रै थाहा छ, अधिकांश नेपाली जनताको घरमा शौचालय नै छैन । एकातिर घरमा शौचालय छैन, अर्कोतिर बाहिर खुला दिसा गर्न मिल्दैन । यसको अर्थ के भयो ? यसको अर्थ यही भयो कि अब जनताले खानामा नियन्त्रण गर्नुपर्‍यो किनभने खाना नियन्त्रण भयो भने दिसा पनि नियन्त्रण हुन्छ । दिसा नियन्त्रण भयो भने खुलातिर जानुपर्दैन ।

अब जहाँ खाना नियन्त्रित हुन्छ, त्यहाँ बजार जाने काम पनि कमै हुन्छ । किनभने खानै खानु छैन भने बजार किन जाने ? बजार जानुपरेन भने बजारमा बढिरहेको महँगीबारे जानकारी हुँदैन । महँगीबारे जानकारी नभएपछि देशमा महँगी बढिरहेको छ भनेर थाहा पाउँदैन । महँगीबारे थाहा नै नपाएपछि सरकारले महँगी बढायो भनेर हडताल-जुलुस पनि गर्दैन । हडताल-जुलुस नभएपछि सरकारलाई आनन्दै भयो ।

खुला दिसामुक्तको राजनीति त यो दिशातिर पो छ । थाहा छ कि थाहा छैन ?

भिखारीमुक्त नेपाल

प्रधानमन्त्री केपी ओली अब नेपाललाई भिखारीमुक्त मुलुक बनाउन चाहन्छन् । यो उनको ठूलो सपना हो । सपना देख्नु नराम्रो होइन । साँच्चै, उनले एक दिन नेपाललाई भिखारीमुक्त मुलुक घोषणा गरेरै छाडे । भिखारीमुक्त घोषणापछि अब कसैले पनि देशमा भिख माग्न नपाइने भयो । सरकारले भिख मगाइसम्बन्धी एउटा विधेयक पारित गरी कानुन पनि निर्माण गऱ्यो । अब नेपालमा भिख माग्नु पूरै गैरकानुनी घोषित भयो । जो भिख मागिरहेको अवस्थामा भेटिन्छ, त्यसलाई पक्राउ गर्ने आदेश जारी भयो ।

आदेश आउनेबित्तिकै सुरक्षा निकाय परिचालित भयो । सडक-सडक, गल्ली-गल्ली भिखारी खोज्ने अभियान थालियो । सुरक्षाकर्मी देख्नेबित्तिकै भिखारी 'आयो ! आयो !' भन्दै भाग्नुपर्ने अवस्था भयो । केही भिखारी पक्राउ पनि परे ।

पछि सुरक्षा निकायलाई लाग्यो कि देशबाट भिखारी हटाउने हो भने सानातिना भिखारीलाई मात्र पक्रेर हुँदैन । ठूला भिखारीलाई पनि समाउनुपर्छ । ठूला भिखारी पक्राउ परेपछि साना भिखारी आफैं नियन्त्रण हुनेछन् । त्यसपछि ठूला भिखारी पनि धमाधम पक्राउ गर्न थालिए ।

ठूला भिखारी पक्रन थालिएपछि देशमा ठूलै खैलाबैला मच्चियो । कुरा प्रधानमन्त्रीसम्मै पुग्यो । ठूला भिखारी पक्राउ गरेकामा प्रधानमन्त्रीको कार्यालयले सम्पूर्ण सुरक्षाकर्मीलाई बधाई पनि दियो ।

यसै क्रममा प्रधानमन्त्री आफैं सुरक्षा निकायमा पुगी ठूला भिखारी भेट्न पुगेछन् । तर जुन ठाउँमा ठूला भिखारी हिरासतमा राखिएको थियो, त्यहांको दृश्य देखेर प्रधानमन्त्री जसरी चकित खाए, त्यो भन्न अवर्णनीय थियो । प्रहरी हिरासतमा अर्थमन्त्री युवराज खतिवडा, परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, अर्थसचिव, परराष्ट्र सचिव आदि जम्मैलाई पो पोका पारेर राखिएको रहेछ ।

प्रधानमन्त्रीले आक्रोशको आँखाले प्रहरी प्रमुखलाई हेरे । प्रहरी प्रमुख बिस्तारै मुस्कुराए, 'ठीक छ नि, हैन हजुर ?'

प्रधानमन्त्री झल्याँस्स भए । त्यो त उनको सपना रहेछ ।

देउवाको चित्त

राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको अपमान भएको हल्लाले पनि राजनीतिलाई एकछिन तरंगित नै पारिदियो । अपमान भएकामा देउवाभक्तहरूले धेरै नै आलोचना गरे । तर पछि देउवा स्वयंको वक्तव्य आएपछि भने आलोचकको आलोचना पनि ठप्पै भयो । कुनै पनि आलोचना आएन । आफ्नो भनाइमा देउवाले स्पष्टै भनेका छन्- राष्ट्रपतिको कुराले मेरो चित्त पटक्कै दु:खेको छैन ।

वास्तवमा कुरा सही पनि हो । राष्ट्रपतिको भनाइका कारण देउवाले चित्त दु:खाउनुपर्ने कुनै कारण छैन । चित्त त बरू उनको आफ्नै पार्टीका नेताहरूका कारण दु:खिरहेको छ । राष्ट्रपतिले त के नै भनेकी छन् र ? त्योभन्दा कडा त आफ्नै नेता-कार्यकर्ताले भनिरहेका छन् । चित्त त यसमा पो दु:खिरहेको छ ।

राष्ट्रपतिले त यति मात्रै भनेकी हुन्, माइकमा बोलेको (देउवाले ?) कुरा अलि बुझिँदैन । अब यसमा के आपत्ति ? देउवाको कुरा त उनका आफ्नै नेताहरूले समेत अहिलेसम्म बुझेका छैनन् । विश्लेषण गरी हेर्ने हो भने केहीले उनको कुरा साँच्चै नबुझेकै हो, केहीले बुझिसके पनि बुझें भनिरहेका छैनन् । केहीले चाहिं बुझ्नै चाहिरहेका छैनन् ।

स्थिति यो छ । यस्तो स्थितिमा राष्ट्रपतिले केही बुझिनँ भनेर के पो अपराध गरेकी छन् र ? आफ्नै कार्यकर्ताले आजसम्म नबुझेको कुरा राष्ट्रपतिले कसरी बुझ्नू ?

नेपाल

हाम्रो नेपालमा

सीमा सकस

विप्लव भट्टराई/इलाम

रोङ गाउँपालिकाको मेचीखोलादेखि सन्दकपुरसम्मको साढे ५२ किलोमिटर लामो सीमा क्षेत्रको निगरानीका लागि गत वर्षदेखि पशुपतिनगर फाटकमा बोर्डर अब्जरवेसन पोस्ट (बीओपी) राखिएको छ। तर लामो दूरी र कठिन भौगोलिक अवस्थितिका कारण सबै सीमा क्षेत्रको नियमित निगरानी गर्न एउटै मात्र क्याम्प पर्याप्त छैन। भारतीय क्षेत्रमा ३ देखि ४ किलोमिटरको फरकमा एसएसबी क्याम्प छन्। जनस्तरको पहरेदारीकै भरमा भारतीय पक्षलाई टसमस गर्न नदिएको इतिहास पूर्वी सीमावर्ती क्षेत्रका बासिन्दासँग छ।

पशुपतिनगर, हिले, गुफापातललगायत क्षेत्रमा इलामबासीले यसअघि खबरदारी गरेर सीमा कायम गरेका हुन्। भारतीय पक्षले सीमा सडकसँगै

^ इलामको सबैभन्दा अग्लो सन्दकपुर डाँडामा भारतीय सुरक्षा बल (एसएसबी) को अवरोधपछि रोकिएको निर्माण (माथि)

कतिपय स्थानमा एसएसबी क्याम्प र अन्य पूर्वाधार विकासका काम नेपाली क्षेत्रमा बिनाअवरोध गरेको छ। तर नेपाल पक्षले पूर्वाधारको काम गर्दा भारतीयले यसरी अवरोध गर्न नमिल्ने कतिपयको भनाइ छ।

राज्यका लागि यसअघि उति चासोको विषय नरहेको यो क्षेत्रमा अहिले भने गतिलै गरी दाँतमा ढुंगा लागेको छ। जब सन्दकपुरसहित विभिन्न क्षेत्रमा पर्यटकीय पूर्वाधार विकास थालियो, भारतीय पक्षले सीमा यकिन नभएको भन्दै अवरोध गऱ्यो। यो क्षेत्रको सीमा समस्यालाई वैज्ञानिक ढंगले समाधान नगरिए स्थानीय र प्रदेश सरकारले ल्याएका पर्यटन पूर्वाधार विकास कार्यक्रमलाई प्रत्यक्ष असर पर्ने देखिन्छ।

३७ सीमास्तम्भ गायब

क्याम्पको पछिल्लो सर्वेक्षणअनुसार कतिपय सीमास्तम्भ हराएका छन् भने कतिपय सुधार्नुपर्ने अवस्थामा छन्। इलामको सीमावर्ती क्षेत्रमा ३७ सीमास्तम्भ छैनन्। यो क्षेत्रमा जंगे पिलर १७ हुनुपर्नेमा १६, सहायक पिलर ८३ हुनुपर्नेमा ७२ र साना पिलर ४६ हुनुपर्नेमा २१ मात्र छन्। सीमा पिलर नै कतिपय ठाउँमा गायब भएका कारण पनि सीमामा समस्या बल्झने गरेको जानकारहरू बताउँछन्।

सीमा स्तम्भ नभएका स्थानमा पानीढलोको सिद्धान्तबमोजिम मानिँदै आएको सीमा क्षेत्रलाई भारतीय पक्षले *गुगल* म्याप देखाउँदै आफ्नो दाबी गरेको हो। भारतीय पक्षले देखाएको *गुगल* म्यापलाई आधार मान्ने हो भने सन्दकपुरको मुख्य डाँडासहित धेरै नेपाली भू-भाग भारतमा पर्छ। सोही कारण स्थानीय पनि सशंकित छन्। त्यस्तै, कालपोखरीसहित त्यहाँ व्यक्तिले बनाएका संरचनामा पनि दसगजामा पर्ने देखिएको स्थानीय बताउँछन्। यो समस्या पानीढलोलाई आधार मानिएका हरेक क्षेत्रमा आउने अनुमान गर्दै दुवै देशका विज्ञमार्फत तत्काल समस्या समाधान गर्नुपर्ने बताउँछन्, सशस्त्र प्रहरीका सशांक कार्की। "स्थलगत रूपमा सबै क्षेत्रको अध्ययन गर्दा विभिन्न ठाउँमा अन्योल देखियो," उनी भन्छन्, "यस्तो अवस्थामा सरकारी पक्षबाटै पहल गरेर मात्र विकास योजनालाई अघि बढाउँदा उचित हुन्छ।"

स्थानीय प्रशासनले ०६५ मा गरेको अनुगमनअनुसार इलामको सन्दकपुरदेखि जिर्मलेसम्मको ४४ किलोमिटर क्षेत्रमध्ये सन्दकपुर, मानेभन्ज्याङ, सिमाना, बजार, पुलखोला, फाटक, पेनल, हिले, गुफापातल र छब्सिे, पशुपतिनगरलगायत क्षेत्रमा समस्या छ।

पूर्वी सीमावर्ती सन्दकपुर क्षेत्रमा भारतले पर्यटनमार्फत उल्लेख्य फाइदा लिएको छ। भारत भएर आउने पर्यटकले कतिपय स्थानमा नेपालतर्फको सडक प्रयोग गर्छन् भने दृश्यावलोकनसहित विभिन्न पर्यटकीय गतिविधिका लागि नेपाली भूमि पनि प्रयोग हुन्छ।

नेपालतर्फ पर्याप्त पूर्वाधार विकास नहुनु र प्रचारसहित पर्यटन प्रवर्द्धनमा ठोस काम नभएकै कारण पर्यटनमार्फत फाइदा लिन नसकेको अवस्थामा पछिल्लो समय सीमा क्षेत्रमा पूर्वाधार विकासका काम

^ इलामको सबैभन्दा अग्लो सन्दकपुर डाँडा

थालिएको हो । तर सीमावर्ती क्षेत्रका भारतीय एसएसबीले दसगजामा नेपालले एकलौटी संरचना बनाएको भन्दै अवरोध गरिदिँदा निर्माणाधीन संरचना अलपत्र छन् ।

प्रदेश सरकारले पूर्वाधार विकास कार्यक्रमअन्तर्गत छुट्याएको रकमबाट सन्दकपुर गाउँपालिकाको सन्दकपुर डाँडामा करिब एक करोड रुपैयाँ बराबरको पूर्वाधारको काम थालिएको थियो । जिल्लाकै अग्लो सन्दकपुर डाँडामा भ्यु प्वाइन्ट बनाउनेसहित त्यहाँसम्म पुग्ने र ओर्लने करिब १ सय मिटरको पैदलमार्ग, प्रवेशद्वारलगायतका पूर्वाधार निर्माण क्रममै रोकिएका छन् ।

नेपालतर्फ आहालटारमा निर्माण गर्न लागिएको आवासगृहमा पनि अवरोध पुगेको छ । ३ करोड रुपैयाँको लागतमा बन्ने आवासगृहका लागि टेन्डरसमेत भएको अवस्थामा भारतीय पक्षले सीमा यकिन नभएसम्म पूर्वाधार नबनाउन भनेपछि अन्योल थपिएको छ । पाँचथर सीमानजिकै इलामकै क्षेत्रमा भवन बन्ने यकिन भए पनि पछिल्लो भारतीय भनाइले काम अघि बढाउन अप्ठेरो भएको भवन कार्यालयका प्राविधिक प्रशान्त राई बताउँछन् । "*गुगल* म्याप देखाएर भवन बनाउन लागिएको क्षेत्रमा काम अघि नबढाउन भनेका छन्", उनी थप्छन्, "सदियौँदेखि मानिएको पानीढलोको आधार र स्थानीयको दाबीअनुसार भवन बनाउन लागिएको क्षेत्र नेपालमै पर्छ ।"

हिमालय दृश्यावलोकनसहित नेपाल, भारत र भुटानका अनेकौँ स्थान नियाल्न सकिने यो समतल क्षेत्रमा भवन बनाउन नपाए अपायक र अप्ठेरो स्थानमा बनाउनुपर्ने बाध्यता हुन सक्छ । प्रदेश सरकारमार्फत अन्य सीमावर्ती क्षेत्रमा पनि पूर्वाधार निर्माणका काम हुन लागेका छन् ।

निरन्तर बलमिच्याइँ

सन्दकपुरमा नेपालतर्फबाट कच्ची मोटर सडक पनि निर्माण भइसकेको छ । तर मुख्य पर्यटकीय स्थलमा भारतको अवरोधले नेपालतर्फबाट पर्यटक आवागमन वृद्धि हुँदा नकारात्मक असर पर्ने देखिएको छ । नेपालतर्फ होटल, शौचालयजस्ता पूर्वाधार बनाउँदा पनि अवरोध पुगेको स्थानीयको भनाइ छ । भारततर्फ रहेको सडकबाट निर्माण सामग्री ल्याउन कडाइ गरिएपछि समस्या भएको स्थानीय बताउँछन् । दुवै देशका नागरिक र सुरक्षाकर्मीसमेतले छलफल चलाएका पनि छन् । सीमा विवादका कारण एकआपसको दूरी बढाउन कोही चाहँदैनन् । तर पछिल्लो अवस्थाले भने स्थानीयसँगै सरोकारवाला सशंकित छन् ।

पर्यटकीय स्थल सन्दकपुरमा पर्यटकीय पूर्वाधार निर्माणमा अवरोधपछि स्थानीयमा पर्यटन विकाससम्बन्धी पलाएको आशा सेलाउँदै गएको छ । सन्दकपुर क्षेत्रलगायतका अन्य स्थानमा भारतीय पक्षले पनि सीमा क्षेत्रमा संरचना बनाएकाले नेपालले बनाउँदा आपत्ति उठाउने विषय नभएको सन्दकपुर गाउँपालिका अध्यक्ष उदय राईको भनाइ छ । "एकाएक निर्माणमा अवरोध पुऱ्याएपछि हामी सशंकित बन्यौँ," उनी भन्छन्, "झुल्के घामसँगै हिमशृंखला दृश्यावलोकनका लागि अब्बल मानिएको डाँडामा पुग्न सहज बनाउन खोजेका थियौँ ।"

शेर्पा च्यालेट होटलअगाडि जंगे पिलर रहे पनि त्यसमाथिका सहायक र सानो पिलर नहुँदा सीमा यकिन नभएको हो । यही डाँडामा जुनसुकै देशबाट पुग्ने पर्यटकले दृश्यावलोकन गर्छन् । "यस क्षेत्रलाई गतिलो पर्यटकीय गन्तव्य बनाउन अन्य पूर्वाधार विकासका थुप्रै काम अघि बढाउनु छ," राई थप्छन्, "नेपाल र भारतका सरोकारवाला निकायले संयुक्त रूपमा यो समस्या सुल्झाउन ढिलो गर्नु हुँदैन ।"

निर्माणमा अवरोधपछि स्थानीयले वर्षौंदेखि बल्झिरहेको सीमा विवाद सधैँका लागि समाधान गरिदिन माग गरेका छन् । "सीमा क्षेत्रमा भारतीय पक्षले ३-४ किलोमिटरको अन्तरमा सुरक्षा क्याम्प राखेर नियमित अनुगमन र निगरानी गर्छन्," सन्दकपुरका छिरिङसमी शेर्पा भन्छन्, "नेपालले पनि त्यसरी नै निगरानी बढाउने हो भने यस्ता समस्या कम हुने थिए ।"

यस क्षेत्रको अधिकांश सीमा क्षेत्रलाई पानीढलोको आधारमा बुझिने गरेको छ । तर पछिल्लो समय भारतीय पक्षले *गुगल* म्यापअनुसार नेपालका धेरै क्षेत्र र बस्ती नै भारतमा पर्ने जनाउँदै आएकाले स्थानीयमा त्रास बढेको हो । मेचीखोलामाथिका अधिकांश सीमा क्षेत्रको भूगोल यस्तै छ ।

काममा अवरोध भएपछि पशुपतिनगरस्थित इलाका प्रहरी कार्यालय र सशस्त्र प्रहरीको बीओपीले स्थलगत अनुगमन गरेको थियो । भारतीय सुरक्षाकर्मीसहित भएको छलफलपछि पनि समस्या टुंगो लागेको छैन । दसगजा क्षेत्रका धेरै स्थानमा निजी पूर्वाधारसमेत बनेका छन् । सरकारी तवरबाटै भौतिक विकासका काम थालिएपछि भने भारतबाट खबरदारी बढाइएको देखिन्छ । यो विषय तत्काल केन्द्रसम्म पुऱ्याएर समाधानको प्रयास गरिने इलामका प्रमुख जिल्ला अधिकारी सीताराम कार्कीको भनाइ छ । ■

राजपरिवार नै शरणार्थी

भुटानबाट दुईथरी शरणार्थी नेपाल आए । एउटा समूह भुटानको आन्तरिक कलहले उब्जिएको सत्ता संघर्षका कारण र अर्को समूह नेपालीभाषी भुटानी । सन् १९६४ मा भुटानी दरबारमा सत्ता कलहपछि शाही परिवारलाई नेपालमा शरण लिएका बेला म नर्थप्वाइन्ट दार्जिलिङमा अध्ययनरत थिएँ ।

ताम्ला उक्याब

भुटानमा अहिलेका राजाका बाजे जिग्मे दोर्जे वाङचुङ सत्तामा थिए । राजाको तिब्बती महिला अजी याङकीसँगको सहवासलाई लिएर तत्कालीन प्रधानमन्त्री जिग्मे दोर्जे (राजाका जेठान) सँग पारिवारिक किचलो भएको रहेछ । किनभने प्रधानमन्त्रीकी बहिनी तत्कालीन रानी केसाङ थिइन् । त्यतिबेलै भुटानी प्रधानमन्त्री दोर्जे षडयन्त्रपूर्वक मारिएको चर्चा चल्यो । भुटानमा त्यतिबेला सेनापति बहादुर नाम्गेल र क्वार्टरमास्टर जनरल बक्चु वाङदी थिए । सेनापति राजाका नाता पर्थे । प्रधानमन्त्री मारिनेबित्तिकै राजाले दोर्जेकै साला लम्पी दोर्जेलाई कार्यवाहक प्रधानमन्त्रीमा नियुक्त गरे । दोर्जेले दाजुको हत्या अनुसन्धानलाई अगाडि बढाए । शंकाको सुई सेनापति र क्वार्टरमास्टर जनरलमाथि सोझियो । ती दुईलाई कोर्टमार्सल गरेर फायरिङ स्क्वाड (गोली हानी हत्या) गरियो ।

अकस्मात् मुटु रोगले च्यापेपछि स्वीट्जरल्यान्ड उपचारार्थ गएसँगै भुटानी राजाका दुई रानीसँग प्रधानमन्त्री परिवारको मनमुटाव भयो । जेठीले भुटान छाडिन् । उनी पहिले दार्जिलिङ र कहिलेकाहीं नेपाल बस्थिन् । आन्तरिक कलह चर्किंदै गएपछि राजाले स्वीट्जरल्यान्डबाटै कार्यवाहक प्रधानमन्त्रीलाई गिरफ्तार गर्न सेनापति उगेन ताम्बीलाई आदेश दिए । तर सेनापतिले राजाको आदेश कार्यान्वयन गरेनन् । कार्यवाहक प्रधानमन्त्री, उनकी दिदी, तत्कालीन सेनापति, दुई कर्णेल र अन्य उच्च ओहोदाका अधिकारी पनि भागेरै नेपालमा शरणका लागि आए ।

भुटानी राजाले भारतीयको सहयोगमा शरणागत परिवारलाई अपहरण गर्न सक्ने आशंकामा राजा महेन्द्रले नेपाली सेनाको कडा सुरक्षा दिएका थिए । भुटानी शाही परिवारका सदस्यलाई व्यवसाय गर्न पनि छूट थियो । भुटानी राजाका साला लम्पी दोर्जे काठमाडौंको सोल्टी होटलमा क्यासिनो चलाएरै बसेका थिए । उनले नर्थप्वाइन्टमै अध्ययन गरेकाले मसँग पहिल्यै चिनजान थियो । भुटानी राजाकी दिदी आसी टासी कोलम्बो प्लानकी भुटान प्रतिनिधि थिइन् । उनी पनि सत्ता कलहका कारण नेपालमै बस्थिन् । पछि रानीका छोरा जिग्मे सिग्मे राजा भएपछि भुटानमा शाही कलहले विश्राम पायो । भुटानी शाही परिवारका सदस्य सन् १९७३ सम्म नेपाल बसेका थिए । पछि कोही फर्किए, कोही अहिले पनि नेपालमा व्यवसाय गर्छन् ।

भुटानी नेपालीभाषी लखेटिएर नेपाल पसे, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पालामा । भुटानको माथिल्लो क्षेत्रमा डुक्पाको र तराई क्षेत्रका गेलेकफु, चमर्ची, फुन्चोलिङलगायत स्थानमा नेपालीभाषीको बसोबास छ । धेरैजसो नेपालीलाई भुटानका प्रधानमन्त्री दोर्चेले नै त्यहाँ लगेका हुन् भनिन्छ किनकि दोर्चेको घर कालिम्पोङमा पनि थियो । त्यहाँ बस्दा उनले नेपालीसँग हिमचिम गरेका थिए ।

भुटानसँग चीनको दौत्य सम्बन्ध नभए पनि सांस्कृतिक हिसाबले धेरै नजिक छ । त्यसैकारण चीनतिर लहसिने आशंकामा भारतले भुटानसँग परराष्ट्र र सुरक्षा मामलामा समझदारी गरेको छ । नेपालमा आएको प्रजातन्त्रको बाछिटा भुटान पस्यो । केही नेपालीभाषी भुटानीले प्रजातन्त्र, मानव अधिकारलगायतका मुद्दामा नेपालका नेताको सिको गरे । भुटानले नेपालीभाषीलाई दोस्रो दर्जाका नागरिकको व्यवहार गर्थ्यो । भुटानी राजाले त्यहाँका नेपालीको माग सुन्नु त परै जाओस्, भारतसँग गुप्त सहमति गरेर आफूहरूलाई लखेटिदिएको नेपालीभाषी भुटानीको गुनासो छ ।

भारतले भुटानी सत्तालाई समर्थन गर्ने हुँदा त्यहाँ रहेका नेपालीभाषी लखेट्न सहमति दियो, आफूकहाँ बस्न नपाउने सर्तमा । भुटानको फिनचोलिङ सीमा पार गर्नेबित्तिकै भारतको जयगाउँ आउँछ । जयगाउँबाट सयौं भारतीय ट्रक, बसमा कोचेर नेपालीभाषी भुटानीलाई नेपालको सीमाबिन्दु काँकडभिट्टा हुलियो, भारतीय सुरक्षाकर्मीकै सहयोगमा ।

नेपालको मोरङ, सुनसरीका विभिन्न स्थानमा क्याम्प बनाएर भुटानी नेपालीभाषीलाई शरणार्थीका रूपमा राखियो । कोही भुटानी विदेश जान पाउने लोभमा त्यत्तिकै नेपाल आए, कोही भागाभागमा परेर आए । झन्डै एक लाखलाई लखेटिए पनि भुटानमा करिब ७० हजारजति नेपालीभाषी बस्छन् ।

भुटानी शरणार्थीलाई क्रिस्चियन संस्था, विश्व खाद्य, लुथरन, रेडक्रसलगायतले चामल, दूध बाँड्थे । पछि नेपालमा शरणार्थीसम्बन्धी उच्च आयोग, नेपाल सरकार र दातृ निकायको समन्वयमा १ लाख हाराहारी भुटानी शरणार्थी अस्ट्रेलिया, क्यानडा, अमेरिकालगायत तेस्रो देश पुनर्वास गए । अहिले ७ हजारजति क्याम्पमै होलान् । गृह मन्त्रालयमा छँदा मैले भुटानी शरणार्थी क्याम्प व्यवस्थापनको जिम्मा पाएको थिएँ ।

■ **प्रस्तुति : गोकुल अर्याल**

जंगलमा रजाइँ

राजमार्ग उत्तरका वन क्षेत्र धार्मिक र जातीय समुदायको नाममा निरन्तर कब्जा

पर्वत पोर्तेल/काँकडभिट्टा

झापा मेचीनगर-१२ चारआलीमा रहेको नेपाली सेनाको ब्यारेक उत्तरपश्चिमपट्टि प्रगति सामुदायिक वन छ। वन क्षेत्रभित्र एउटा अनौठो किसिमको वरको रूखलाई देवीको रूप मात्र भनिएन, रूखमा पाथिभरा देवीको पाइला रहेको मनगढन्ते कथा रची ११ असोज ०७१ मा 'पाउ पाथिभरा मन्दिर' नै खडा गरियो।

पाउ पाथिभरा मन्दिर बनेलगत्तै बौद्धमार्गीले नजिकै गुम्बा खडा गरे। गुम्बानजिक किराँत समुदायले किराँतेश्वर मन्दिर बनाए। स्थानीय अरू धार्मिक संघ-संस्थाहरूको वक्रदृष्टि पनि वनको जमिनमै छ। केही समयअघि राजवंशी समुदाय, साई धर्मका अनुयायी र नेवार समुदायले समेत मन्दिर बनाउने उद्देश्यका साथ जमिन कब्जा गरेका थिए। तर अहिले उनीहरूलाई हटाइएको छ। वन क्षेत्रमा क्रंक्रिटका संरचना निर्माण गर्न नपाइने प्रावधानलाई बेवास्ता गर्दै तिनै मन्दिर र गुम्बाले त्यस्ता संरचना बनाएका छन्।

चारआलीको प्रगति सामुदायिक वन क्षेत्र मात्रै कहाँ हो र! बिर्तामोड-५ को निचाभ्फोडा क्षेत्रमा धिमालको प्राचीन गढ रहेको भन्दै झापाका आदिवासी धिमाल समुदायले भर्खरै मन्दिर निर्माण गरेका छन्। प्रत्येक वैशाखमा समुदायले यही जंगलभित्रको मन्दिरमा कुलदेवता (दन्कावाराङ) को पूजा गर्छन्। अर्जुनधारा-११ मा रहेको वनको करिब शून्य दशमलव ५४ हेक्टर जमिनमा किराँतेश्वर महादेव मन्दिर निर्माण गरिएको जिल्ला वन कार्यालय झापाले जनाएको छ।

झापाको वन क्षेत्र कसरी धार्मिक अतिक्रमणको चपेटामा पर्दै छन् भन्ने उदाहरण हुन्, यी। जिल्लाका प्रायः वन क्षेत्रमा देवीदेवता, खेलमैदान, हटिया र सुकुम्बासीका नाममा अतिक्रमण जारी छ। पाउ पाथिभरा मन्दिर व्यवस्थापन समितिका सचिव यमनाथ बराल भने कब्जाभन्दा पनि मासिँदै गएको वन जोगाउने उद्देश्यसाथ मन्दिर स्थापना गरिएको दाबी गर्छन्। भन्छन्, "भगवान्को मन्दिर बनाएपछि वन मासिने क्रम रोकिएको छ।"

वनको जमिनमा पाउ पाथिभरा मन्दिर स्थापना गर्न तत्कालीन प्रमुख जिल्ला अधिकारी एकमणि नेपालले समेत सहयोग गरेका थिए। मन्दिर स्थलको शिलान्यास पनि उनैले गरेका थिए। प्रगति सामुदायिक वनका अनुसार डेढ सय हेक्टरमध्ये करिब ५ हेक्टर जमिन धार्मिक एवं जातीय समुदायले अतिक्रमण गरेर मठ, मन्दिर र गुम्बा बनाइसकेका छन्।

यो क्षेत्रलाई पर्या-पर्यटकीय स्थलका रूपमा विकास गर्ने सरकारको योजना थियो। सामुदायिक वनले उपखण्डको रूपमा यो क्षेत्र छुट्याएको थियो। त्यो थाहा पाएपछि केही व्यक्तिले भ्रामक कथा रचेर मन्दिर निर्माणको योजना बुनेका थिए। "धार्मिक अतिक्रमण तीव्र छ," डिभिजन वन कार्यालय भद्रपुरका डीएफओ विष्णुलाल घिमिरे भन्छन्, "धेरै प्रयत्न गर्दा पनि हटाउन सकिएको छैन।"

पाउ पाथिभरा मन्दिर समितिको दाबी छ- धार्मिक पर्यटकीय गन्तव्यका रूपमा सरकारले छुट्याएको जमिनमा मन्दिर निर्माण गरिएको हो। तर वन कार्यालयको दाबी छ, धार्मिक पर्यटकीय गन्तव्यको नाममा जमिन छुट्टिएकै छैन। जिल्लाको कुल वन क्षेत्रमध्ये १५ दशमलव ८५ प्रतिशत जमिन मठ, मन्दिर र गुम्बाका नाममा अतिक्रमण भइरहेको छ। खासगरी राजमार्ग उत्तरका वन क्षेत्र सबभन्दा बढी अतिक्रमणको चपेटामा छन्। धार्मिक र जातीय समुदायबाट भएको वन कब्जा राजनीतिक दलको छत्रछायामा हुने गरेका छन्।

धार्मिक स्थल धनुषकोटिधाम र सताक्षीधाम मन्दिरले पनि वनको जमिन ओगटेको वन कार्यालयले जनाएको छ। कनकाईस्थित कोटिहोम क्षेत्र पनि कुनै समय वन क्षेत्र थियो। अहिले मन्दिरै मन्दिर छन्। डीएफओ घिमिरे भन्छन्, "यो क्षेत्र पनि कुनै समय वनकै थियो भनेर पत्याउनै मुस्किल छ।" विगतमा झापामा करिब ६० प्रतिशत जंगल थियो। अहिले त्यो घटेर ११ दशमलव २४ प्रतिशतमा खुम्चिएको छ।

बाहुनडाँगीस्थित तेलपानी सामुदायिक वनको जमिन ओगटेर बसेका केही परिवारलाई वनले गत वर्ष हटाएको थियो। हालै चारआली जंगल ओगटेर बसेका चार घर र खेलमैदानसमेत हटाइएको छ।

झापामा ०२८ देखि वनको जमिन अतिक्रमण हुन थालेको जिल्ला वन कार्यालयको दाबी छ। मेचीनगर, अर्जुनधारा, बुद्धशान्ति, राजगढ, कमल गाउँपालिका, शिवसताक्षी, कन्काई, दमक र भद्रपुर क्षेत्रको १ हजार ६ सय ४९ दशमलव ६८ हेक्टर जमिन सुकुम्बासीका नाममा अतिक्रमित छ। डीएफओ घिमिरे भन्छन्, "अतिक्रमण हटाउन राज्यले तत्काल नीति बनाएर कार्यान्वयन गर्नु जरुरी छ।" ने

पर्वत पोर्तेल

सम्पदामा खेलाँची

जानकी मन्दिरको मौलिकता ख्याल नराखी जथाभावी संरचना

श्यामसुन्दर शशि/जनकपुर

पटक-पटक जानकी मन्दिरको अस्तित्व र मौलिकतालाई संकटमा पार्ने कार्य किन भइरहेको छ, जनकपुरधाममा ? जानकी मन्दिर नै नरहे केको जनकपुरधाम र के रहन्छ प्रदेश २ मा ? पौराणिक संरचनाको छेडछाडको अर्थ मन्दिरलाई विश्व सम्पदा सूचीबाट बञ्चित गराउने षडयन्त्र हो ।

जानकी मन्दिरलाई विश्व सम्पदामा सूचीकृत गराउन सन् २०१४ देखि अभियान सञ्चालन गर्दै आएका 'भोर' नामक सामाजिक संस्थाका अध्यक्ष राजकुमार महतोले आफ्नो फेसबुक वालमा लेखे । जानकी मन्दिरको अव्यवस्थाका कारण पछिल्ला वर्षहरूमा मन्दिरको मौलिकतामा गम्भीर प्रभाव पर्ने खालका संरचना निर्माण गरिएका छन् । मन्दिरको ऐतिहासिकता र मौलिकताको ख्यालै नगरी जथाभावी शौचालय, भोजनालय तथा एसीलगायत उपकरण जडान भएका छन् । मन्दिर व्यवस्थापन 'जेनतेन प्रकारेण आम्दानी होस्' भन्ने मनसायले ग्रसित देखिन्छ । त्यसको ताजा उदाहरण हो- प्रदेश २ सरकारको सामाजिक विकास मन्त्रालय र मन्दिर व्यवस्थापनको मिलेमतोमा निर्माणाधीन भवनको निर्माण कार्य पुरातत्त्व विभागले रोक्नु ।

प्राचीन वास्तुकलाको अनुपम नमुना मानिने जानकी मन्दिर अझ आकर्षक बनाउने उद्देश्यले प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले गत वर्ष मन्दिर परिसरबाट 'प्रदेश स्वच्छता अभियान' सुरु गरेका थिए । अभियानअन्तर्गत जानकी मन्दिरमा मार्बल, टायल्स जडान, ढल निकास तथा प्रवेशद्वार निर्माणका लागि झन्डै ७ करोड बजेट विनियोजन गरेको छ ।

९ असार ०७४ मा गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्ट र जानकी मन्दिरका छोटे महन्त रामरोशन दासबीच मन्दिरमा विद्युतीकरण गर्ने सम्झौता भएको थियो । करिब साढे ३ करोड लगानीमा एक वर्षभित्र सम्पन्न हुने भनिए पनि हालसम्म कामै थालिएको छैन । छोटे महन्त रामरोशन दास वैष्णव संघका पदाधिकारीहरू सम्पर्कविहीन बनेको बताउँछन् ।

श्यामसुन्दर शशि

जानकी मन्दिरमा जडान गर्न राखिएको सेतो मार्बल

"जानकी मन्दिर महन्त मात्रको सम्पति होइन, यो विश्वका सम्पूर्ण हिन्दुहरूको आस्थाको केन्द्र पनि हो । यस्ता सार्वजनिक सरोकारका विषयमा पुरातत्त्वविद्, स्थानीय तथा सरोकारवालासँग सल्लाह गरेर मर्मत सम्भार वा संरचना निर्माण गर्ने कि आफूखुसी ?" युवा अभियन्ता सुशील कर्ण भन्छन् । "जानकी मन्दिरलाई विश्व सम्पदामा सूचीकृत गराउने कि हालको संरचनालाई अझ आकर्षक र व्यवस्थित बनाउने ? पहिले यस विषयको छिनोफानो गरौँ अनि मात्र मन्दिरभित्र केही थपौँ या हटाऔँ," इन्जिनियर रत्नेश्वरलाल कर्णको सुझाव छ ।

मन्दिरको बाहिरी परिसरमा खरन्जा र टायल्स जडान गर्ने, साधु भवन निर्माण गर्ने, गाईगोठ निर्माण गर्ने काम बेलाबेला हुँदै आएको छ । तीन दशकअघि गेरुवाले रंगिएको जानकी मन्दिर अचेल सेतो देखिन्छ । तर छोटे महन्थको दाबी छ, "बीचमा मन्दिरको आर्थिक अवस्था राम्रो थिएन अनि सस्तो गेरुवा रंगले रंगियो । गुरुजी (महन्थ रामतपेश्वर दास) महन्थ भएपछि पुरानै रंगमा रंगिएको हो ।" स्थानीय बुढापाका भने जानकी मन्दिरको मौलिक रंग गेरुवा नै रहेको दाबी गर्छन् ।

पुरातत्त्व विभागको स्वीकृति तथा अनुमतिविना कुनै संरचना निर्माण गर्न नहुने प्रस्ट प्राबधान हुँदाहुँदै जथाभावी रोक्न 'विज्ञ समूह' गठन गर्नुपर्ने तर्क पुरातत्त्व विभागका इन्जिनियर गोपाल झाको छ । उनका अनुसार स्थानीय सरकार, प्रदेश सरकार, पुरातत्त्व विभाग, वास्तुकला तथा संस्कृतिका जानकारहरूलाई राखेर विज्ञ समूह गठन गर्नुपर्छ । जानकी मन्दिर मात्र होइन, वरिपरिका विवाह मण्डप, तेलहा-मडहा पोखरी आदिको संरक्षण तथा सौन्दर्यीकरण गर्न विज्ञ समूहको सल्लाह अनिवार्य लिनुपर्छ ।

तथापि छोटे महन्थ भने मन्दिर व्यवस्थापन मन्दिरको मौलिकताबारे सचेत रहेको बताउँछन् । पूर्वसांसद तथा संस्कृतिका जानकार विजयकुमार सिंह सौन्दर्यीकरण अथवा मन्दिरका महन्त वा पुजारीहरूको सुख सुविधाका लागि आधुनिक संरचना निर्माण गर्नुभन्दा पनि मौलिकतालाई ख्याल गर्नुपर्ने सल्लाह दिन्छन् । ने

छाडेको बाटोको माया

अशोक राईको भूमिका खुम्चिँदै निर्णायकभन्दा ज्यादा सजावटी

जनक नेपाल

रातो लालटिन बोकेर झन्डै चार दशक उनले वाम राजनीतिमा बिताए । भूमिगत कालमा पूर्वी पहाडमा मालेको संगठन विस्तार गरे । एमालेको सातौं र आठौं महाधिवेशनमा सर्वाधिक लोकप्रिय मत उनै अशोक राईले पाएका थिए । सात वर्षअघि वर्गीय धार बदलेर पहिचानवादी राजनीतिमा हाम फालेका राईसित अब त्यो पुरानो साख र लोकप्रियता कहाँ !

भूमिगत कालदेखि संघीय समाजवादी पार्टी निर्माणसम्मै सघाएका थुप्रै नेता लाखापाखा लागिसके । तैपनि शुभचिन्तक उनी ओझेल परेकामा चिन्तित छन् । उनलाई भेटेरै 'दुःख गरेर आफैँले बनाएको पार्टी छाडेर अशोकले गल्ती गऱ्यो' भन्छन् । प्रश्नहरू यति धेरै सोधिएछन्, उनी पुस्तक लेखेरै जवाफ दिने मनस्थितिमा पुगेका छन् । "धेरैले पार्टी छाडेका छन् । तर मलाई मात्र किन यति धेरै प्रश्न सोधिन्छ ?" ती प्रश्नलाई आफूप्रतिको माया ठानेका उनी थप्छन्, "पार्टी छाडेर हिँड्नेहरू कोही चम्किन्छन्, कोही ओझेल पर्छन् । म जे छु, ठीकै छु ।"

एमाले छाडेर राईको नेतृत्वमा जनजाति बाहुल्य संघीय समाजवादी पार्टी बन्यो । ०७० को संविधानसभा निर्वाचनमा उनको पार्टीले ६८ जिल्लामा उम्मेदवार उठायो । तर एउटै उम्मेदवारले प्रत्यक्ष निर्वाचन जित्न सकेनन् । समानुपातिकतर्फ प्राप्त झन्डै एक लाख मतले उनीसहित पाँच नेतालाई संसद्मा त पुऱ्यायो । पार्टी भने टिक्न सक्ने स्थिति भएन । नेता राई मूल नेतृत्व धान्न नसक्ने स्थितिमा पुगेकैले मधेसी जनअधिकार फोरमसँग एकता गरी वरिष्ठ नेतामा ओर्लिनुपऱ्यो । गत २३ वैशाखमा नयाँ शक्ति पार्टीसँगको एकतापछि उनको वरीयता झनै खस्कियो । पार्टीभित्रको सामर्थ्य खिइँदै अहिले उनी निर्णायकभन्दा ज्यादा देखाउने 'गहना' नेता बनेका छन् ।

पहिलो संविधानसभाको आखिरीतिर पार्टीसँग असन्तुष्ट हुने उनी एक्ला नेता थिएनन् । संविधानसभाभित्र र बाहिर पहिचानको मुद्दा उनीभन्दा चर्को रूपमा उठाउने नेता थिए, पृथ्वीसुब्बा गुरुङ । एमालेसँग असन्तुष्ट भएपछि पार्टी छाडेर प्राज्ञिक काम गर्ने उनको योजना थियो । तर उनको नेतृत्वमा पार्टी गठन गरे देशभर माहोल बन्ने भन्दै जनजाति नेताहरूले उचाले । पार्टीभित्र असन्तुष्ट समूहको नेतृत्व गरिरहेका पृथ्वीसुब्बा र किरण गुरुङहरू अन्तिम समय पार्टी छाड्न तयार भएनन् । खासमा उनीहरूले राईको नेतृत्व नस्वीकारेका हुन् । पृथ्वीसुब्बा आफ्नै नेतृत्व भए मात्र नयाँ पार्टी खोल्ने मुडमा थिए । राई निकटसँग भनेका पनि थिए, 'मलाई तपाईंहरू स्वीकार्नुहुन्न । म अशोकजीलाई स्वीकार्दिनँ । उहाँको नेतृत्वमा जान्नँ ।' राईले पार्टी हाँक्न सक्छन् भन्ने किरणले पत्याएनन् । ०५४ को पार्टी विभाजनपछि दुवै वामदेव गौतम नेतृत्वको मालेमा थिए । गौतमको सचिवालयमै रहेर गुरुङले पार्टी सञ्चालन, व्यवस्थापन र आर्थिक पाटोलाई नजिकबाट देखेका थिए । पार्टीको मूल नेतृत्व बन्न राईको सामर्थ्यले पुग्दैन भन्ने सम्भवतः उनले सोचेका थिए ।

०६९ सालमा पार्टी त बन्यो तर त्यसमा राजनीतिकभन्दा जातीय भावना ज्यादा थियो । राईका दाहिने हात बनेर काम गरेका नेता अजम्बर काङमाङ राई भन्छन्, "जतिसुकै कोसिस गरे पनि पार्टी जनजाति महासंघजस्तो पो भयो । सुरुमा हामीलाई जातिवादीको आरोप लाग्यो, पछि त राई पार्टी भन्न थाले । राजनीतिक स्वरूप ग्रहण नगरेरै त्यो यात्रा टुंगियो ।"

पार्टी अध्यक्ष भए पनि राई आफैँले पार्टीको विचारधारा, नीति र सिद्धान्त ल्याएनन् । पार्टी विचार तयार गर्ने जिम्मेवारी उनले अर्का नेता राजेन्द्र श्रेष्ठलाई दिएका थिए । आफूलाई जनताको बहुदलीय जनवादको लेखन टोली सदस्य दाबी गर्ने श्रेष्ठले नयाँ विचारधारा ल्याउनुको सट्टा एमालेको उही जबजलाई तानतुन गरे । त्यसमा संघीय र समाजवाद थपथाप गरेर टालटुले विचार ल्याए, कुनै परिमार्जनबिनै पार्टी नीति विचार अनुमोदन गरियो । विचारमा नयाँपन नभेटेपछि नै हो, पूर्वपार्टीमा फर्किने लहर चलेको ।

अध्यक्ष राईसहित पार्टी पदाधिकारीले जोखिम मोलेनन् । कतिसम्म भने ०७० सालको निर्वाचनअघि केन्द्रीय कमिटीमा पदाधिकारी सबै प्रत्यक्ष चुनाव लड्नुपर्ने प्रस्ताव गरिएको थियो । तर नेताहरू डराए । आखिरमा त्यो प्रस्ताव ल्याउने अजम्बर काङमाङ राई, रिजवान अन्सारी, रकम चेम्जोङ मात्र प्रत्यक्ष लडे । "अशोक राई भूमिगत राजनीतिका लागि ठीक नेता हो । अहिले आउट डेटेडजस्तै हुनुभयो । पार्टी निर्माण गर्न चाहिने अतिरिक्त सक्रियता, व्यवस्थापन र आर्थिक जोहो गर्न सक्नुभएन," काङमाङ भन्छन्, "पार्टीको विचार नै ठीक ढंगले अघि बढाउन नसक्दा संघीय समाजवादी पार्टी टिकेन ।"

नेता राई झापा विद्रोहकालीन राजनीतिबाट माले हुँदै एमालेसम्म सँगै आए । ०५४ को पार्टी विभाजनमा मालेतर्फ गए । ०५९ मा वामदेव गौतमसँगै एमालेमा फर्किए । ०६० को जनकपुर सातौं महाधिवेशनमा सर्वाधिक मतसहित केन्द्रीय सदस्य निर्वाचत भए । ०६५ सालको बुटवल आठौं महाधिवेशनमा सर्वाधिक मतसहित उपाध्यक्ष जिते । त्यो लोकप्रियताका दुई कारण औंल्याउँछन्, उनका प्रतिस्पर्धीहरू । सातौं महाधिवेशनमा भर्खर मालेबाट फर्किएका राईले उद्घोषणको जिम्मेवारी पाएका थिए । प्रतिनिधिमाझ उनले पार्टी विभाजन गरेर माले गठन गर्नु आफूहरूको ठूलो गल्ती थियो भनेर पटक-पटक दोहोऱ्याए । त्यसले संस्थापनको दबदबा रहेको महाधिवेशन हल प्रभावित भयो र राईले सर्वाधिक मत पाए । आठौं महाधिवेशनमा उनले दुवै प्यानललाई रिझाए । वैचारिक रूपमा उनी झलनाथ खनाल प्यानलमा थिए । तर केपी ओलीलाई पनि भेटेर 'तपाईं

मेरो नेता हो' भनेर प्यानलमा नाम चढाए । दुवै प्यानलमा नाम परेपछि मनोनयन दर्ता गराए । दुवैतर्फको समर्थन पाएपछि सर्वाधिक मत ल्याउनु स्वाभाविकै थियो ।

वैचारिक रूपमा उनी जति प्रस्ट लाग्छन्, जोखिम मोल्ने कुरामा भने उत्तिकै कमजोर छन् । कित्ता छुट्टयाउन नसक्ने, समन्वयका नाममा बीचमा बस्ने र राजनीति सुरक्षित गर्ने स्वभाव उनमा छ। पूर्वी पहाडमा मालेको संगठन विस्तारमा राईको उल्लेख्य योगदान छ । ०४८ को निर्वाचनमा ओखलढुंगा र सोलुखुम्बुबाहेक अन्यत्र एमालेले जितेको थियो। उनको कामबाट तत्कालीन महासचिव मदन भण्डारीसमेत प्रभावित थिए । राई विचारमा भने अडान राख्ने नेता हुन् । ०४९ को पाँचौं महाधिवेशनमा उनै भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवादको पक्षमा उनी गएनन् । उनी सीपी मैनालीले अघि सारेको परिमार्जित नौलो जनवादको पक्षमा उभिए । ०४८ र ०५१ सालमा खोटाङबाट चुनाव जितेका राई ०५६ को चुनावमा उदयपुर झरेपछि कुनै प्रत्यक्ष चुनाव जित्न सकेका छैनन् ।

पछिल्लो समय राजनीति सुरक्षित गर्ने उनको रणनीति निस्तेज हुँदै गएका छन्। ०७४ सालको स्थानीय तहको निर्वाचनमा उनको पार्टीले आफ्नै वडामा पनि सम्मानजनक मत पाउन सकेन। त्यसले तत्कालीन संघीय समाजवादी फोरमको समीक्षा बैठकमा उनले लज्जाबोध गर्नुपर्‍यो। "स्वीकार्नै पर्छ, जनताले हामीलाई पत्याएनन्। एउटा-दुइटा चुनावको परिणामले मात्र राजनीति सफल वा असफल भन्न मिल्दैन," उनको तर्क छ, "जनमतसंग्रहमा बहुदल पक्षधर हार्‍यो। तर एक दशकपछि त पञ्चायत ढाल्यो नि।"

तर्क अरू पनि छन्, ०४८ सालको निर्वाचनमा नौ सिट भएको माओवादी ०६४ को निर्वाचनमा प्रत्यक्षतर्फ बहुमत जित्ने पार्टी बन्यो। ०६४ मा तेस्रो स्थानमा रहेको एमाले ०७४ को निर्वाचनमा सबैभन्दा ठूलो पार्टी बन्यो । ०१५ सालमा कांग्रेसले दुई तिहाइ जित्दा ४ सिट जितेको कम्युनिस्ट पार्टी ०७४ को निर्वाचनमा झन्डै दुई तिहाइको जनमत आर्जन गर्ने स्थितिमा आइपुगे। त्यसैले राम्रो मत नल्याउनु मात्र संघीय समाजवादी पार्टी संकटमा पर्नुको कारण थिएन भन्ने नेता राईको विश्लेषण छ।

धेरैको प्रश्न रहन्छ, सयौं युवालाई कम्युनिस्ट विचार भिराएर अशोक राई आफूचाहिँ गैरकम्युनिस्ट किन भए ? चार दशक हिँडेपछि उनलाई आफू हिँडेको बाटोमा भरोसा हुन छाड्यो । एमाले वस्तुगत यथार्थभन्दा टाढा रहेको ज्ञान भयो । त्योभन्दा बहुजातीय र पहिचानको राजनीतिसहित बन्दुक बोकेको माओवादी तुलनात्मक रूपमा ठीक लागेपछि उनले एमालेलाई पहिचानको मुद्दामा डोर्‍याउन चाहेका थिए। एमाले भने आफू तेस्रो हैसियतको संविधानसभाबाट संविधान बनाउनुभन्दा कांग्रेससँग मिलेर पहिलो संविधानसभा असफल पार्न लागेको राईको बुझाइ छ। परिवर्तनका मुद्दालाई जातिवादी तथा साम्प्रदायिक ढंगले विश्लेषण गरिएपछि आफू पार्टी छाड्ने स्थितिमा पुगेको उनी बताउँछन् ।

राई आफूले एमाले नफुटाएको तर्क गर्छन् । 'फोडेर होइन, छाडेर' नयाँ पार्टी बनाएकाले पार्टी संगठित हुन धैर्य चाहिन्थ्यो। धैरै नेतामा त्यो धैर्य नहुँदा पार्टी चलाउन नसकेको उनको निष्कर्ष छ । पहिलो संविधानसभाको आखिरीतिर एमालेमा आदिवासी जनजाति र मधेसीको असन्तुष्टि चुलिँदो थियो । फोड्न चाहेको भए थुप्रै नेता आउँथे भन्ने उनलाई लाग्छ । त्यो नचाहेरै आफूले 'पाकेको बाली उठाउनु छ भने एमालेमै बस्नुस्, नयाँ बाली लगाएर १५-२० वर्ष मिहिनेत गर्ने आँट छ भने मलाई साथ दिनुस्' भनेर आह्वान गरेको उनी दाबी गर्छन् । समय क्रममा त्यो आँट उनीसँगै रहेन । पहिलो नेता बनेर पाँच वर्ष पनि पार्टी टिकाउन सकेनन् ।

आफ्नो असफलताको कारण आदिवासी जनजाति आन्दोलनभित्रका तीनखाले प्रवृत्तिलाई धेरथोर दोष दिन्छन्, राई। पहिलो- चर्को ढंगले कुरा उठाउने र पार्टीमा उक्लिने भर्‍याङ बनाउने । दोस्रो- भावनात्मक रूपमा हौसिएर लाग्ने र थोरै कठिनाइ आउनासाथ पछि हट्ने । विजय सुब्बा र अजम्बर राईहरू एमालेमा फर्किनुलाई उनले त्यही प्रवृत्तिका रूपमा लिन्छन् । तेस्रो- बुद्धिसंगत ढंगले विश्लेषण गरेर नयाँ सोचका साथ चल्ने । आफूलाई तेस्रो प्रवृत्तिको नेता ठान्छन्, उनी ।

आजका राजनीतिक मुद्दा भने माओवादीले स्थापित गराएको उनी ठान्छन् । आफैंले उठाएका मुद्दा छाडेर माओवादी एमालेमा विलय भन्ठान्ने राई भन्छन्, "मैले एमालेको जस्तो संगठन र माओवादीको जस्तो एजेन्डाको पार्टी बनाउन चाहेको थिएँ। कोसिस गरिरहेकै छु।"

६२ वर्षीय राई आजीवन राजनीतिमा सक्रिय हुन चाहन्छन्। पूर्वएमालेकालीन उमेर हदको उनलाई अझै सम्झना छ । त्यसैले स्वास्थ्यले साथ दिए अझै आठ वर्ष सक्रिय राजनीति गरेर विश्राम लिने उनको योजना छ। भन्छन्, "७० पुगेपछि पनि राजनीतिभन्दा टाढा हुन नसकूँला।" ने

भ्रान्तिका ४० वर्ष

गुणराज लोहनी

नेपालको वर्ष १९, अंक ४५ मा समाजशास्त्री चैतन्य मिश्रको 'भ्रान्तिका सय वर्ष' शीर्षकमा एउटा लेख छापियो। २८ भदौको *नयाँ पत्रिका*मा उनको अन्तर्वार्ता 'नेपाल देश नरहन पनि त सक्छ' छापियो। यी लेख र अन्तर्वार्ताबाट उनले ४० वर्षयता अँगाल्दै आएको मार्क्सवाद परित्याग गरेको पुष्टि हुन्छ। लेखमा मिश्रले अक्टोबर क्रान्तिमा भएका दुइटा कुरा 'खराब' भनेका छन्- 'नागरिकको स्वतन्त्रताको हरण र सोभियत संघको औचित्य पुष्टि गर्न पुँजीवादको आयु सकियो।'

लेनिन जुरिचमा निर्वासित भएका बखत सन् १९१६ का वसन्तमा *साम्राज्यवाद-पुँजीवादको चरम अवस्था* लेखे। किताबमा आजभन्दा सय वर्षअघिको पुँजीवादको चरित्रलाई व्याख्या गरिएको छ र त्यो साम्राज्यवादमा रूपान्तरण भएको भनेका छन्। लेनिनले उक्त किताबको फ्रान्सेली र जर्मन संस्करणको भूमिकाको अन्तिम हरफमा 'साम्राज्यवाद सर्वहारा वर्गको सामाजिक क्रान्तिको पूर्वबेला हो, सन् १९१७ पछि विश्वव्यापी स्तरमा यस तथ्यको पुष्टि भइसकेको छ' लेखे। उनले त्यसबखत साम्राज्यवादी भनेर युरोपमा बेलायत, फ्रान्स, जर्मनी भनेर किटान पनि गरे। पुस्तकमा लेनिनले साम्राज्यवादको चरित्रको खोज गर्ने क्रममा त्यसका विशेषतालाई उत्पादनको केन्द्रीकरण र एकाधिकारी मण्डलहरू, बैंकहरू र तिनको नयाँ भूमिका, वित्तीय पुँजी र वित्तीय अल्पतन्त्र, पुँजी निर्यात, पुँजीपति-संघहरूबीच विश्व विभाजन, महाशक्तिहरूबीच विश्व विभाजन, साम्राज्यवाद-पुँजीवादको एक विशेष अवस्था, पुँजीवादको परजीविता तथा ह्रास, साम्राज्यवादको आलोचना र इतिहासमा साम्राज्यवादको स्थान गरी १० बुँदामा व्याख्या गरे।

स्वयं मार्क्सकै भनाइमा हेगेलको आदर्शवादी द्वन्द्ववाद, फायरबाखको अधिभूतवादी भौतिकवाद, कान्टको अज्ञेयवादी आदर्शवाद र प्रुधो-बाकुनिनको अराजकतावादी व्यक्तिवादविरुद्ध भीषण संघर्षबीचबाट ऐतिहासिक भौतिकवादी दृष्टिकोण बन्न पुगेको थियो। जर्मन दर्शनशास्त्री जर्ज विल्हेल्म फ्रिड्रिक हेगेलसँग त मार्क्स-एंगेल्सले प्रत्यक्ष वैचारिक भिडन्त गर्न पाएनन् किनभने मार्क्स १३ पुग्दै गर्दा हेगेलको निधन भएको थियो। तर लुडविक फायरबाख, प्रुधो, बाकुनिनसँग वैचारिक संघर्ष गरे। प्रुधोलाई त मार्क्सले असल मित्र र अग्रज नै मान्थे। जब उनले *दरिद्रताको दर्शन* लेखे अनि मार्क्सले पुस्तकमा रहेका दार्शनिक कमजोरी सच्याएर *दर्शनको दरिद्रता* लेखे। फायरबाखका बारेमा सन् १८८६ मा एंगेल्सले त एउटा निबन्ध नै लेखे, 'लुडविक फायरबाखः शास्त्रीय जर्मन दर्शनको अन्त्य'। त्यसैले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद नै मार्क्सवादको मुख्य दर्शन हो।

पुँजीवादको दार्शनिक आधार भनेको आदर्शवाद हो। जबसम्म पुँजीवादले विभिन्न खाले भौतिकवादलाई आफ्नो दर्शन मानेको थियो, त्यसबेलासम्म पुँजीवाद प्रगतिशील थियो। त्यस समय सामन्तवादविरुद्ध लडेकै हो। तर जब वैज्ञानिक भौतिकवाद वा ऐतिहासिक भौतिकवादको जन्म भयो, उसले आफ्नो वैचारिक सत्तामा ठूलो खतरा देख्यो। त्यसैले द्वन्द्वात्मक भौतिकवादलाई अँगाल्न नसकेर सामन्तवादको पक्षपोषण गर्ने आदर्शवादको शरणमा पुग्यो। त्यसैले लेनिनकै पालामा पुँजीवाद प्रगतिशील रहेन। उनी दार्शनिक रूपमा आदर्शवादी भएपछि साम्राज्यवादी बन्न पुगेका हुन्।

लेनिनको पालामा दोस्रो औद्योगिक क्रान्ति भएको थियो। जलविद्युत्‌को पहिलो उपयोग सन् १८७८ मा इंग्ल्यान्डमा भएको थियो। १९०० देखि जलविद्युत्‌लाई उद्योगमा प्रयोग गर्न थालियो। यसले एकातिर उत्पादनमा गुण र मात्रामा ठूलो फड्को मार्‍यो। त्यही चरणमा बेलायत, फ्रान्स, जर्मनी, जापान, अमेरिकालगायत औद्योगिक देशमा पुँजीको अतिकेन्द्रीकरण हुन पुग्यो, बजारका लागि र प्राकृतिक साधन-स्रोतमा एकल दोहन गर्न यी देशहरूका बीचमा मनमुटाव मात्र भएन, पहिलो र दोस्रो विश्वयुद्ध नै भयो। यसको भविष्यवाणी लेनिनले गरेका थिए। दोस्रो विश्वयुद्धमा त दिग्विजयको अभियानमा हिँडेका हिटलरलाई इतिहासमा कैद कसले गर्‍यो ? स्टालिन नेतृत्वको तत्कालीन सोभियत संघले हो।

लेनिनले मार्क्सवादकै आधार बनाएर पुँजीवादको विकास भएको र साम्राज्यवादी बन्दै गरेको रुसमा अक्टोबर क्रान्ति सफल पारेका थिए। अक्टोबर क्रान्ति गर्नुभन्दा पहिला लेनिनले दर्शनमा सन् १९०८ सेप्टेम्बरमा *भौतिकवाद र अनुभव सिद्ध-आलोचना* लेखे। राजनीतिक अर्थशास्त्रमा सन् १९१६ मा एउटा पम्प्लेटका रूपमा र पछि २६ अप्रिल १९१७ मा पुस्तकका रूपमा *साम्राज्यवाद-पुँजीवादको चरम अवस्था* र *समाजवादमा अगस्त*, १०१७ मा *राज्य र क्रान्ति* लेखे। यी ३ क्षेत्रमा लेनिनले मार्क्सवादलाई नयाँ विकास गरे र मार्क्सवाद-लेनिनवाद बन्न पुगेको थियो। यस लेखमा यी पुस्तकमा भएका विषय व्याख्या गर्न सकिँदैन। यतिसम्म भन्न सकिन्छ कि लेनिनका यी ३ वटा पुस्तक *वर्गसंघर्ष र ब्लांकी, बाकुनिन, कार्ल काउत्स्की, ट्रटस्की* लेखिए। यति मात्र नभएर ४ वर्ष लगातार केही बुद्धिजीवी प्रोफेसरले भौतिकवादविरुद्ध दर्जनौँ पुस्तक लेखेपछि उनीहरूका कुतर्कका विरुद्ध वैचारिक संघर्ष गर्दा जन्मिएका हुन्।

*भौतिकवाद र अनुभव सिद्ध-आलोचना*मा सुरुमै लेनिनले 'प्राध्यापकलाई १० प्रश्न' गरे। पहिलो प्रश्न नै 'के प्राध्यापक


भ्रान्तिका सय वर्ष

लेनिनवादी मिथ्या त्रास नबोकौं, जिउँदोजाग्दो पुँजीवादबाट नभागौं

> पुँजीवादको दार्शनिक आधार भनेको आदर्शवाद हो । जबसम्म पुँजीवादले विभिन्न खाले भौतिकवादलाई आफ्नो दर्शन मानेको थियो, त्यसबेलासम्म पुँजीवाद प्रगतिशील थियो ।

साहेबले मार्क्सवादको दर्शन द्वन्द्वात्मक भौतिकवादका रूपमा स्वीकार गर्नुहुन्छ ?' छ । लेनिनले मजदुर बाहुल्यको पुँजीवादी देशमा क्रान्ति सफल पारेर सर्वहारा वर्गको अधिनायकत्वसहितको समाजवाद स्थापना गरे । उनले कम्युनिस्ट पार्टीको संगठनसम्बन्धी सिद्धान्त पनि विकास गरे ।

माओले चीनजस्तो गरिब किसान बाहुल्यको अर्धसामन्ती र अर्धऔपनिवेशिक देशमा दीर्घकालीन जनयुद्धको माध्यमबाट २८ वर्ष लगाएर नयाँ जनवादी क्रान्ति गरे । पुँजीवादले सामन्तवादसँग साँठगाँठ गरेपछि पुँजीपति वर्गले पुँजीवादी क्रान्ति गर्न नसक्ने भन्दै सर्वहारा वर्गले पुँजीवादी क्रान्ति गर्नुपर्ने निष्कर्ष निकाल्दै जनसेना निर्माण गरेर अघि बढे । लेनिनले जस्तै माओले पनि मार्क्सवादी दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवादमा आयाम थपे । विद्वान् प्रोफेसरलाई सम्झाउनुपर्दैन, माओका 'अन्तर्विरोधहरूबारे, व्यवहारबारे' अगस्त १९३१ मा प्रकाशित पुस्तक दर्शनसम्बन्धी रहेका छन् । त्यसैगरी राजनीतिक अर्थशास्त्रमा युद्धकाल फेब्रुअरी १९२७ मा लेखिएको 'हुनान किसानको आन्दोलन' र क्रान्ति सफल भएपछि *साँघाई* टेक्स्ट बुक पढ्दा हुन्छ । त्यसैगरी वैज्ञानिक समाजवादमा ३० जुन १९४९ मा 'जनताको जनवादी अधिनायकत्व' तयार पार्नु भएको थियो । यस समय साम्राज्यवादीबीचको युद्ध भर्खरै सकिएको थियो ।

जेनरी रिफकिनले आफ्नो पुस्तक *तेस्रो औद्योगिक क्रान्ति*को सारांशमा लेखेका छन्- 'तेलको युगमा, विद्युत्को केन्द्रीकरण, अटोमोबाइल र उपमहानगरीय निर्माण' २० औं शताब्दीको दोस्रो औद्योगिक क्रान्तिले अभूतपूर्व सम्पत्ति पैदा गर्न र वृद्धि गर्न योगदान गरेको थियो । तर समकालीन औद्योगिक अर्थतन्त्रले तेलको चुहावट, वातावरण परिवर्तनले गम्भीर तहको धेरै संकट सामना गरिराखेको छ । सजिलै प्राप्त जीवावशेषको इन्धन, जसलाई 'कार्बन युगको अन्त, यसले भविष्यको समाज, राजनीति र वित्तीय क्षेत्रमा ठूलै उथलपुथल ल्याउँछ ।' जेनरी कुनै मार्क्सवादी होइनन् । उनको यो भनाइले पुँजीवाद कमजोर छ कि सबल बनिराखेको छ भन्ने देखाउँदैन र ? एक्काइसौं शताब्दीको यो दोस्रो दशकको पनि अन्त्यतिर छौं । चौथो औद्योगिक क्रान्ति भनेको 'हानिकारक प्रविधि' जस्तै, इन्टरनेट अफ थिङ्ग्स, भर्चुअल रियालिटी र आर्टिफिसियल इन्टेलिजेन्सले हाम्रो जीवन, हामी र कामलाई बदलिदिएको छ ।

लेनिनले पुँजीवादलाई परजीवी पनि भने । परजीवी अर्काको शरीरमा भर पर्ने मात्र होइन कि मर्दै गएर एउटा जीवकोष मात्र बाँकी रहे पनि फेरि ब्युँतिन्छ । पुनर्जीवन पाउँछ । उदाहरणका लागि, टेनिया-सोलियम, जसलाई नेपालीमा नाम्ले किरा भन्छन् । यसलाई शरीरबाट शल्यक्रिया गरेर वा एबिन्डाजोल खुवाएर मार्न सकिन्छ । दोस्रो विश्वयुद्धको समाप्तिसँगै विश्वका १६ राष्ट्रमा समाजवाद स्थापना भएर परजीवी पुँजीवादको मुख मरेको थियो ।

भनिराख्नु पर्दैन, पुँजीवाद दोस्रो विश्वयुद्धपछि सर्वाधिक संकटमा छ । उदारवाद हुँदै नवउदारवादको रूपमा पुँजीवादले काँचुली फेर्न थाल्यो । त्यसले पनि पुँजीवादलाई बचाउन नसकेको यसको वकालत गर्ने एक लेखक नोम चोम्स्कीले सन् १९९९ मा नवउदारवाद र विश्व व्यवस्थाबारे *प्रोफिट ओभर पिपल* लेखेर उजागर गरेका छन् । उनले नवउदारवादको नाममा विश्व पुँजीवाद निगम पुँजीको शरणमा परेको पुष्टि गरेका छन् । उनको उक्त पुस्तकको 'अल्टिमाइट विपन' लेखमा पुँजीवाद कसरी जीवनमरणको संघर्षमा छटपटाइरहेको छ भन्ने उल्लेख छ । थोमस पिकेटीका *क्यापिटल इन ट्वान्टी-फस्ट सेन्चुरी, इनिक्वालिटी*, हा-जुन चाङको *ट्वान्टी थ्री थिङ्ग्स दे डोन्ट टेल यु एवाउट क्यापिटालिज्म* मुख्य र चर्चित पुस्तक हुन् । पुँजीवादी लेखकले नै यस्ता दर्जनौं किताब लेखेका छन् । सन् १९९२ मा समाजवादको विरोध गर्दै *द इन्ड अफ हिस्ट्री एन्ड द लास्ट म्यान* लेखेर पुँजीवादको प्राण भर्ने फ्रान्सिस फुकुयामाले १७ अक्टोबर २०१८ मा स्टेटम्यानलाई अन्तर्वार्ता दिँदै भनेका छन्- 'यो समय मार्क्सले अत्यधिक उत्पादनको संकटले मजदुरमा हुने गरिबीले मागमा ठूलो संकट आउँछ भन्ने गरेको भनाइप्रति विश्वास लाग्न थालेको छ ।' पत्रिकामा उनको त्यो अन्तर्वार्ताको शीर्षक नै 'समाजवाद आउनुपर्छ' भन्ने थियो ।

सन् १९७८ पछि पुँजीवादले नाम्ले किरा जसरी पुनर्जीवन पाएको सही हो । बीसौं शताब्दीको अन्त्यसँगै पुँजीवादले उदारवाद, नवउदारवाद हुँदै नयाँ रूप लिएको छ । मूल रूपमा २००० को प्रवेशसँगै विज्ञान-प्रविधि, सूचना प्रविधिमा भएको क्रान्ति, चौथो औद्योगिक क्रान्तिमा इन्टरनेट अफ थिङ्ग्स, भर्चुअल रियालिटी र आर्टिफिसियल इन्टेलिजेन्सको विकास र पहुँच, यसले उत्पादनमा पारेको प्रभाव, थोमस पिकेटीले भनेजस्तै सञ्चित पुँजीको वृद्धिदर श्रमबाट हुने आम्दानी वृद्धिदरभन्दा बढी भएको छ । र, वृद्धि भएको पुँजी बिल गेट्स, मार्क जुगरवर्गजस्ता पछिल्लो क्रममा धनी हुन पुगेकाको हातमा सञ्चित हुन पुगेको छ । रमाइलो के भने यिनै धनी मान्छे उपभोग्य उद्योग चलाएरभन्दा पनि सूचना प्रविधिको व्यापार गर्छन् । यिनै धनीहरूका विभिन्न कर्पोरेटले विश्वका वैभवशाली भनिने अमेरिका, फ्रान्स, जर्मनी, बेलायत, दक्षिण एसियामा भारतका सत्ता चलाएका छन् ।

मार्क्सवाद आधारभूत सिद्धान्तलाई यो नयाँ विशेषतासहितको पुँजीवादलाई ढाल्न सही प्रयोग गर्नुपर्छ । पुँजीवादले पुनर्जन्म लियो भनेर विचार नै परित्याग गर्न जरुरी छैन । बरु थप विकास गर्नुपर्छ । अहिलेको विश्वका नयाँ विशेषतामा तथ्यपरक खोज गर्नुपर्छ । जस्तो, शिक्षाको पहुँच, यातायात, सूचना प्रविधि र विज्ञान प्रविधिले नयाँ खाले श्रमजीवी जन्मिएका छन् । शोषण छ तर यसको स्वरूप फरक छ । निगम पुँजीले राज्यहरूलाई नियन्त्रणमा राखेको छ । राज्यभन्दा पनि निगमबाट चुहिने पुँजी चाट्नमा राज्य सञ्चालकहरू लागिपरेका छन् । यी तथ्यको खोज गरेर तदअनुरूप दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादमा विकास गर्न जरुरी छ । ने

मारमुंग्रीकै हुँकार

जिम्मेवार पदमा बस्नेहरू जवाफदेही हुनुको साटो सर्वसाधारण भड्काउँदै

ज्ञानेन्द्र शाहीको फेसबुकबाट

नेकपा कार्यकर्ताको कुटपिटपछि ज्ञानेन्द्र शाही

माधव बस्नेत

'अराजक तत्त्वहरूबाट जुन खालका गतिविधि देखा पर्न थालेका छन्, त्यसलाई परास्त गर्न प्रतिवाद गर्नुपर्ने समय आइसकेको छ।'

'जनतामा भ्रम छर्ने र हत्केलाले सूर्य छेक्न खोज्ने अराजक तत्त्वको प्रतिवाद गर्न र उनीहरूबाट सतर्क रहन विशेषगरी युवा र विद्यार्थी साथीहरूलाई विशेष अपिल गर्दछु।'

यी दुवै अभिव्यक्ति नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का हुन्। उनले पहिलो अभिव्यक्ति प्रदेश १ का इन्चार्ज भीम आचार्यलाई दायाँपट्टि साक्षी राखेर ५ असोजमा विराटनगर विमानस्थलमा दिए। दोस्रो उर्दी त्यसको ठीक ६ दिनअघि ३० भदौमा आफ्ना पूर्वसहकर्मी पोष्टबहादुर बोगटीको सम्झनामा काठमाडौँमा आयोजित कार्यक्रममा दिँदै थिए।

प्रचण्डको निर्देशन आएको साता नबित्दै ११ असोजमा प्रचण्डकै गृहजिल्ला चितवनको भरतपुरस्थित चौबिसकोठीमा सरकारका आलोचक ज्ञानेन्द्र शाहीमाथि हमला भयो। सरकारले अघि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली' नारालाई 'काउन्टर' दिँदै शाहीले 'नेपालका लागि नेपाली' अभियान चलाउँदै आएका छन्।

त्यस दिन शाहीको अभियानले भरतपुर स्थित चौबिसकोठीमा 'भ्रष्टाचार, बेथिति र लुटतन्त्रको विरोधमा नागरिक खबरदारी' कार्यक्रमको तयारी गरेको थियो। कार्यक्रमलाई शाही, वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीलगायतले सम्बोधन गर्ने बताइएको थियो।

दिउँसो १२ बजेतिर सभाको तयारी चल्दै गर्दा नेपाल कम्युनिस्ट पार्टी 'नेकपा' मा आबद्ध युवाहरु 'ज्ञानेन्द्र शाही मुर्दावाद, राजावादीलाई बहिष्कार गरौँ' लगायत नारा लगाउँदै कार्यक्रम स्थल पुगे। त्यहीँ रहेका प्रहरीले उनीहरूलाई तितरबितर बनाए। स्थानीय प्रशासनले सभा नगर्न भन्यो। अभियानका सदस्यहरू कार्यक्रम नगर्ने टुंगोमा पुगे। वरिष्ठ अधिवक्ता भण्डारीलगायत भरतपुर विमानस्थलबाट काठमाडौँ फर्किए। शाहीको टोली भने गाडीबाट फर्कने भयो।

त्यसअघि भरतपुरको चौबिसकोठीको होटल ग्लोबलमा पत्रकार सम्मेलन गर्ने तयारी गऱ्यो। पत्रकार सम्मेलनका लागि होटलमा के पुगेको थियो, हातमा ढुंगा, इट्टा तथा रड बोकेका युवाहरूले शाहीमाथि निशाना केन्द्रित गरी आक्रमण गरे। कतिसम्म भने आक्रमणकारी जमातले शाही चढेको गाडीसमेत तोडफोड गरे। घाइते शाहीलाई उपचारार्थ राजधानी ल्याउनु पऱ्यो।

३० भदौमा ललितपुरमा पत्रकार सम्मेलन गरिरहँदा पनि शाहीमाथि आक्रमणको प्रयास भएको थियो। उनले त्यसकै अघिल्लो दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईमाथि नेपालगन्जमा बुद्ध एअरको विमानभित्र दुर्व्यवहार गरेका थिए। त्यसैको बदलाभावमा नेकपा निकट युवाहरूको समूहले उनीमाथि हुलहुज्जत गरेको थियो।

कांग्रेस केन्द्रीय सदस्य एवं पूर्वमन्त्री मीनेन्द्र रिजालमाथि नेकपा कार्यकर्ताले १२ असोजमा तनहुँको ऋषिङ गाउँपालिकामा आक्रमण प्रयास गरे। लज्जास्पद त के भने रिजालमाथि आक्रमणमा उत्रिएका नेकपा कार्यकर्ताका हात-हातमा बियरका बोतल थिए।

२६ भदौमा बाँकेको खजुरा गाउँपालिकामा कांग्रेसले आयोजना गरेको राष्ट्रिय जनजागरण अभियानका जिल्ला सभापति किरण कोइरालामाथि सांघातिक हमला भयो। खजुराको सीतापुरस्थित रेडक्रसको सभाकक्षमा कार्यक्रम भइरहँदा कोइरालामाथि आक्रमण भएको थियो। त्यस क्रममा सभापति कोइरालाको बायाँ हात भाँचियो। कांग्रेसले आफूहरूको जनजागरण अभियानबाट अत्तालिएर नेकपा कार्यकर्ताले आक्रमण गरी सभापति कोइरालाको हात भाँचिदिएको र प्रशासनले आक्रमणकारी विरुद्धको जाहेरीसमेत लिन नमानेको भन्दै विज्ञप्ति प्रकाशित गरेर आपत्ति जनायो।

कतिसम्म भने यस घटनाका दोषीलाई प्रशासनिक कारबाही नभएसम्म संघीय संसद्समेत चल्न नदिने अडान लिएको थियो। २९ भदौमा गृहमन्त्री रामबहादुर थापाले बाँके सभापति कोइराला आक्रमणबारे संघीय सदनलाई जानकारी नै गराउनु पर्‍यो। 'सरकारले दोषीलाई कारबाही प्रक्रिया अघि बढाइसकेको छ,' गृहमन्त्री थापा सदनमा कांग्रेसलाई आश्वस्त तुल्याउँदै थिए, 'जोसुकै होस्, कानुन मिच्ने र शान्ति सुरक्षामा खलल पुर्‍याउनेविरूद्ध कारबाही हुन्छ।'

संयोग के भने ११ असोजमा चितवनमा आक्रमण हुनु केही समयअघि मात्र प्रचण्डपुत्री तथा भरतपुर महानगरपालिकाकी मेयर रेणु दाहाल 'ज्ञानेन्द्र शाहीलाई चितवन प्रवेशमा प्रतिबन्ध लगाउने' उद्‌घोष गर्दै थिइन्। उनको यो उदघोष आफूमाथि असहमत हुने जो कसैलाई लखेट्ने, भौतिक आक्रमण गर्ने 'जनयुद्ध'कालीन शैलीभन्दा कुनै पनि अर्थमा कम थिएन।

'एउटा अरिंगाललाई चलाउनुभयो भने सिंगै गोलो खनिन्छ। तर हामीसँग अरिंगालको गोलोजति पनि बुद्धि छ कि छैन ? त्यो हामीले हेर्नुपर्छ,' ३० भदौ ०७५ मा पूर्वमाओवादी नेता बोगटीको चौथो स्मृति कार्यक्रममा प्रधानमन्त्री केपी ओली नेता/कार्यकर्तालाई प्रश्न गर्दै थिए, 'एउटा अरिंगाल मार्‍यो भने त्यसलाई मार्‍यो ठीकै छ नि, अर्केलाई हमला गर्‍यो, ठीकै छ भन्ने गर्छौं कि एकजुट भएर लाग्छौं ?' आफूसँग असहमतहरूप्रति अरिंगालजस्तै जाइलाग्नु भन्ने प्रधानमन्त्री ओलीको त्यो प्रस्तुति यति बेला थेगोकै रूपमा प्रचलित भइरहेको छ। सत्ता पक्षका नेता/कार्यकर्ताले राम्रै बोले पनि अरिंगालको उपाधि पाउन थालेका छन्। 'देशी/विदेशी प्रतिक्रियावादीहरूले पार्टी र सरकारविरुद्ध हमला गरिरहँदा पनि नेता/कार्यकर्ताले एकताबद्ध भएर जवाफ नदिएको' भन्दै त्यस यता पनि बारम्बार प्रधानमन्त्री ओलीले प्रतिकारमा उत्रन निर्देशन दिइरहेका छन्। उनले दुई साताअघि पनि यस्तै अभिव्यक्ति दिए।

> नेताहरूले नै प्रतिकार गर भनेर निर्देशन दिँदा गलत सन्देश जान्छ। अवाञ्छित तत्त्वहरू सल्बलाउन पुगेमा तिनलाई कानुनी कारबाही गर्ने हो।
>
> – **अजम्बर काङमाङ राई**
> केन्द्रीय सदस्य, नेकपा

प्रतिपक्षी कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माका शब्दमा कांग्रेस सरकारमा भएका बेला पनि सरकारविरुद्ध प्रशस्तै आलोचना हुन्थे। संगठित रूपमै सरकारविरुद्ध नारा-जुलुस पनि हुन्थे। तोडफोडमा उत्रनेविरुद्ध प्रशासनले कानुनी कारबाही गर्थ्यो तर कांग्रेसका कुनै पनि नेताहरूले आफ्नो आलोचना गर्ने व्यक्तिविरुद्ध संगठित रूपमा आक्रमण गर भनेर कुनै पनि कार्यकर्तालाई निर्देशन दिँदैनथे। "अहिले सत्तारुढ पार्टीका नेताहरूले जुन अभिव्यक्ति दिइरहेका छन्, लोकतान्त्रिक दर्शन र कम्युनिस्ट दर्शनमा रहेको भिन्नताकै कारण उनीहरूले कार्यकर्ताहरूलाई संगठित प्रतिकारमा उत्रन निर्देशन दिएका हुन्," शर्मा भन्छन्, "लोकतन्त्रमा जनतालाई विरोध गर्ने अधिकार हुन्छ। विरोध गलत बाटोमा गयो भने त्यसलाई कानुनले नियन्त्रणमा लिनुपर्छ तर कार्यकर्तालाई प्रतिकार गर भनेर निर्देशन दिनु आफैं कानुन हातमा लिने शैली हो। यो शैलीले कानुनी राजलाई निरुत्साहित गर्छ।"

बिनाहातहतियार जुनसुकै भूभागमा हिँडडुल गर्न पाउने अधिकार संविधानप्रदत्त छ तर कसैलाई कुनै जिल्ला वा स्थान विशेषमा प्रतिबन्ध लगाउँछु भन्ने अभिव्यक्तिले कानुनको पालना गराउने व्यक्तिहरूबाटै उल्लंघन भइरहेको छ।

पशुपति शर्माले ०७५ फागुन पहिलो साता 'लुट कान्छा लुट' बोलको गीत सार्वजनिक गरे। गीत सार्वजनिक भएलगत्तै तत्कालीन नेकपा एमालेनिकट युवा संघ नेता/कार्यकर्ताहरूले उनको गीतलाई प्रतिबन्ध लगाउने प्रयास मात्र गरेनन्, शर्माका सबै गीत बहिष्कार गर्ने, आक्रमण गर्ने अभिव्यक्ति दिए।

युवा संघ नेपालका पूर्वअध्यक्ष तथा नेकपाका केन्द्रीय सदस्य अजम्बर काङमाङ राईका शब्दमा नागरिकले जथाभावी गर्न खोजे उसलाई नियन्त्रण गर्न राज्यले कानुन बनाउनु पर्छ। ती कानुन ठूला, साना जो कसैका हकमा लागू हुनुपर्छ तर नेताहरू स्वयंले व्यक्ति विशेषलाई प्रतिकार गर भनेर निर्देशन दिनु हुँदैन। "नागरिक आकांक्षा बढाइदिने तर सर्भिस डेलिभरी दिन नसक्दा आक्रोशित र निराश नागरिकहरू प्रतिकारमा उत्रन्छन्," राईको कथन छ, "यही बेला स्वार्थप्रेरित भएर अवाञ्छित तत्त्वहरू सल्बलाउन पुग्छन्। तिनलाई कानुनी कारबाही गर्ने हो। नेताहरूले नै प्रतिकार गर भनेर निर्देशन दिँदा गलत सन्देश जान्छ।"

राज्यका अनेक कानुन छन्। प्रहरी, राष्ट्रिय अनुसन्धान विभागलगायत निकाय छन्। राज्य/सरकारलाई को-को र कहाँ-कहाँबाट खतरा छ, त्यसको कुनै सूचना भए पहिल्याउने दायित्व तिनै निकायको हो। सत्तासमर्थक पार्टीका नेता कार्यकर्ताले राज्यका संयन्त्रमा भर गर्ने प्रयासमा लागेको भने देखिन्न। "राजनेताको परिचय प्रतिकारको अभिव्यक्तिले होइन, परिमार्जनको संस्कृतिले दिनुपर्छ," कांग्रेस प्रवक्ता शर्मा थप्छन्, "अहिले सत्तारुढ दलका नेताहरूले दिइरहेका निर्देशन राज्य असफल बनाउने खालका छन्।" ने



रातो रौनक

सरोज बैजु

दसैँका दृश्यहरू क्रमशः बदलिँदै छन्। १५ दिन लामो यो राष्ट्रिय चाड मनाइरहँदा कतै अभूतपूर्व खुसीयाली त कतै जेनतेन परम्परा धान्नुपर्ने बाध्यता देखिन्थे। दसैँको मौका छोपेर निरीह नागरिकको ढाड सेकाउने कालाबजारीदेखि यातायातको चर्को भाडा असुल्ने पनि कम देखिएनन्।

त्यसो त दसैँ मनाउने सन्दर्भमा सामाजिक रूपमै धेरै हेरफेर देखिइसकेको छ। पारिवारिक मिलन र समझदारीको पर्व मानिने दसैँमा प्रतिस्पर्धा र तडकभडक डरलाग्दो गरी बढ्दै छ। आडम्बर नदेखाई दसैँ नै नहुने जस्तो स्थिति आइसक्यो।

खासमा बर्खे कृषिकर्मपछिको शारदीय पर्व हो, दसैँ। यही मौसममा अन्य समुदायका पर्वहरू पनि पर्छन्। दाल, भातदेखि खसी र मरमसलासम्म बाहिरबाट ल्याएर हामी चाडपर्व मनाउँदै छौँ। विदेशबाट आयात गरेको चंगा उडाएर भए पनि खुसी खोज्ने कोसिस छ, हाम्रो। दसैँको रातो रौनकले ठूलाबडालाई भन्दा पनि बालबालिकालाई छोइहाल्छ। उनीहरूकै निर्दोष फ्याकफुरुकमा पर्वको मर्म जो लुकेको छ। हेरौँ हाम्रो महापर्वलाई, यी तस्बिरहरूमा।

केन्द्रीयतावादी उपेन्द्र

एक न एक दिन मधेसले राष्ट्रिय राजनीतिमा सशक्त हस्तक्षेप गर्ने निश्चितप्रायः थियो । सशक्त हस्तक्षेप कसरी गर्नेबारे हस्तक्षेपकारीहरू भने अलमलमा थिए । लामो समय अल्झिएका थिए । कतै विचारको अलमल थियो, कतै नेतृत्वको । कतै संगठनको अभावले अल्झिएका थिए, कतै आन्दोलन जुझारू नभएकाले । तर ०६३ सालको परिवर्तनलगत्तै मधेसीहरू जसरी जुर्मुराए, त्यो धेरैले चिताएका थिएनन् । मधेसीहरू लामो निद्राबाट जागे । अझ ०७२ सालसम्म आइपुग्दा मधेसकेन्द्रित आन्दोलन नेपाल-भारत सम्बन्धलाई तरंगित गर्ने कारकसमेत बन्यो । यो धेरैको कल्पनाबाहिर थियो । यसरी विगत एक दशकमा धेरैले नचिताए पनि मधेस राष्ट्रिय राजनीतिको केन्द्रमा रह्यो ।

भास्कर गौतम

मधेसको परिचर्चा सँगसँगै उपेन्द्र यादवको नेतृत्व पनि सदैव जोडिएर आयो । विगत एक दशकमा उपेन्द्रबारे धेरै कुरा भनिए- उनी मधेसका मसिहा हुन्, उनले मधेसीलाई फगत मतदाताबाट नागरिकमा रूपान्तरित गर्ने अभ्यासलाई बलियो बनाए, मधेसीलाई नागरिक बन्न अभिप्रेरित मात्र गरेनन्, उनीहरूमा आफ्नो भविष्य आफैँ बनाउने आकांक्षा भरे, मधेसीहरू आफ्नोबारे सोच्न सक्षम छन् भन्ने नजिर बसाले, मधेसीहरूको आफ्नै राजनीतिक दल स्थापित गरे, त्यो पनि पछिल्ला केही चुनावमा राम्रै नतिजा ल्याएर । मधेसीहरूको अधिकार हासिल गर्ने संघर्षलाई नयाँ उचाइ दिलाएर ।

माननीय उपेन्द्रबारे प्रशंसा गरिरहँदा तिनै प्रशंसकहरू भन्छन्, उनले मधेसलाई सत्तामुखी राजनीतिको भऱ्याङ बनाए । सत्ताबाहिर बस्दा मधेसी हकको चर्को कुरा गर्ने, जनसमर्थन बटुल्ने र सत्तामा जाने आधार बनाउने, सत्तामा गएपछि मधेसी हक सुनिश्चित गर्न तात्त्विक काम केही नगर्ने । उपेन्द्रको आधारभूत पहिचान यस्तै रह्यो । यस्तो मान्यता राख्ने सर्वसाधारण मधेसमा सर्वत्र पाइन्छन् । उपेन्द्रको संगठन बलियो छ भनिरहँदा मधेसीहरू भन्छन्- मधेसमा यादव जातिको बलियो संख्यात्मक उपस्थितिले मात्र उनको सांगठनिक आधार बलियो भएको हो । अन्यथा, उनको नेतृत्व ऊर्जस्वी, जनउत्तरदायी र निष्ठावान नरहेको स्वीकार्नेको कुनै कमी छैन ।

हिजो 'संविधान संशोधन होइन, पुनर्लेखन' भन्दै उपेन्द्र उर्लन्थे । कुरो त ठीकै हो भन्दै मधेसी जनगणले उनलाई अचाक्ली साथ दिए । संविधान घोषणाताका सीमावर्ती क्षेत्रमा आन्दोलनले नौलो शैली लियो । मधेस आन्दोलनले नयाँ उचाइ हासिल गऱ्यो । त्यही आन्दोलनको बलमा उनले चुनाव जिते । आफूले विरोध जनाएको संविधानलाई वैधानिकता दिँदै पुनः सत्तासीन भए- उपप्रधानमन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रीको रूपमा ।

माननीय मन्त्री भएपछि संविधान संशोधनको प्राथमिकता हरायो । पुनर्लेखनको माग उनी सत्तासीन हुने निश्चित भएसँगै अलप भयो । सरसर्ती हेर्दा उनको धेरैभन्दा धेरै लगाव विदेश भ्रमणमा देखियो । अनि उनको ल्याकत विभेदकारी राज्यलाई थप केन्द्रीकृत गर्ने सवालमा बढी देखिन्छ । के उपेन्द्र संघीय लोकतान्त्रिक गणतन्त्रलाई पुरानै शैलीको केन्द्रीकृत शासकीय पद्धतिमा ढाल्न उपप्रधानमन्त्री बनेका हुन् ? अहिलेको यक्ष प्रश्न यही हो ।

लोकतान्त्रिक अवस्थामा राजनीतिक परिचालनको प्रारम्भमा लोकप्रिय हुन जति सजिलो छ, उत्तरार्धसम्म त्यसलाई कायम राख्न त्यत्ति नै गाह्रो । आमूल परिवर्तनको जगमा लोकप्रिय बनेकाहरू सत्तासीन भएपछि लोकप्रिय रहिरहन अझ कठिन छ । उपेन्द्रको हकमा पनि यही लागू हुन्छ । उपेन्द्रले सत्तामा उक्लिएपछि परिवर्तनको पक्षमा जस्तो कार्य गरेर सर्वसाधारणको जीवनमा तात्त्विक अन्तर ल्याउनुपर्थ्यो, त्यस्तो केही गरिरहेका छैनन् । कुनै पनि नेतृत्वको लागि एकथरि काम आन्दोलनका वाचालाई सार्थक बनाउन पहल गर्नु हो । अर्कोथरि काम, आफ्नो कार्यकालले पाएको ऐतिहासिक अवसरलाई सदुपयोग गर्नु हो ।

उपेन्द्रको हकमा आन्दोलनका वाचाहरूलाई सार्थक बनाउने सुविधा छ । ऐतिहासिक अवसरलाई सदुपयोग गर्ने मौका पनि । तथापि दुवै पक्षलाई उनले नजरअन्दाज गरिरहेको अवस्था छ ।

आन्दोलनका तमाम वाचाहरू उपेन्द्रका लागि संघीयता नामको एक सूत्रमा बाँधिएर आएका थिए, अद्यापि छन् । तर संघीयतालाई संस्थागत गर्ने हकमा उपेन्द्र उदासीन देखिन्छन् । संघीयतालाई कसरी संस्थागत गर्ने सवालमा उनलाई कुनै रुचि छैन । धेरथोर चासो छ भने पनि त्यसलाई सार्थक बनाउने कुनै तत्परता देखिएको छैन । विद्यमान मन्त्रिपरिषद्मा उपेन्द्र थोरैमध्ये त्यस्ता पात्र हुन्, जसले संघीयता हासिल गर्न पटक-पटक आन्दोलन गरे । त्यसैलाई साकार पार्न उनी सत्तासीन भएको बुझाइ पनि छ । तर मन्त्रिपरिषद्को कुनै पनि बैठकमा उनले संघीयतालाई विधिमा ढाल्ने प्रश्न उठाएका छैनन् । संघीयताको पक्षमा

के उपेन्द्र संघीय गणतन्त्रलाई पुरानै केन्द्रीकृत पद्धतिमा ढाल्न उपप्रधानमन्त्री बनेका हुन् ? अहिलेको यक्ष प्रश्न यही हो ।

मन्त्रिपरिषद्मा त्यस्तो बहस गरेका छैनन् । न त संघीयताको विपक्षमा छाएको शंका-उपशंकालाई सम्बोधन गर्ने गतिलो प्रयास गरेका छन् । मधेसी, मुस्लिमलाई संघीय गणतन्त्रमाथि कुनै खतरा छैन भनेर पूर्णतः आश्वस्त बनाउन सकेका छैनन् । बरु हिजोभन्दा आज राज्यलाई थप केन्द्रित बनाउन मनग्गे सघाएका छन् ।

वर्तमानमा सरकारले संघीयतालाई बलियो बनाउन सार्थक भूमिका नखेलेको आवाज विभिन्न तह-तप्काबाट आइरहेको छ । राज्यका विभिन्न निकायबाट समेत आइरहेको छ । 'संघीय सरकारले प्रदेश सरकारलाई असहयोग गरिरहेको छ' भनेर जब प्रत्येक प्रदेशका मुख्यमन्त्रीले भन्छन्, ती सबै आवाज सही प्रतीत हुन्छन् । उपेन्द्र उपप्रधानमन्त्री रहेको सरकारको संघीयता विरोधी चरित्र थप उदांगिरहेको छ । कहिले कानुन निर्माणलाई लिएर र कहिले कर्मचारी समायोजनलाई लिएर । कहिले बजेट वितरणको सवालमा, कहिले स्रोत बाँडफाँटको विषयमा । समग्रमा, संघीयतालाई संस्थागत बनाउने प्रक्रियालाई सहज बनाउन सहयोग नगरेको । मूलभूत रूपमा प्रशासनतन्त्रलाई संघीय संरचनाअनुसार अनुकूल बनाउन नसकेको । कतै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई पूर्णता नदिएको । कतै संविधानअनुसार विभिन्न सीमान्तकृत समुदायको उत्थानमा बनाउनुपर्ने आयोग गठन नगरेको । सारमा, यी तमाम विषयमा उपेन्द्रले सक्रिय नभएर संघीयतालाई संस्थागत गर्ने नेतृत्वदायी भूमिका नखेलेको । हुँदाहुँदै प्रदेश २ मा समेत मुख्यमन्त्रीलाई उनले र उनको दलले स्थिति सहज बनाउन नसघाएको ।

कतिपय अवस्थामा उपेन्द्रले संघीयतालाई संस्थागत गर्ने प्रक्रियालाई उल्टाउँदै राज्यलाई थप केन्द्रीकृत बनाउन भूमिका खेलिरहेका छन् । उदाहरणका लागि, उनकै सहर विराटनगरमा प्रदेश सरकार मातहत रहेको कोसी अञ्चल अस्पताललाई उनले संघीय सरकार मातहत ताने । यसो गरिरहँदा उनले प्रदेश सरकारलाई न कुनै जानकारी दिए, न त प्रदेश सरकारको अनुमति लिए । उक्त अस्पतालको स्तरोन्नति गर्दै प्रदेशस्तरीय बनाउन प्रदेश १ को सामाजिक विकास मन्त्रालयलाई संघीय सरकारले सात करोड बजेट विनियोजन गरेको थियो । उपेन्द्रले कोसी अञ्चल अस्पताललाई पुनः केन्द्रको मातहतमा ल्याएपछि सो बजेट के गर्नेबारे सामाजिक विकासमन्त्री जीवन घिमिरे र मन्त्रालयका उच्च अधिकृतहरू अलमलमा छन् । उल्झनमा समेत छन् ।

उपेन्द्रले कोसी अञ्चल अस्पताल मात्र नभएर धेरै अस्पताललाई संघीय सरकारको मातहत फिर्ता ल्याएका छन् । स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य समन्वयन महाशाखाले पहिल्यै नै डडेल्धुरा उपक्षेत्रीय अस्पताल, भेरी अञ्चल अस्पताल, भरतपुर अस्पताल, नारायणी उपक्षेत्रीय अस्पताल र कोसी अञ्चल अस्पतालको स्तरोन्नतिको योजना बनाएको थियो । त्यसैअनुरुप बजेटसमेत विनियोजित थियो । तर संघीयताका मसिहा ठानिएका उपेन्द्रले प्रदेश सरकारको सल्लाहबेगर प्रदेश सरकारलाई जानकारीसमेत नदिएर अधिकार केन्द्रीकृत गरिरहेका छन् । प्रदेशका मन्त्री र कर्मचारीहरूलाई लाग्छ, केन्द्रमा बस्ने मन्त्री र उच्चपदस्थ कर्मचारीहरूको स्वार्थ मिलेकोले प्रदेशले पाएको अधिकारमाथिसमेत उपेन्द्रले प्रहार गरिरहेका छन् । मधेस आन्दोलनको विपक्षमा केन्द्रलाई बलियो बनाइरहे ।

उपेन्द्र नयाँ ऐतिहासिक अवसर सदुपयोग गर्नसमेत चुकेका छन् । डेंगुको महामारीले लिएर आएको मौका ठम्याउन उनी असफलप्रायः रहे । कुनै पनि ऊर्जस्वी नेतृत्वले प्रत्येक ठूलो चुनौतीलाई अवसरमा बदल्छ । धेरै जिल्लामा महामारीको रूपमा फैलिएको डेंगु उपेन्द्रसामु त्यस्तै सम्भावना थियो, यद्यापि छ । डेंगुलाई सम्बोधन गर्ने क्रममा देशभर र मूलतः तराईभर जुन किसिमले स्वास्थ्य क्षेत्रलाई उनले विकेन्द्रीकृत गर्न सक्थे, त्यस्तो गर्ने तदारुकता उनले देखाएनन् । त्यसैले जुन सामर्थ्यसहित आपतकालीन स्थिति नियन्त्रण गर्न सार्थक भूमिका खेल्न सक्थे, त्यस्तो भूमिका उपेन्द्रले खेलेनन् ।

डेंगु संघीयतालाई संस्थागत गर्ने नयाँ अवसरसमेत थियो, अद्यापि छ । देशको आधाभन्दा बढी भागमा माननीय उपेन्द्रलाई स्रोत-साधन र जनशक्ति परिचालन गर्ने मौका छ । उनले कुशल नेतृत्व देखाउँदै हस्तक्षेप गरे अधिकांश ठाउँका स्वास्थ्यचौकी र मझौला स्तरका अस्पताललाई धेरै सहयोग गर्न सकिन्छ । नयाँ किसिमले जीवन्त बनाउन, स्तरोन्नति गर्न सकिन्छ । रोकथाम मूलतः रोग र उन्नत किसिमको उपचार गर्नुपर्ने रोगलाई सम्बोधन गर्न विशिष्ट नीति बनाउन सकिन्छ । यस्तो गर्न अर्कै किसिमको दूरदृष्टि र सक्रियता चाहिन्छ, जुन उपेन्द्रसँग छैन । त्यसैले उनी डेंगु आक्रान्त समयमा समेत देश दौडाहामा कम र विदेश दौडाहामा बढी व्यस्त रहन्छन् । तर आपतकालीन परिस्थितिले दिएको ऐतिहासिक मौकालाई समेत उपेन्द्रले नजरअन्दाज गरेका छन् । उपेन्द्रको यस्तो ताल देखेर एकैस्वरमा मधेसी जनगणले सोधिरहेका छन्, के मधेसी सर्वसाधारण र अन्य सीमान्तकृत समुदायले मधेसी मुक्तिको अग्रपंक्तिमा रहेको नेतृत्वबाट यस्तै अपेक्षा गर्ने हो ?

बस्ती जोगाउने

वन्यजन्तुको वस्ती निर्भरता बढ्दै गएपछि सन्त्रासमा रैथाने समुदाय

२५ वर्षपहिले भालु आक्रमणबाट दायाँ आँखा गुमाएका माडीका चित्रबहादुर नेपाली नियमित औषधि खाइरहेका छन् ।

यम बम/चितवन

छिप्पिँदो साँझ । हातमा टर्चलाइट र लट्ठी । खुट्टामा गमबुट । उनलाई हतार छ, रिउ खोलाछेउ पुग्न । घडीले बेलुकी ८ नबजाउँदै ट्याक्टर आउँछ । उनी त्यसैमा चढ्छन् । होहल्ला गर्दै जान्छन् ।

चितवन माडी नगरपालिका–३ धोबाहाका पुकार चौधरी, १४, को रात यसरी नै कट्छ, अचेल । अबेर रातीसम्म रिउको छेउस्थित झुलेको धानबालीतिर समूहमा होहल्ला गर्छन् अनि सुत्छन् काठको मचानमा । धोबाहा बस्ती रिउको आडमै छ । माडी माध्यमिक विद्यालयमा ६ कक्षा पढ्ने उनी धान नभित्र्याइन्जेल यसरी नै रातीराती हात्ती, गैँडालगायत वन्यजन्तु धपाउन जान्छन् । पुकार भन्छन्, “धान पाक्न थालेपछि हात्ती पल्किन्छ, पालो नै बनाएर रातीराती धपाउन जानुपर्छ, आक्रमणको डर त किन नहुनु !”

चितवन दक्षिणी सीमामा रहेको माडी क्षेत्र सदरमुकाम भरतपुरबाट करिब ३८ किलोमिटरको दूरीबाट सुरु हुन्छ । त्यो बीचमा गीतानगर, पटिहानी, जगतपुर हुँदै राप्ती र रेवा नदीको बीचमा रहेको चितवन निकुञ्ज पार गर्नुपर्छ । पूर्वपश्चिम र उत्तरमा चितवन निकुञ्ज तथा दक्षिणमा सोमेश्वर पर्वतमालाले घेरिएको छ, माडी । भरतपुर–माडी–ठोरी सडकखण्डको माडीखण्डको उत्तरतिर छ, आदिवासी थारू समुदायको बाक्लो बस्ती ।

कि वन्यजन्तु ?

आवरणसहित तस्बिरहरू : यम बम

चितवन राष्ट्रिय निकुञ्जका
वन्यजन्तुबाट त्रास खेप्दै
आएको सिमरा गाउँ

गत असारमा बाघको आक्रमणबाट ज्यान गुमाएका पति
गंगाधर सुवेदीको तस्बिर देखाउँदै पत्नी जल सुवेदी

ती थारू बस्तीमध्ये एउटा हो, धोबाहा । यो बस्तीमा ६५ जति घरपरिवार छन् । रिउको उत्तरतिर रहेको चितवन निकुञ्जका हात्ती यो सिजनमा फाँटको घाँस छाडेर बस्ती पुग्छन्, पहेँलपुर धानमा पल्किएका छन् । स्थानीय बासिन्दा 'हत्केलामा ज्यान राखेर' हात्तीको मुखबाट धान जोगाउँछन् । हात्ती धपाउन भनी हिँडेका कति त फर्कन पाउँदैनन् । २ कात्तिक ०७५ दसैँको बेलुका यस्तै घटना भयो, माडी-३ रतनीमा । दिउँसो दसैँको टीका लगाई रमाइलो गरेर बेलुकी हात्तीबाट धान जोगाउन खेत पुगेका रवि चौधरी, १४, उल्टै सिकार भए । आमा खेमकुमारी छोरा सम्झँदै भन्छिन्, "खेतको धान जोगाउनु नै उसका लागि काल बनेर आयो ।" स्थानीयको भनाइमा परालको टौवामा बसिरहेका बेला 'हात्ती आयो हात्ती आयो' भन्दै सबै जना लखेट्न ट्याक्टरमा चढेका थिए । तर रवि उठ्न पाएनन् र हात्तीले किचेर माऱ्यो । उनका बुवा राजेश चौधरी रोजगारीको सिलसिलामा भारतमा छन् ।

किशोरदेखि अधबैँसे पुरुष बेलुकी भएसँगै हात्ती धपाउन खेत पुग्छन्, ट्याक्टर लिएर । तर एउटा हात्ती लखेटेपछि थप साथीहरू लिएर आउने र आक्रमणको जोखिम हुने गरेको धोबाहाका जितेन्द्र चौधरी बताउँछन् । धोबाहाका स्थानीयले हात्ती धपाउन २ समूह बनाएका छन्, ५ देखि ८ जनाको । त्यो समूहले लगातार ३ दिन हात्ती धपाउँछ । त्यसपछि अरूको पालो आउँछ । गाउँमा रहेका २ वटा ट्याक्टर लिएर उनीहरू धान जोगाउन हिँड्छन् । डिजेल मध्यवर्ती उपभोक्ता समितिले दिन्छ, एक दिनमा १५ सय रुपैयाँको ।

ठूलो टोल र पश्चिम टोलका लागि केही सय मिटरको दूरीमा मचान बनाइएको छ । "हात्ती आएमा ट्याक्टर गुडाउँदै होहल्ला गर्छौँ," जितेन्द्र भन्छन्, "भागेन भने अर्को ठाउँमा रहेको ट्याक्टरको सहायता लिन्छौँ ।"

हात्तीसहितका वन्यजन्तु खेतबारीसँगै बस्तीमा नपसून् भनेर उपभोक्ता समितिले प्रयास नगरेको होइन । तर ती प्रयास अहिलेसम्म सफल देखिँदैनन् । निकुञ्जका वन्यजन्तु पस्न सक्ने निश्चित क्षेत्रमा सोलार फ्रेन्स (विद्युतीय झड्का दिने उपकरण), मेस जाली लगाइएको छ । तर हात्ती, गैँडाका अगाडि ती निष्प्रभावी बनिदिन्छन्, सजिलै भत्काइदिन्छन् ।

त्यस्तै घटना भयो, ११ असोजमा । निकुञ्जबाट आएको हात्तीको आक्रमणबाट माडी नगरपालिका-१ दौपतीकी कौसीमाया तामाङ, ६२, को ज्यान गयो । घरनजिकै बाटोमा हिँडिरहेको बेलामा हात्तीले आक्रमण गरेको थियो । हरेक रातजसो धोबाहा, पौहारी, बैराठ, सिमरा, चन्द्रपुरी, बनकट्टा, सेरुवालगायत बस्तीमा जंगली हात्तीले आतंक मच्चाउने गरेको छ । यी क्षेत्रमा बर्सेनि हात्ती, गैँडालगायतले घर भत्काउने, मान्छेलाई आक्रमण गर्ने, बालीनाली नष्ट गर्ने, घरका खाद्यान्न खाइदिने गर्छ ।

माडीको धोबाहामा हात्तीबाट धानबाली जोगाउन मचानमा जाग्राम बस्दै स्थानीय

१२ मंसिर ०७५ मा त हात्तीले एकै दिन २ महिलाको ज्यान लियो । माडी नगरपालिका-९ की सुशीला भण्डारी, ३५ र तृष्णाकाली पौडेल, ६०, घाँस काट्न हिँडेका थिए, रिउतर्फ । तर, हात्तीसँग जम्काभेट भएपछि फर्कन पाएनन् । यो घटनापछि माडीबासी आन्दोलित बने । मृतकका परिवारलाई प्रचलितअनुसार राहत र मृतक सुशीलाका दुई सन्तानलाई निःशुल्क शिक्षा उपलब्ध गराउने र तृष्णाकालीका एक अपांगता भएका छोरालाई रोजगार उपलब्ध गराइने सहमतिपछि आन्दोलन मत्थर भएको थियो ।

सिमराको कथा

दक्षिणतिर रिउ खोला । उत्तरमा निकुञ्जसँगै अन्य खोला । तत्कालीन बघौडा गाविसमा पर्ने सिमरामा जग्गाधनीपुर्जा भएका १ सय ७० र ५० बिघा जमिनमा ५१ परिवार थिए । तर बर्खामा बाढीको त्रास र बाँकी समय निकुञ्जका वन्यजन्तुबाट हुने दुःखका कारण बसाइँ सरी जाने बढेका छन् । स्थानीयका भनाइमा यो बस्तीको हरेक परिवारमा एक न एक व्यक्ति वन्यजन्तुको आक्रमणमा परेकै छन्, विशेषतः भालु, चितुवाको । अहिले यो बस्तीमा ७० थारू परिवार छन् ।

जल, जमिन र जंगलमा पूर्णतः निर्भर हुने थारू समुदाय जसोतसो बाढीको त्रासदी सहेर बसेको थियो । निकुञ्जका कारण वनजंगलबाट घाँसदाउरा, कन्दमूलसमेत नपाउने अवस्था भएपछि यहाँका बासिन्दा बसाइँ हिँड्न तयार भएको बताउँछन्, सिमराका अमर चौधरी । भन्छन्, "सबैको घरमा बायोग्यास छैन, मध्यवर्तीमा वर्षको एक-दुई पटक मात्र दाउरा खुल्छ । नजिक निकुञ्ज छ, सुरक्षाकर्मीका आँखा छलेर दाउराका टुक्राटाक्री ल्याउँछौँ ।" गाउँमा बिजुलीबत्ती पनि पुगेको छैन, सोलार केही घरमा मात्र । अमर भन्छन्, "अहिलेसम्म सिमरा उठिसक्यो तर कहाँ जाने ? राज्यले स्थानान्तरण गर्ने भने पनि यहाँको जति जग्गा पाइँदैन, के खाने ?"

बायोग्यासका लागि मध्यवर्ती उपभोक्ता समितिले अनुदान उपलब्ध गराउने भए पनि सबैको पहुँचमा छैन । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको पछिल्लो संशोधनबाट मध्यवर्ती क्षेत्रका उपभोक्ताले परम्परागत रूपमा उपभोग गर्दै आएका कन्दमूल, माछा,

च्याउजस्ता वस्तु निकुञ्ज क्षेत्रबाट ल्याउन पाउने व्यवस्था गरिएको छ । यो व्यवस्था पनि निकुञ्ज प्रशासनको 'तजबिज' मा भर पर्छ। प्राकृतिक स्रोत र व्यवस्थापनको वकालत गर्दै आएका सोमत घिमिरे निकुञ्जका कारण भूमिहीन आदिवासी जनजातिको जीविकोपार्जन संकटमा परेको बताउँछन्। भन्छन्, "निकुञ्जमा उनीहरूको पहुँच गुम्यो, परम्परागत शैलीको जीविकोपार्जनको आधार कायमै हुनुपर्छ।"

०३० मा मुलुककै पहिलो निकुञ्ज खुल्यो, चितवन । त्यसअघि २०१६ मा हालको निकुञ्जको घना जंगलमध्ये राप्ती नदी उत्तरचुरेसम्मको भू-भागलाई महेन्द्रमृग पार्क बनाइयो भने राप्ती नदी दक्षिणको भागलाई ०२० मा गैंडा आरक्ष क्षेत्र ।

सिमरा र अमिलिया ती बस्ती हुन्, जहाँ ०२२ अघि नै मानव बसोबास सुरु भएको थियो । अमिलियामा जग्गाधनी पुर्जा भएको २ सय ५० बिघा र नभएको ५० बिघा जमिनमा ५१ परिवार बसेका थिए। तर पनि बाढी र वन्यजन्तुको त्रासका अगाडि टिक्न सकेनन्। र, अन्ततः भरतपुर महानगरपालिकाले सट्टाभर्नाबापत बस्तीको जग्गा किनेर रकम दिएपछि थातथलो छाडेर हिँडे । महानगरले निकुञ्जको जलदेवीस्थित जग्गामा ल्यान्डफिल साइट बनाएपछि सट्टाभर्नाबापत बस्तीको जग्गा किनेर निकुञ्जलाई दिएको थियो । बाढीबाट विस्थापित भएकाहरू अझै शिविरमा बसिरहेका छन्।

अमिलियाका बासिन्दा महानगरलाई जग्गा बुझाइ रकम लिएर गए पनि सिमराका बासिन्दा भने लामो समय दोधारमा रहे । निकुञ्जभित्र परेको तत्कालीन पदमपुरलाई भरतपुरदेखि ८ किलोमिटर उत्तर-पूर्व जुटपानी गाविस (हाल भरतपुर महानगरपालिका) सगुन टोलसँगैको बरन्डाभार जंगलमा स्थानान्तरण गरिएको थियो, ०५९ मा । यो बस्तीलाई नयाँ पदमपुरबाट चिनिन्छ । पुरानो पदमपुर त घाँसेमैदान भइसक्यो ।

सिमरालाई नयाँ पदमपुरसँगैको क्षेत्रमा स्थानान्तरण गर्ने योजनासहित ०७१ मै सरकारलाई प्राविधिक प्रतिवेदन पेस गरिएको थियो, जसमा निकुञ्ज पनि सहमत भयो । चितवन निकुञ्जको सिफारिसमा भनिएको छ, 'स्थानीय मानिसलाई निरन्तर वन्यजन्तुबाट हुने क्षति बेहोरिरहनुपर्ने र निकुञ्जको अथक प्रयासका बाबजुद पनि विगत २-३ वर्षमा जंगली हात्तीको आक्रमणबाट सोही स्थानमा ४-५ जना मानिसको मृत्यु भएको छ।'

बस्ती स्थानान्तरणको ज्ञापनपत्रसहित पटकपटक मन्त्रीदेखि प्रधानमन्त्रीलाई भेट्न पुगेको टोलीको सदस्यमध्येकी सुखिया महतो भन्छिन्, "हुँदैन भनेर कसैले भन्दैनन् तर पहल गर्दैनन्। नदी र वन्यजन्तुबाट सुरक्षित राखिदिए हामी यही ठाउँमा बस्छौं ।" निकुञ्जसँग जोडिएका यहाँका पुराना बस्तीबाट बसाइँ सरी जाने बढिरहेका बेला रिउछेउका धोबाहासहितका बस्ती पनि रित्तिन बेर छैन ।

सिमरावासीलाई अन्यत्र घरबास मात्र दिएर सार्न नसकिने भएकाले रिउ करिडोरबाट बस्ती सुरक्षित बनाउने योजना माडी नगरपालिकाले अघि सारेको छ। रिउलाई उत्तरतर्फबाट बगाएर बस्तीलाई वारी दक्षिणतर्फ ल्याउने योजना रहेको उपमेयर तारा महतो बताउँछिन् ।

निकुञ्जसँग जोडिएका माडीका बस्ती पछि विस्तार भएका होइनन् । ०२० मा श्रीरामपुरबाट माडी जंगल फाँडेर बसेका रामनाथ पौडेल, ८३, यस क्षेत्रमा त्यसअघि नै बस्ती रहेको सम्झन्छन् । भन्छन्, "हामीलाई तत्कालीन राजाले यहाँ जनावर मात्र बस्छन् तिमीहरू उता गएर जंगल फँडानी गरेर (हाल माडी) बस भनेपछि आएका थियौं ।"

वन्यजन्तु आक्रमणबाट मारिनेको संख्या



नोट : तथ्यांकमा निकुञ्जको मध्यवर्ती र नजिकका डिभिजन वन क्षेत्रको घटनासमेत उल्लेख छ ।

त्यसअघि नै यस क्षेत्रमा माडी प्रगन्नाभित्र २२ मौजा (जिमदारी) थिए। त्यतिखेर भारतमा रेलमार्गमा सालका काठ प्रयोग हुने र नेपालबाट चोरीनिकासी हुने भएकाले रोक्न यस्तो रणनीति अपनाइएको हुन सक्ने उनी ठान्छन् । यसरी बस्ती बस्दा तत्कालीन गैंडा आरक्षको पनि सुरक्षा भएको थियो ।

बस्तीमै किन ?

'...मान्छेका लागि वन्यजन्तु कि वन्यजन्तुका लागि मान्छे ? के मान्छेलाई वन्यजन्तुको आहारा बनाउने हो ?' निकुञ्ज छेउका विपन्न नागरिकले वन्यजन्तुका कारण ठूलो नोक्सानी बेहोर्नुपरेको भन्दै राष्ट्रिय सभाका सदस्य रामनारायण बिडारीले संसद्मै प्रश्न उठाए, २६ साउनमा । उनले भनेझैं 'घरभित्र सुतौं हात्तीले छाप्रो भत्काएर मार्ला' भन्ने पीर हुन्छ घरबाहिर वा खेतमा बाघ, भालुलगायत वन्यजन्तुको सिकार बनिरहेका छन्, विशेषतः मध्यवर्ती क्षेत्रका बासिन्दा ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागको तथ्यांकले भन्छ- ०७५/७६ मा बाघ, हात्ती, गैंडाजस्ता वन्यजन्तुको आक्रमणबाट मुलुकभर ३० जना मारिएका छन् भने १ सय ३७ जना घाइते भएका छन् । १ हजार ५ सय ९३ पशुचौपाया मरेका छन् ।

मुलुकको कुल भूभागको ४४.७४ प्रतिशत क्षेत्र वनले ओगटेकामा २३.३९ प्रतिशत संरक्षित छ। १२ राष्ट्रिय निकुञ्ज, २ आरक्ष, ६ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र घोषणा भइसकेका छन् । तथ्यांक हेर्दा संरक्षित वन क्षेत्र पर्याप्त देखिए पनि वन्यजन्तु बस्ती मात्र होइन, सहर पसिरहेका छन् । ३ असारमा मात्र चितवन निकुञ्जको बाघले माडीका गंगाधर सुवेदीलाई काँसघारीमा आक्रमण गऱ्यो । भरतपुर अस्पतालमा उपचारको क्रममा उनको चार दिनपछि ज्यान गयो । पछिल्लो समय चितवनका हात्ती, गैंडा, बाघ बस्ती पस्ने क्रम बढेको छ ।

आखिर वन्यजन्तु बस्तीमा किन पस्छन् त ? एकथरीको तर्क छ- वन्यजन्तुको प्राकृतिक बासस्थान खुम्चियो । त्यसैले बस्तीमा पसे । ०५९ अघिसम्म अतिक्रमण भएको चितवन निकुञ्जको १ हजार २ सय ८.४९ हेक्टर क्षेत्र अझै खाली गराउन सकिएको छैन । बाघ, भालुजस्ता मांसाहारी वन्यजन्तुका लागि सिकार आहारा तथा हात्ती, गैंडालगायत वन्यजन्तुका

लागि घाँसको पर्याप्तता हुनुपर्छ ।

चितवन निकुञ्जमा ९३ पाटेबाघ (०७५ को अध्ययन), ६ सय ५ एकसिंगे गैंडा (०७२ अध्ययन), ५० को हाराहारीमा जंगली हात्ती रहेको अनुमान छ। हात्ती, एकसिंगे गैंडाजस्ता वन्यजन्तुका लागि पर्याप्त घाँसे मैदानसहितका स्रोत चाहिन्छ ।

कुनै बेला चितवन निकुञ्जको कुल क्षेत्रफलको २० प्रतिशत घाँसे मैदान रहेकामा ०७२ मा आएर ९.६१ प्रतिशतमा खुम्चिएको छ । यो भनेको ८ हजार ९ सय ५५ हेक्टर हो । त्यसमा पनि माइकेनिया, पार्थेनियम, वनमाराजस्ता मिचाहा प्रजातिका झार बढिरहेको छ । चालू आर्थिक वर्षमा ७ सय हेक्टर थप घाँसे मैदान बनाउने योजना छ । वन्यजन्तुविद् उदयराज शर्मा भन्छन्, “खाना सकिएर वन्यजन्तु बस्तीमा गएका होइनन् तर कृषिबाली नरम र स्वादिष्ट हुने भएकाले आकर्षण बढेको हो ।”

तराईका निकुञ्जमा खर्चबिनै घाँसेमैदान कायम राख्न तथा नरम घाँस उत्पादनका लागि वर्षको केही दिन भए पनि मध्यवर्तीका उपभोक्तालाई फाँटको खर काट्न दिनुपर्ने उनी बताउँछन् । यो प्रणाली बर्दिया राष्ट्रिय निकुञ्जमा कायमै छ ।

निकुञ्जमा कति वन्यजन्तु आवश्यक हुन्छ भनेर बहन क्षमता निकालिएको हुन्छ । यसमा उपलब्ध खानाको स्रोतसँगै वन्यजन्तुलाई घुमफिर गर्न चाहिने क्षेत्रसहितको विश्लेषण गरिन्छ । पाटेबाघको संख्या १ सय २० बाट घटेर ९३ मा सीमित हुनु र गैंडा मर्ने क्रम बढेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागले चितवन निकुञ्जको बहन क्षमता अध्ययन थालेको छ। बाघको बहन क्षमताको अध्ययन करिव अन्तिम चरणमा रहेकामा गैंडाको गणनापछि अध्ययन थालिने विभागका सूचना अधिकारी विष्णुप्रसाद श्रेष्ठ बताउँछन्।



“वन्यजन्तु रोक्न सोलार फ्रेन्सले पनि काम गरेन, अब क्रंकिट वालसहितको मेसजाली चाहिन्छ ।

– ठाकुरप्रसाद ढकाल
मेयर, माडी नगरपालिका

चितवनमा पाटेबाघको संख्या घट्नु र बस्तीमा पस्नुलाई आहाराको कमीको रूपमा लिन नहुने तर्क पनि छ। वन्यजन्तुविद् शर्मा आहाराको कमी भएमा बाघले एकअर्कालाई खाने भएकाले नेपालमा अहिले त्यस्तो अवस्था नरहेको बताउँछन् ।

माडीसहित चितवन निकुञ्जको प्रभावित केही क्षेत्रमा अहिले सोलार फ्रेन्स र मेस जाली लगाइएको छ। किसानको धानबाली जोगाउने गरी भनेर डिलैडिल यस्तो व्यवस्था गरिए पनि वन्यजन्तुले भत्काइदिने गरेका छन् । केही ठाउँमा ट्रेन्च पनि खनिएको छ ।

चितवन निकुञ्जका प्रमुख संरक्षण अधिकृत नारायणप्रसाद रुपाखेतीका अनुसार वन्यजन्तुलाई जंगलमै रहने वातावरण बनाउन घाँसे मैदान बिउँताउने, आहारा र बासस्थानको अवस्थाको ख्याल गर्ने गरी कार्यक्रम चालू छ। वन्यजन्तुले जहिले पनि नयाँ बासस्थान खोज्ने र कृषिबाली मन पराउने भएकाले बस्तीमा जानबाट रोक्नुपर्ने हुन्छ। जस्तो, बर्दिया राष्ट्रिय निकुञ्जको केही मध्यवर्ती क्षेत्रका खेतबारीमा वन्यजन्तुले नरुचाउने मेन्था र क्यामोमाइलको खेती गरिएको छ, जसबाट सुगन्धित तेल उत्पादन हुन्छ ।

चितवनको अति प्रभावितमध्ये माडीमा धानखेती हुने गरेको छ । पाण्डवनगरदेखि बगइसम्म अग्लो कंक्रिट वालसमेतको ड्याम खडा गर्न सके माडी वन्यजन्तुबाट सुरक्षित रहने माडीका मेयर ठाकुरप्रसाद ढकाल बताउँछन् । भन्छन्, “सोलार फ्रेन्सले पनि काम गरेन, अब क्रंकिटवालसहितको मेसजालीका लागि संघ सरकारसँग बजेट माग भइरहेको छ ।” यसका लागि ९ करोड हाराहारी बजेट चाहिने अनुमान छ।

राहतमा छैन पहुँच

पति गंगाधरको बाघको आक्रमणमा परी ज्यान गएपछि पत्नी जल सुवेदीले काजकिरिया खर्चबाहेक क्षतिपूर्ति पाएकी छैनन् । ०७५ असारमा घटना भएपछि सबै प्रक्रिया पूरा गरेर निवेदन दिए पनि क्षतिपूर्ति नआएको उनी सुनाउँछिन् ।

बाघ, हात्ती, गैंडालगायत निश्चित वन्यजन्तुको आक्रमणबाट (संरक्षित क्षेत्र बाहिर) ज्यान गुमाएका परिवारलाई सरकारले १० लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउँदै आएको छ । तर पीडित परिवारले तत्काल क्षतिपूर्ति पाउँदैनन् ।

हात्तीले खेतबालीमा क्षति गरेपछि राहतका लागि निवेदन दिएको डेढ वर्षमा पनि नपाएको गुनासो गर्छन्, मानबहादुर राना । उनी कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज प्रभावित क्षेत्र महाकाली नगरपालिकाका बासिन्दा हुन्। रानासँगै त्यहाँका पीडितका करिब २ सय फाइल तत्कालीन

अन्नबाली जोगाउन मचान बनाउँदै धोबाहाका युवा

धानबाली जोगाउन सोलार फ्रेन्स जडान गरिए पनि भत्काएर वन्यजन्तु प्रवेश गर्छन्। हात्तीले क्षति पुऱ्याएको धानबाली (दायाँ)

क्षेत्रीय वन निर्देशनालय, धनगढीमै हराए, जसकारण शुक्लाफाँटा निकुञ्जको मध्यवर्ती क्षेत्रका पीडितले राहत रकम पाउन नसकेका हुन्। ०७५ कात्तिकसम्म वन्यजन्तु राहत निर्देशिकाअनुसार पीडित परिवारलाई निकुञ्ज वा वन कार्यालयको सिफारिसमा क्षेत्रीय वन निर्देशनालयबाट राहत रकम निकासा हुने व्यवस्था थियो।

०५१ मा भालुको आक्रमणबाट दायाँ आँखा गुमाएपछि हाल वन्यजन्तुपीडितको पक्षमा आवाज उठाउँदै आएका माडीका चित्रबहादुर नेपाली क्षतिपूर्ति रकम कहिलेसम्म दिने भन्नेमा 'हाकिम' को तजबिज हुने गुनासो गर्छन्। आर्थिक वर्ष ०७५/७६ मा मुलुकभर वन्यजन्तुबाट भएको मानवीयसहितको क्षतिबापत राज्यले ८ करोड ९० लाख खर्चिएको छ, जसमा चितवन निकुञ्जले मात्र २ करोड ५६ लाख ३९ हजार रुपैयाँ क्षतिपूर्ति, राहत उपलब्ध गराएको छ। क्षतिपूर्ति र राहत वितरणलाई झन् सहज बनाउनुपर्ने हो। तर ०७५ मा निर्देशिका संशोधन गरेर मुलुकभर वन्यजन्तुबाट भएको हानिनोक्सानी बापतको क्षतिपूर्ति र राहत सम्बन्धित निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्रबाट पाउने गरी केन्द्रीकृत गरियो। यसको अधिकार स्थानीय र प्रदेश सरकारलाई छैन।

माडी पश्चिम टोलकी खनिया महतोले १८ कट्ठा जमिनमा लगाएको धान पाक्दै छ। तर हात्ती, गैंडा, बँदेल दिनहुँ खान पुग्छन्। वन्यजन्तुले धानबालीमा नोक्सान पुऱ्याएको देखिन्छ तर अब उनले पाउने राहत भनेको मध्यवर्ती उपभोक्ता समितिको सिफारिसको आधारमा बढीमा १० हजार हो। माडीका मेयर ढकाल वन्यजन्तुबाट बालीनालीमा पुऱ्याएको क्षतिको आधारमा क्षतिपूर्ति दिनुपर्ने बताउँछन्। त्यसका लागि नगरपालिकाले 'राष्ट्रिय तथा वन्यजन्तु संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधन प्रस्ताव भन्दै संसदीय समितिमा प्रस्ताव बुझाएको छ। त्यसमा निकुञ्ज र आरक्ष क्षेत्रबाहिर मानवीय क्षति भएमा तत्काल क्षतिपूर्ति र अन्नबालीको हकमा प्राविधिक मूल्यांकनका आधारमा ९० प्रतिशतसम्म क्षतिपूर्ति दिइनुपर्ने उल्लेख छ।

नगरपालिकाले पनि निकुञ्जका वन्यजन्तुबाट ज्यान गुमाएका आफ्ना पालिकाभित्रका पीडित परिवारलाई काजकिरिया खर्चबापत २५ हजार र मृतकका सन्तानलाई १२ कक्षासम्म पढाउन कोषको व्यवस्था गरेको छ। त्यस्तै, वन्यजन्तुबाट बालीनालीको क्षति भएबापत पाउने राहतमा सोही बराबरको रकम थप्ने निर्णय हालै मात्र भएको छ।

"तत्कालीन राजाले यहाँ (हाल निकुञ्ज) जनावर बस्छन् तिमीहरू उता गएर जंगल फँडानी गरेर (हाल माडी) बस भनेपछि आएका थियौँ।

– रामनाथ पौडेल
स्थानीय बासिन्दा, माडी

पीडित परिवारको ऐलानी खेत भएकाले बालीमा भएको क्षतिको राहत पाउँदैनन्। सदियौँदेखि भोगचलन गर्दै आएका तर जग्गाधनीपुर्जाविहीनले त्यस्तो राहत पाउँदैनन्, जसको ज्वलन्त उदाहरण हो- पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने ठोरी गाउँपालिका, सुवर्णपुर।

सुनाखरी उपभोक्ता समूहका पूर्वअध्यक्ष भीमबहादुर पाखिनका अनुसार वन्यजन्तुले नोक्सानी गर्न थालेपछि विवरण संकलन गरेर निकुञ्ज कार्यालयमा पेस गरिए पनि राहत पाइएन। कारण यहाँका धेरै बासिन्दासँग जमिनको जग्गाधनीपुर्जा छैन। ०७३ मा केहीले पाए पनि धेरैजसो अझै पुर्जाविहीन छन्।

भोटको राजनीति

'माडीलाई चितवन जिल्लाकै मणि बनाउने संकल्प बोकेर तपाईंहरूबीच आएको छु। वन्यजन्तुको आतंकबाट ग्रसित जनतालाई सुरक्षाको प्रत्याभूति गर्न फाउन्डेसनसहितको मेस जालीको व्यवस्था गरिनेछ। निकुञ्ज क्षेत्रको सडकलाई आकाशे पुल वा भूमिगत सडकका रूपमा विकसित गरिनेछ।'

चुनावताका अर्थात् ११ मंसिर ०७४ मा यसो भन्दै माडीवासी रिझाउन लागिपरेका थिए, तत्कालीन माओवादी केन्द्रका अध्यक्ष

निकुञ्ज र नागरिकका दुःख

कतिपय संरक्षणविद् मानवभन्दा संरक्षित वन्यजन्तुको महत्त्व ठूलो देखाउन प्रयासरत छन् । वन्यजन्तुबाट सिर्जित मानव जोखिमबारे चाहिँ मौन देखिन्छन् ।

महादेवप्रसाद पौडेल

चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रका नागरिकको दुःख 'बत्तीमुनिको अँध्यारो' भन्दा कम छैन । गरिबी, पूर्वाधारबाट वञ्चित, वन्यजन्तुको त्रास । निकुञ्जको वार्षिक प्रतिवेदनअनुसार निकुञ्ज क्षेत्रमा वन्यजन्तुको आक्रमणबाट ०६७ यता ७२ नागरिकको ज्यान गएको छ । ८ वर्षयता माडीमा मात्रै २२ ले मृत्युवरण गरेका छन् । निकुञ्जसँग जोडिएका माडीका पाँच पाण्डव, अमिलिया, सिमरालगायत गाउँमा वन्यजन्तुको आक्रमणबाट मृत्यु वा घाइते नभएको सग्लो परिवार भेट्न मुस्किल पर्छ । निकुञ्ज नजिकका बस्तीका मानिस दैनिक कति बेला आक्रमण हुने हो भन्ने त्रासमा जीवन गुजारा गरिरहेका हुन्छन् । ज्यानै लाने मुख्य हिंस्रक जनावरमा हात्ती, बाघ र गैँडा हुन् भने घाइते बनाउनेमा भालु र बँदेल पाइएका छन् ।

भौतिक सम्पत्ति र खेतीबाली नोक्सानीको अवस्था पनि निकै दुःखदायी छ । जंगली हात्तीले साना घर भत्काइदिने गर्छन् भने बालीनाली खाने तथा थन्क्याइसकेका अन्नपात कुन्यु र गोदामबाट खाएर नोक्सानी पुऱ्याउने गर्छन् । यसका साथै गैँडा र साना जनावरले खेतीबाली नोक्सानी गर्छन् भने बाघले घरपालुवा जनावर खाइदिँदा ठूलो नोक्सानी बेहोर्नु परेको छ ।

वन्यजन्तुबाट हुने क्षतिबापत सरकारले क्षतिपूर्ति दिने गर्छ । निर्देशिकाअनुसार मानव मृत्यु, अंगभंग, खेतीबाली नोक्सानी र पाल्तु जनावरको क्षतिमा क्षतिपूर्तिको व्यवस्था गरिएको छ तर न्यून रहेको क्षतिपूर्ति व्यवस्थाभन्दा वन्यजन्तु बस्तीमा आउन रोक्नु नै उत्तम उपाय हो । संरक्षित जनावरको आक्रमणबाट मृत्यु भएका परिवार र अंगभंग भई अपांगता भोगेकाहरूलाई मासिक जीवन निर्वाह भत्ता उपलब्ध गराउनु पर्छ ।

चितवनका आदिवासी थारूको सदियौँदेखि जनजीविकाको मुख्य आधार हाल रहेको निकुञ्ज र अन्य वनजंगल नै हुने गर्थे । सुरुका दिनमा बसाइँ सरेर आएका पहाडे समुदायसमेतले उनीहरूले जस्तै गरी नै गुजारा गर्थे । जंगलमा निर्भर वस्तुभाउ चरिचरन, घाँस दाउरा, घर छाउने खर, खडै, बाबियोलगायत वस्तु निकुञ्जबाट उपलब्ध हुन्थ्यो । तर निकुञ्ज बनेसँगै कडा कानुनी प्रबन्ध र कडा सुरक्षाले निकुञ्जमाथिको निर्भरता घट्दै गयो । वैदेशिक रोजगारी लगायत कारणले विपन्न परिवारमा आयआर्जन बढ्यो, खरका छानाको ठाउँ जस्ताले लियो र पक्की घर बने । धेरै गाईवस्तु पाल्न छाडेर तरकारी खेती, माछा पालन, कुखुरा पालनतर्फ लागे । घरमा गोबर ग्यास प्लान्ट जडान भयो, सिलिन्डर ग्यासबाट खाना पकाउन थालियो, जसबाट राष्ट्रिय निकुञ्जको निर्भरतामा कमी त आयो तर वन्यजन्तुको बस्ती निर्भरता बढ्दै गएको छ । बस्तीमा आउने क्रम बढ्नुमा मुख्य रूपमा संरक्षित जनावरका लागि राष्ट्रिय निकुञ्जमा उपलब्ध स्रोतको अभाव हुनु नै देखिन्छ ।

कतिपय वन्यजन्तुको आवश्यक संख्याका विषयमा विज्ञहरूले जंगलको सम्भाव्य बहन क्षमता निकालेका हुन्छन् । यसमा उपलब्ध खानाको स्रोत र जनावरलाई आवश्यक घुमफिर क्षेत्र लगायत विषय विश्लेषण गरिएको हुन्छ । सन् १९९९ मा गरिएको अध्ययनअनुसार चितवन निकुञ्जमा ५ सय गैँडा बहन क्षमता छ । तर सन् २०१५ गरिएको गणनाअनुसार यहाँ ६ सय ५ गैँडा रहेको अनुमान छ । यस आधारमा १ सय ५ गैँडालाई स्रोतको अभाव हुने देखिन्छ । त्यसको असर गैँडाहरू आपसमा लडेर मर्ने वा बस्तीमा गई खानाको गुजारा गर्नुपर्ने हुन्छ । हालका वर्षमा गैँडा निकुञ्जबाट बस्तीमा जाने क्रम बढ्नुको मुख्य कारण बहन क्षमताभन्दा धेरै संख्यामा हुनु नै प्रमुख कारण रहेको अनुमान छ ।

बाघको हकमा पनि सरकारी नीति परिपक्व छैन । सरकार सन् २०२२ सम्म बाघको संख्या दोब्बर बनाई २ सय ३५ पुऱ्याउने बचनबद्ध छ । लक्ष्यअनुसार चितवन निकुञ्जले मात्र करिब १ सय २५ वटा बाघ थेग्नुपर्ने हुन्छ । तर एक पोथी बाघका लागि २० र भालेका लागि ६० देखि १०० वर्ग किमि क्षेत्र आवश्यक हुने ठानिन्छ । भाले र पोथीको क्षेत्र एक आपसमा खप्टिन सक्ने भएकाले पोथीका लागि मात्र आवश्यक क्षेत्र हिसाब हेर्दा चितवन निकुञ्ज ९ सय ३२ वर्ग किमिले जम्मा ४७ बाघ बहन क्षमता राख्छ । यसमा मध्यवर्ती क्षेत्रको जंगलसमेत जोड्ने हो भने केही संख्या थप हुन सक्छ । सातामा प्रतिबाघका लागि एक सिकार जनावर आवश्यक मानिन्छ, जसबाट चितवन प्रतिवर्ष ६ हजार ५ सय सिकार जनावर उत्पादन हुनुपर्ने देखिन्छ ।

यो निकुञ्जमा बर्दियाको तुलनामा सिकार जनावरको घनत्व कम छ । लक्ष्यअनुसार चितवनमा सन् २०१४ मै बाघको संख्या १ सय २० पुगेकोमा २०१८ मा केही घटे । यसरी निकुञ्जले थेग्नै नसक्ने लक्ष्य राखेर बाघको संख्या बढाउँदा त्यसको प्रत्यक्ष असर मानव बस्तीमा पर्छ नै । घरपालुवा जनावरको क्षति, मानव अंगभंग तथा ज्यान जोखिम झनै बढेर गएको छ । जरायो, लगुना, चित्तल, रतुवाजस्ता जनावर चरिचरन र खानाको खोजीमा मानव बस्तीमा आउने क्रम पनि बढेको छ । यो क्रम बढ्नुमा निकुञ्जमा घाँसको उपलब्धतामा कमी हुनु हो । निकुञ्जको बहन क्षमतासम्म मात्र हिंस्रक जनावरको संख्या

व्यवस्थापन गरी संरक्षित जनावरबाट मानव बस्तीमा हुने जोखिम कम गर्नु पर्छ। पीडित बस्तीहरू सार्न सम्भव छैन भने संरक्षित क्षेत्र र जनावरलाई कमभन्दा कम क्षति गरी एक्काइसौँ शताब्दी सुहाउँदो पूर्वाधार र सामाजिक विकास उपलब्ध गराउनु र रोजगारीका अवसर प्रदान गर्नुपर्छ।

कतिपय संरक्षणविद्हरू एकांगी हिसाबले मानवभन्दा संरक्षित वन्यजन्तुको महत्त्व ठूलो देखाउन प्रयासरत देखिन्छन्। वन्यजन्तुबाट सिर्जित मानव जोखिम, बस्तीका कष्ट र पछौटेपनको समुचित व्यवस्थापन के हो त भन्ने प्रश्नमा भने उनीहरू मौन देखिन्छन्। प्रभावित जनताले जनधनको जोखिम बेहोर्नु परेको छ। सुविधायुक्त बाटोघाटो, बिजुलीजस्ता न्यूनतम आवश्यकता र आर्थिक उपार्जनका लागि साना तथा मध्यम उद्योगधन्दा सकिएको छैन। निकुञ्जको बाटो हुँदै ओहोरदोहोरमा प्रत्येक पटक खानतलासी बेहोर्नु परेकाले यात्रा सधैं कष्टकर हुने गर्छ।

संरक्षण र विकास सँगसँगै हिँडाउन सकिएन र एक पाटो कमजोर अर्को पाटो बलियो भयो भने भए/गरेका विकास दिगो हुन सक्दैनन्। विकासमा व्यवधान र पीडितका समस्या समाधानका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ संशोधन गरी विकासमैत्री संरक्षणमा जोड दिने खालको ऐन बनाउनुको विकल्प छैन।

(पौडेल चितवन, माडीका बासिन्दा हुन्।)

पुष्पकमल दाहाल 'प्रचण्ड'। माडीवासीले प्रचण्डलाई जिताएर पठाएको दुई वर्ष पुग्न लाग्दा पनि समस्या ज्यूँका त्यूँ छ।

निकुञ्जपारिको बस्तीको रूपमा रहेको माडीवासीको माग बाढी र वन्यजन्तुबाट मुक्ति तथा विकास निर्माण देखिन्छ। यहाँका सडक योजना हुन्, हुलाकी राजमार्ग स्तरोन्नति, पूर्वपश्चिम विद्युतीय रेलमार्ग लगायत। तर ती योजना सञ्चालन गर्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र नेपालले प्रतिबद्धता जनाएको अभिसन्धिले नमिल्ने ठहर सर्वोच्च अदालतले गरिदियो, २ फागुन ०७५ मा।

चितवन निकुञ्ज विश्व सम्पदामा सूचीकृत छ। यसमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) को भूमिका रहन्छ नै। युनेस्कोलगायत सरोकारवाला निकायको परामर्श र सहमतिमा गरिएको

सीएमप्रचण्डडटकमबाट

चुनावताका माडीबासीलाई विभिन्न आश्वासन दिँदै प्रचण्ड

वातावरणीय प्रभाव अध्ययनले अनुमति नदिएसम्म निकुञ्जभित्र पर्ने गरी सडक निर्माणसम्बन्धी कुनै कार्य नगर्न सर्वोच्चले भनेकाले थप चुनौती खडा भएको छ।

संरक्षणकर्मीहरूले सर्वोच्चको यो कदमलाई स्वागत गरे पनि माडीका बासिन्दाको मन भने अमिलो भएको छ। अदालतको फैसलाप्रति त गत असारमा माडीको तेस्रो नगरसभामा प्रचण्डले भनिदिए, 'त्यो फैसला आयो तर मैले बुझेसम्म त्यसको समाधानको उपाय छ। कालोपत्रे तत्काल बनाउन सम्भव छ।'

निकुञ्ज हुँदै भरतपुर जान आउन ठूलै युद्ध जितेजस्तो हुने गरेको छ, माडी बासिन्दालाई। स्थानीय नवराज चापागाईं भन्छन्, "बालबच्चा लेखपढका लागि भरतपुरमै हुन्छन्, राती बिरामी परे पनि भेट्न जान पाइँदैन।" बिहान ५ देखि राती १० बजेसम्म मात्र निकुञ्जको बाटोबाट प्रवेश पाइन्छ। तर यहाँका बासिन्दालाई निकुञ्ज पार नगरी भरतपुर पुग्ने उपाय छैन। बिनारोकतोक २४ घन्टै आवतजावत गर्न पाउनुपर्ने बताउँछन्, माडीका मेयर ढकाल।

यसअघि त चितवन निकुञ्जको बाटो भएर माडी पुग्न शुल्क तिर्नुपर्थ्यो, स्थानीयलाई। चुनावताका ०७४ कात्तिकमा शुल्क खारेज भएपछि यसलाई चुनावी मसला नै बनाए, प्रचण्ड र उनका प्रतिस्पर्धी विक्रम पाण्डेले। निकुञ्जको बाटो प्रवेश गर्ने र बाहिरिने दुईपांग्रे सवारीले एक पटकमा मूल्य अभिवृद्धि करसहित ११ रुपैयाँ ३० पैसा थियो भने ठूला सवारीको ५६ रुपैयाँ ५० पैसा।

पूर्ववनमन्त्रीसमेत रहेका पाण्डे आफ्नो पालामा निकुञ्ज प्रभावित माडी क्षेत्रमा फाउन्डेसनसहितको मेस जाली लगाएर मानव र वन्यजन्तुबीचको द्वन्द्व सदाका लागि अन्त्य गर्ने योजना सारिएको बताउँछन्। "यसरी वन्यजन्तु बस्तीमा आउनै नदिने अवस्था बनाएर माडीलाई हरित बनाउने योजनाअघि सारेको थियो, यसले पर्यापर्यटनमा पनि योगदान पुग्छ।" निकुञ्ज प्रशासन र मध्यवर्ती क्षेत्रका बासिन्दाबीचको द्वन्द्व घटाउने भन्दै यसअघि ऐन संशोधन गरिएको थियो। पछिल्लो संशोधनमा वन्यजन्तुलाई हानि नोक्सानी नपुग्ने गरी मध्यवर्ती क्षेत्रमा उद्योग, होटल, लज, यातायात सेवा सञ्चालन गर्न सक्ने व्यवस्था छ। निकुञ्जमा सहज आवतजावत भएमा माडीमा पर्यटनको सम्भावना पनि छ।

त्यसबाहेक रिउले कटान गरी निकुञ्जभित्र पारेको जमिन व्यक्तिले उपभोग गर्न पाउनुपर्ने माग रहेको बताउँछन्, मेयर ढकाल। उनका भनाइमा रिउले दक्षिणतिर कटान गर्दै बनाएको बगरमा काँसघारी बनेको छ तर यो क्षेत्र स्वत: निकुञ्जको परेको छ। भन्छन्, "माडीमा यस्तो जमिन २ सय बिघाको हाराहारीमा छ, ०२९ को नापीको आधारमा कित्ता कायम हुनुपर्छ।" त्यसका लागि निकुञ्ज ऐनलाई संशोधन गर्नुपर्ने हुन्छ। पाण्डे भन्छन्, "योजनाबिनै काम थाल्नु भएन, स्थानीय सरकार पनि सचेत हुनु जरुरी छ। निकुञ्जको पर्यावरणलाई असर नगर्ने गरी बाटो बनाउन रोकिन्छजस्तो लाग्दैन।" ने

मध्यस्थताको महाजाल

सर्वोच्चमा रिट लाग्ने अभ्यास चलेसँगै सरल हुनुपर्ने न्यायको बाटो झनै जटिल

मनबहादुर बस्नेत

तस्बिर : सरोज बैजु



सन् १९७२ मा नेपालमा पहिलोपटक पाइला टेक्दा स्वीस नागरिक वार्नर ब्लाजरले सायदै सोचेका थिए, कुनै दिन यही मुलुकको टेक्सटाइल उद्यमी बन्छु भनेर । यो पनि पक्कै सोचेका थिएनन्, यही उद्यमी बन्ने धुनले आफ्नो जीवनको उत्तरार्द्ध नेपालमा मुद्दा मामिलाको झमेलामा अल्झिनेछ भनेर । तर ७९ वर्षको वृद्धावस्थामा यी विदेशी प्रतिष्ठित व्यापारिक घराना ज्योति समूहसँगको मुद्दाको फैसलाको पर्खाइमा २५ वर्षदेखि नेपालमै अल्झिरहेका छन् ।

खासमा टेक्सटाइल उद्योगको क्षमता विस्तार गर्ने योजना थियो, ब्लाजरको । सोचेजस्तो उद्योगको आकार त फैलिएन नै, उल्टो उद्योगको

२५ वर्षदेखि मध्यस्थको फैसला पर्खिरहेका ७९ वर्षीय स्वीस नागरिक वार्नर ब्लाजर

स्वामित्वबाटै ब्लाजर बाहिरिनु पर्‍यो। प्रजातन्त्रको स्थापनाकालदेखि ज्योति समूह र ब्लाजरको विवादित यात्रा सुरु हुन्छ। ०४६ मा ब्लाजर र ज्योति समूहबीच नेपालमा कपडा उद्योग चलाउन प्रविधि हस्तान्तरण सम्झौता भयो, पाँच वर्षका लागि। उद्योग विभागबाट स्वीकृत भई बाराको परवानीपुरमा स्थापना भएको उद्योगमा ब्लाजरले प्रविधि भित्र्याए। उद्योग चलिरहेकै थियो। तर १० असार ०४९ को सञ्चालक समितिको बैठकले काम सन्तोषजनक नभएको भन्दै सम्झौता भंग गरेको पत्र ब्लाजरलाई दियो। त्यसपछि उत्पन्न भएको विवाद टुंगिनु त परै जाओस्, अनेक उल्झन खेपिरहेछ।

यो यस्तो मुद्दा हो, जुन अदालतकै भरथेगमा चलाखीपूर्वक लम्बाइएको छ। ज्ञातव्य रहोस्, व्यापारिक कारोबार, लगानी, निर्माणकार्य, विकास आयोजनाजस्ता विवाद चाँडो सल्टाउन मध्यस्थमार्फत फैसला गर्ने विश्वव्यापी चलन हो। तर नेपालमा भने मध्यस्थको अभ्यास ठीक उल्टो छ। त्यसैको एउटा उदाहरण मात्र हो, ज्योति समूह र ब्लाजरबीचको उल्झन।

उद्योग विभागले ०५१ साउनमा आफ्नो प्रयासले विवाद पार नलागेको पत्र दिएपछि यो विषय मध्यस्थकहाँ पुग्यो। विभागले विवादबाट हात उठाएपछि ब्लाजरले करारविपरीत सम्झौता तोडेको भन्दै काठमाडौँ जिल्ला अदालतमा मध्यस्थमार्फत मुद्दा छिनोफानो गर्न निवेदन चढाए। ०५२ मा मध्यस्थ नियुक्त गरेर थालिएको समाधानको जड अझै पहिल्याउन सकेको छैन। बरु २५ वर्षको अवधिमा थुप्रैपटक मध्यस्थ, जिल्ला, पुनरावेदन (हाल उच्च) र सर्वोच्च अदालतमा चर्खा घुमेझैँ फन्को मारिरहेको छ। (हेरौँ, इन्फो)

अवस्था कस्तो आएको छ भने जुन कम्पनीका लागि विवाद उब्जेको हो, उक्त कम्पनी अहिले अस्तित्वमै छैन। कम्पनीले लिक्विडेटर नियुक्त गरेर मुद्दा लडिरहेको छ। ज्योति स्पिनिङ मिल्सको कारखाना रहेको परवानीपुरमा अहिले ज्योति समूहकै जय स्पिनिङ मिल्स चल्ने गरेको समूहको वेबसाइटमा उल्लेख छ। सन् २०१२ देखि त्यहाँ जय स्पिनिङ सञ्चालनमा छ।

मुद्दाको मारखेसाङ्लो

मध्यस्थ नियुक्तको माग गर्दै ब्लाजरले काठमाडौँ जिल्ला अदालतमा चढाएको निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीश पुष्पबहादुर थापाको इजलासले ०५२ चैतमा दुवै पक्षबाट तीन/तीन जना मध्यस्थको मञ्जुरीसहितको नामावली दिन र त्यसमध्ये एक/एक जना मध्यस्थ १५ दिनभित्र नियुक्ति गर्न आदेश दियो। यो आदेश नमानी ज्योति समूह पुनरावेदन अदालत गयो। पुनरावेदनले जिल्लाकै निर्णय सदर गरिदियो। ज्योति समूहले फेरि रिटमार्फत सर्वोच्च गुहार्‍यो। सर्वोच्चले रिट खारेज गरिदिएपछि ब्लाजर मध्यस्थको खोजीमा काठमाडौँ अदालत पुगे।

०५५ वैशाखमा जिल्ला अदालतले शम्भुप्रसाद ज्ञवालीलाई मध्यस्थ चुन्यो। तर ब्लाजर तीन सदस्यीय मध्यस्थ नियुक्ति हुनुपर्ने भनेर पुनरावेदन अदालत पुगे। पुनरावेदनले ब्लाजरको पक्षमा फैसला गरेपछि ज्योति समूह सर्वोच्च उक्लियो। सर्वोच्चले पुनरावेदनको निर्णय उल्टाएर जिल्ला अदालतको निर्णयमा सहमति जनाइदियो। त्यतिबेलासम्म मध्यस्थ ज्ञवालीको निधन भइसकेकाले फेरि नयाँ मध्यस्थ चयन गर्नुपर्ने भयो। २५ भदौ ०६० मा अधिवक्ता बलराम केसीले मध्यस्थका रूपमा काम थालेका मात्र थिए, एक वर्ष नपुग्दै सर्वोच्चको न्यायाधीश बनेपछि राजीनामा दिनुपर्‍यो। त्यसपछि मध्यस्थको जिम्मेवारी ०६१ साउनमा पूर्वन्यायाधीश हिरण्यश्वरमान प्रधानकहाँ पुग्यो। मंसिरमा प्रधानले हदम्याद नाघेका आधारमा ब्लाजरको क्षतिपूर्तिको दाबी नपुग्ने निर्णय सुनाए। मध्यस्थको निर्णयविरुद्ध ब्लाजर पुनरावेदन गए। पुनरावेदनले ०६२ पुसमा मध्यस्थको निर्णय त्रुटिपूर्ण देखाएर पुनः छिन्न भन्यो।

ज्योति समूहले पुनरावेदनको निर्णयविरुद्ध सर्वोच्चमा रिट हाल्यो। सर्वोच्चले ०६५ भदौमा रिट खारेज गरिदिएपछि प्रधानले मध्यस्थबाट राजीनामा दिए र यो मामिला झन् अल्झियो। नयाँ मध्यस्थ नियुक्त गर्न अर्को दुई वर्ष लाग्यो। जिल्ला अदालतले कनकविक्रम थापालाई मध्यस्थ तोक्यो तर ६ महिनापछि नै आफू स्पिनिङ मिल्सको सेयर होल्डर भएको कारण देखाएर राजीनामा दिए।

०६८ असारमा पुनः बलराम केसी मध्यस्थ बनेर आए, जतिबेला उनले न्यायाधीशबाट अवकाश पाइसकेका थिए। केसीले ०६९ जेठमा ज्योति समूहले ब्लाजरलाई दुई लाख २० हजार स्वीस फ्रैंक र १० प्रतिशत ब्याज भराउनुपर्ने निर्णय सुनाए। ब्लाजरले मागेभन्दा बढी रकम दिने फैसला त्रुटिपूर्ण रहेको भन्दै ज्योति समूह यस निर्णयविरुद्ध पुनरावेदन अदालत पुग्यो।

ज्योति समूह र वार्नर ब्लाजरको
अन्त्यहीन विवाद

२३ चैत ०५२
दुवै पक्षबाट तीन/तीन जना मध्यस्थको मञ्जुरीसहितको नामवली दिन र त्यसमध्ये एक/एक मध्यस्थ १५ दिनभित्र नियुक्ति गर्न आदेश। आदेशविरूद्ध ज्योति समूह पुनरावेदन अदालतमा।

१३ जेठ ०५३
जिल्ला अदालतको आदेश सदर। ज्योति समूह रिटमार्फत सर्वोच्च प्रवेश।

८ फागुन ०५४
सर्वोच्चद्वारा रिट खारेज। त्यसपछि ब्लाजर जिल्ला अदालत काठमाडौँमा मध्यस्थ नियुक्तिका लागि गएको।

१८ वैशाख ०५४
जिल्ला अदालतबाट शम्भुप्रसाद ज्ञवालीलाई मध्यस्थ नियुक्त। तीन सदस्यीय मध्यस्थ नियुक्ति गर्नुपर्ने भन्दै पुनरावेदन अदालतमा ब्लाजरको निवेदन।

१७ असार ०५६
पुनरावेदनद्वारा ज्ञवालीलाई मध्यस्थ नियुक्ति गर्ने जिल्ला अदालतको फैसला उल्टी। नारायणदत्त शर्मा र चूडामणिराज सिंह मध्यस्थ नियुक्त। ज्योति समूह सर्वोच्चमा।

९ वैशाख ०६०
सर्वोच्चद्वारा जिल्लाको निर्णय सदर।

२५ भदौ ०६०
शम्भुप्रसाद ज्ञवालीको मृत्यु भएकोले जिल्ला अदालतले बलराम केसी मध्यस्थ नियुक्त, केसी सर्वोच्चको न्यायाधीश बनेपछि पुनः अर्को मध्यस्थ नियुक्त गर्नुपर्ने।

२२ साउन ०६१
जिल्ला अदालतबाट हिरण्यश्वरमान प्रधान मध्यस्थ नियुक्त।

९ मंसिर ०६१
हदम्यादको कारण देखाएर निवेदन खारेज। मध्यस्तको निर्णयविरूद्ध ब्लाजर पुनरावेदनमा।

११ पुस ०६२
पुनरावेदनद्वारा मध्यस्थको निर्णय बदरको फैसला। ज्योति समूह रिटमार्फत सर्वोच्चमा।

२३ भदौ ०६५
रिट खारेज। मध्यस्थ प्रधानद्वारा राजीनामा।

२४ जेठ ०६७
कनकविक्रम थापा मध्यस्थ नियुक्त

२१ मंसिर ०६७
मिल्सको सेयरहोल्डर भएकोले मध्यस्थ गर्न नमिल्ने भन्दै राजीनामा

३१ असार ०६८
पूर्वन्यायाधीश बलराम केसी पुनः मध्यस्थ नियुक्त

१ जेठ ०६९
ब्लाजरले २ लाख २० हजार स्वीस फ्रैंक र कानुनबमोजिम १० प्रतिशत ब्याज पाउने निर्णय। मागदाबीभन्दा बढी रकम भराउने निर्णय गरेको भन्दै ज्योति समूह पुनरावेदनमा।

२४ वैशाख ०७०
पुनरावेदनले मध्यस्थको निर्णय नमिलेको ठहर। पुनः निर्णय गर्न मध्यस्थलाई आदेश। ज्योति समूह रिटमार्फत फेरि सर्वोच्च प्रवेश

१४ असार ०७५
रिट खारेज। नयाँ संविधानले पूर्वन्यायाधीशलाई मध्यस्थ बस्न निषेध गरेपछि बलराम केसीले मुद्दा हेर्न नमिलेको।

१९ साउन ०७६
पुनः मध्यस्थ नियुक्तिको लागि काठमाडौँ जिल्ला अदालतमा निवेदन

स्रोत : नेपाल मध्यस्थता परिषद्

बारास्थित ज्योति स्पिनिङ मिल्सको क्षेत्रमा सञ्चालित जय स्पिनिङ मिल्स

पुनरावेदनले ०७० वैशाखमा हिसाबकिताबमा त्रुटि देखिएको भन्दै पुनः निर्णयमा पुग्नु भनेर मध्यस्थकहाँ फर्काइदियो । तर मध्यस्थले निर्णयादेश नसुनाउँदै ज्योति समूह रिटमार्फत सर्वोच्च पुग्यो । सर्वोच्चले पाँच वर्षपछि ०७५ असारमा मात्र रिट खारेजीको निर्णय सुनायो । यहीबीच ०७२ मा नयाँ संविधान जारी भएपछि पूर्वन्यायाधीशलाई मध्यस्थ बन्न नमिल्ने व्यवस्था राखियो र केसी उक्त मुद्दा प्रक्रियाबाट बाहिरिए ।

त्यसपछि ब्लाजरले विवाद टुंग्याउन अनुरोध गर्दै नेपाल मध्यस्थता परिषद्मा निवेदन दिए । परिषद् यस्ता विवादमा मध्यस्थ खोजिदिने नेपालको निजी संस्थागत निकाय हो । तर परिषद्ले २३ असार ०७६ मा कारण नदर्साई मध्यस्थ बस्न अस्वीकार गरेको पत्र थमायो । परिषद्ले आफ्नो कुनै पनि भूमिका नरहेको ब्लाजरलाई दिएको चिठीमा लेखिएको छ । मध्यस्थता परिषद्ले मुद्दामा चासो नदेखाउनु अर्थपूर्ण छ । त्यसपछि यो मुद्दा जिल्ला अदालतमै फर्किएर पुनः मध्यस्थ ढुकिरहेको छ । सर्वोच्च अदालतले यस्ता विवादहरू रिटको अधिकार क्षेत्रमा पर्ने नजिर १७ वर्षअघि नै बसालिदिएकाले अझै मुद्दा कहिले किनारा लाग्छ भन्ने अनुमानसम्म लगाउन मुस्किल छ ।

सर्वोच्चकै बदनियत

व्यापारिक कारोबार, ठूला विकास परियोजनामा निम्तिने विवाद नियमित अदालती प्रक्रियाबाट मुद्दामा जाँदा वर्षौं लाग्ने र त्यसले दुवै पक्षलाई आर्थिक हानि हुने हुँदा छिटोछरितो विवाद सल्टाउन मध्यस्थको अवधारणा जन्मिएको हो । दुवै पक्षले आ-आफूले रोजेको, पत्याएको विज्ञबाट विवाद समाधान गरिने भएकोले यसलाई व्यापारिक र ठूला कारोबारमा व्यावहारिक न्यायिक प्रणाली मानिन्छ । तर नेपालमा भने मध्यस्थको अभ्यास मर्मविपरीत चलिरहेको छ । छिटो, छरितो र झन्झटरहित विवाद सुल्झाउनुपर्ने मध्यस्थको अभ्यास नियमित अदालतसरह झन्झटिलो बनाइँदै लगिएको छ ।

सर्वोच्च अदालतको आडमै शक्तिशालीहरूले मुद्दा अनन्त कालसम्म लम्बाउने प्रवृत्ति झाँगिएको छ । अर्थात् नियमित अदालती प्रक्रिया र मध्यस्थमार्फत छिनिने मुद्दाको समयावधि उस्तै मात्र होइन, अझ बढी हुने गरेका उदाहरण छन् । “मध्यस्थले गरेका निर्णय अन्तिम हुने विश्वव्यापी चलन हो,” नेपाल मध्यस्थता परिषद्का अध्यक्ष वीरेन्द्रबहादुर देउजा भन्छन् “तर हाम्रोमा त एकैचोटि सर्वोच्च पुग्छ र तहगत अदालतहरूमा घुमिरहन्छन् । मध्यस्थको मर्मअनुसार कामै भएको छैन ।”

यस्तो मर्म भत्काउने निकाय सर्वोच्च अदालत स्वयं हो । कृषि सामग्री संस्थान र सुमित प्रकाश एसियाबीचको विवादमा सर्वोच्चले ०५९ मा गरेको फैसलाका कारण मध्यस्थमार्फत हुने निर्णय लम्बिने ढोका खोलेको मानिन्छ । संस्थान र एसियाबीच १९ साउन ०५२ मा १० हजार मेट्रिक टन युरिया मल आपूर्तिसम्बन्धी सम्झौता भएको थियो । एसियाले आपूर्ति नियमित गर्न नसकेपछि संस्थानले सम्झौता भंग गर्‍यो । त्यसपछि यो विवाद तीन सदस्यीय मध्यस्थकहाँ पुग्यो । मध्यस्थको बहुमतले संस्थानले प्रकाश एसियालाई एक लाख २५ हजार ९ सय ४५ अमेरिकी डलर क्षतिपूर्ति तिर्नुपर्ने र बैंक ग्यारेन्टी जफत नहुने फैसला सुनायो, १३ कात्तिक ०५४ मा । मध्यस्थको निर्णयविरुद्ध संस्थानले पुनरावेदन अदालत गुहार्‍यो । पुनरावेदनले २ मंसिर ०५५ मा निवेदन खारेज गरिदिएपछि संस्थान सर्वोच्च पुग्यो रिटमार्फत । तर सर्वोच्चको इजलासमा मध्यस्थको निर्णय रिटको क्षेत्राधिकारमा पर्ने/नपर्ने विषयमा न्यायाधीशको राय बाझियो ।



फैसला पुनरावेदन वा दोहोर्‍याउने वैकल्पिक बाटो हुँदाहुँदै रिटमार्फत आएकोले खारेज हुने राय न्यायाधीश दिलीपकुमार पौडेलको थियो भने अर्का न्यायाधीश लक्ष्मणप्रसाद अर्यालले यो विषय रिट तहबाटै हेर्नुपर्ने राय दिए । राय जुधेपछि मुद्दा पूर्ण इजलासमा पुग्यो । १३ भदौ ०५९ मा सर्वोच्चको पूर्ण इजलासले अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट निवेदनभित्र प्रवेश गर्ने निर्णय सुनाइदियो । मीनबहादुर रायमाझी, अरविन्दनाथ आचार्य, हरिप्रसाद शर्मा, चन्द्रप्रसाद पराजुली र रामनगिना सिंहको बृहत् पूर्ण इजलासले रिट लाग्ने अनुमति दिएको हो । पुनरावलोकनको बाटोसमेत बन्द गरेर यो फैसला भएको थियो । बृहत् पूर्ण इजलासको फैसलाउपर पुनरावलोकन गर्न सकिँदैन । यो फैसला ०५९ को *नेपाल कानुन पत्रिकामा* प्रकाशित छ । कानुन पत्रिकामा प्रकाशित फैसला नजिर हो ।

त्यसपछि नै हो, मध्यस्थका फैसला सर्वोच्चमा रिटमार्फत धमाधम छिर्न थालेको । यस्ता रिटको उद्देश्य हुन्छ, हार्ने पक्षले मुद्दा लम्बाउने वा आफ्नो पक्षमा फैसला गराउने । मध्यस्थको विवाद रिटमार्फत सुनवाइको अनुमति पाएपछि सर्वोच्चले संस्थान र एसियाबीचको यो मुद्दाको सुनुवाइ साइत ६ वर्षपछि मात्र आयो । ६ माघ ०६५ मा सर्वोच्चले मध्यस्थको निर्णय मात्रै त्रुटिपूर्ण ठहर्‍याएन, असाधारण क्षेत्राधिकारमार्फत रिट निवेदन दिने बाटो खोलिदिने सर्वोच्चकै कदममा समेत गम्भीर प्रश्न उठाइदियो ।

प्रतीतपत्र (एलसी) खोल्नेसम्बन्धी संस्थान र सुमित प्रकाश एसियाबीच भएको सम्झौताविपरीत मध्यस्थले निर्णय गरेको सर्वोच्चले औंल्यायो । मल आपूर्तिकर्ता कम्पनीले आफूले भनेको बैंकमा संस्थानले एलसी नखोलिदिँदा सम्झौताअनुसार सामान ढुवानी गर्न नसकेको भन्दै सम्झौता भंग

भएको थियो । तर सम्झौतामा आपूर्तिकर्ताले तोकेको बैंकमा एलसी खोल्ने प्रावधान नै नभएकोले मध्यस्थको निर्णय त्रुटिपूर्ण रहेको टुंगोमा सर्वोच्च पुग्यो । साथै पफर्मेन्स बोन्ड जफत नगर्नु भन्ने मध्यस्थको निर्णयसमेत सम्झौता, करार कानुन र मध्यस्थ ऐनविपरीत भएको सर्वोच्चले ठहऱ्यायो । त्योभन्दा पनि महत्वपूर्ण पक्ष, रिट निवेदनमार्फत यस्ता विवाद सर्वोच्च छिराउनु न्यायालयको दुर्नियत भनेर व्याख्या गरिदियो । न्यायाधीशद्वय बलराम केसी र दामोदरप्रसाद शर्माको इजलासले यो फैसला गरेको हो ।

सर्वोच्चले असाधारण अधिकारक्षेत्रअर्न्तगत रिट निवेदन लाग्ने नजिर बसालिदिएपछि कम्तीमा पनि पाँच तहका अदालतमा सुनुवाइ हुनुपर्छ । जिल्ला वा उच्च अदालतले मध्यस्थ नियुक्त गरेपछि मध्यस्थ, उच्च अदालत, सर्वोच्चमा रिट, रिटउपर न्यायप्रशासन ऐनअनुसार पुनरावलोकनका लागि निवेदन गरी विवाद समाधान हुन पाँच तह पार गर्नुपर्छ । 'यस्तो व्यवस्थाले गर्दा मध्यस्थद्वारा विवाद समाधान गराउने र साधारण अदालतको 'लिटिगेसन' मा फरक भएन । मध्यस्थको निर्णयउपर तीन तहका अदालतको सुनुवाइको व्यवस्थामा पुनर्विचार गर्नुपर्ने देखियो,' ०५९ को सर्वोच्चको उक्त फैसलामा किटानसाथ भनिएको छ । यति झन्झटिलो र लामो न्याय सम्पादन प्रक्रियाले वैदेशिक लगानीलाई समेत निरुत्साहन गर्ने अदालतको ठहर छ ।

यसपछि त मध्यस्थले गरेका निर्णयविरुद्ध एकपछि अर्को रिटको लर्को सर्वोच्चमा लाग्न थालेको देखिन्छ । ओरिन्ड म्याग्नेसाइड र दामोदर रोपवेज एन्ड कन्स्ट्रक्सनको विवाद यही नजिरका आधारमा सर्वोच्चमा सवार भयो । दोलखाको लामोसाँघुदेखि खरीढुंगासम्म साढे १० किलोमिटर मोनोकेवल रोपवे बनाउन १४ जनवरी १९८३ मा म्याग्नेसाइड र दामोदर रोपवेजबीच ठेक्का सम्झौता भयो । सम्झौताबमोजिम दामोदर रोपवेजले मनासयपत्र जारी गरेको २५ महिनाभित्र निर्माण सकाएर ठेक्कादाता ओरिन्डलाई हस्तान्तरण गर्नुपर्ने थियो ।

यही सम्झौताका आधारमा नेपाल सरकार र दामोदर रोपवेजबीच आठ महिनापछि जमानी


नेपाल मध्यस्थता परिषद् (नेपका)
NEPAL COUNCIL OF ARBITRATION (NEPCA)
स्थापित: २०४८ (Estd. 1991 AD)

विनाकारण मध्यस्थ बन्न अस्वीकार गरेको मध्यस्थता परिषद्को पत्र

सम्झौता भयो । ठेक्का सम्झौताको अधीनमा रही ठेक्का रकममध्ये २५ लाख ८३ हजार ६ सय ४६ अमेरिकी डलरको जमानी नेपाल सरकार बसेको थियो । तर ठेकेदार र ठेक्कादाता कम्पनीबीच किचलो पैदा भयो । ठेकेदार कम्पनी दामोदर रोपवेले जमानी बस्ने नेपाल सरकारले क्षतिपूर्ति दिनुपर्ने दाबी झिक्यो ।

त्यसपछि यो खिचलो मध्यस्थमार्फत टुंग्याउने सहमति बन्यो र १८ भदौ ०५४ को मध्यस्तको निर्णयानुसार सरकारले दामोदर रोपवेजलाई दाबीबमोजिम भुक्तानी दिनुपर्ने निर्णय सुनायो । निर्णयविरुद्ध सरकारले पुनरावेदन अदालत (हाल उच्च) पाटनमा पुनरावलोकन गऱ्यो । पुनरावेदनले समेत मध्यस्थकै निर्णय सदर गरिदिएपछि सरकार रिटमार्फत सर्वोच्च पुग्यो । सर्वोच्चले मध्यस्थको निर्णय करार सम्झौताविपरीत देखिएको भन्दै खारेज गरिदियो र पुनः चाहेमा मध्यस्थमार्फत समाधान खोज्न भन्यो ।

रिट अस्त्रको लामो प्रयास

मध्यस्थको निर्णयविरुद्ध रिट लाग्ने बनाउने प्रयास लामो समयदेखि भएको न्यायिक इतिहास पल्टाउँदा थाहा लाग्छ । रिट सुनुवाइको अनेक प्रयास भएको भेटिन्छ । ०५१ मै नेपाल राष्ट्र बैंक र विजय कन्स्ट्रक्सन कम्पनीबीचको मध्यस्थको निर्णय रिटमार्फत सर्वोच्च छिर्ने जमर्को गरेको थियो । राष्ट्र बैंकका गभर्नर हरिशंकर त्रिपाठी र विजय कन्स्ट्रक्सन कम्पनीका प्रबन्ध निर्देशक राजेन्द्रमान शेरचनको यो मुद्दा ११ मंसिर ०५२ मा सर्वोच्चको संयुक्त इजलासले दोहोऱ्याउने निस्सा मात्र दिएको थियो ।

०५६ मा अर्को विवाद फेरि रिटमार्फत सर्वोच्च भित्रिन खोज्यो । दी ब्रिजलाइन कर्पोरेसनका अमरशमशेर जबरा र पुनरावेदन अदालत पाटनबीचको विवादमा मध्यस्थले गरेको निर्णयविरुद्ध सर्वोच्चमा रिट पऱ्यो । तर सर्वोच्चले मुद्दा दोहोऱ्याउने वैकल्पिक बाटो छोडेर रिटमा आएको भन्दै खारेज गरिदियो, १६ साउन ०५८ मा ।

यसको एक वर्षपछि कृषि सामग्री संस्थान र सुमित प्रकाश एसियाबीचको विवाद प्रकरणमा सर्वोच्चले रिटको मार्ग खोलिदिएपछि नै हो, पुनरावेदनले मध्यस्थकहाँ पुनः निर्णय गर्न पठाएको आदेशविरुद्ध ज्योति समूह सर्वोच्चमा रिट लिएर गएको । यही रिटमार्फत ज्योति समूहले पाँच वर्ष मुद्दा तन्काइदियो र अहिले जिल्ला अदालतमा मध्यस्थ नियुक्तिको प्रक्रियामा छ । अर्थात् विवाद उब्जिएको डेढ दशक कट्दा पनि मुद्दाको सुरु चरणमै छ ।

दुई वा बहुपक्षीय सम्झौतामा मध्यस्थको संख्या तोकिएको भए सोहीअनुसार र नतोकिएको भए तीन जनाको हुने मध्यस्थ ऐन, ०५५ मा व्यवस्था छ । दुवै पक्षबाट एकएक मध्यस्थ नियुक्त हुने र दुवैले छानेको तेस्रो व्यक्ति संयोजक तोकिनेछ । सम्झौताबमोजिम मध्यस्थ नियुक्त हुन नसकेमा उच्च अदालतमा यसका लागि आवेदन दिइन्छ र आपसी सहमतिमा नियुक्त हुन नसकेमा अद्दालतले ६० दिनभित्र मध्यस्थ नियुक्त गर्ने प्रावधान छ ।

नियमित अदालतमा मुद्दा छिन्ने न्यायाधीशहरू व्यापारिक कारोबारसँग उति परिचित नहुन सक्ने भएकाले समेत विषयविज्ञहरूलाई मध्यस्थ तोकेर गरिने वैकल्पिक न्यायको बाटो प्रभावकारी मानिन्छ, संसारभर । तर नेपालमा भने सरल हुनुपर्ने न्यायको यो बाटो झनै जटिल बन्दै गएको छ, सर्वोच्चमा रिट लाग्ने अभ्यास चलेसँगै । सर्वोच्चका पूर्वन्यायाधीश बलराम केसीका अनुसार पुनरावेदन/उच्च अदालतले मध्यस्थको निर्णयमाथि कानुनी नापजाँच गरेर त्रुटिपूर्ण पाएमा पुनः निर्णयार्थ मध्यस्थ कहाँ नै पठाउन सक्छ तर आफैँले निर्णय गर्न सक्दैन । "तर हामीकहाँ सर्वोच्चसम्म रिट लाग्ने गलत अभ्यास भएको छ," उनी भन्छन्, "यसलाई नसच्याउने हो भने मध्यस्थको व्यवस्था

खारेज गरेर नियमित अदालतबाटै यस्ता विवाद सल्टाउने भनिदिनुपर्छ।"

नियमनकारी कि कार्यकारी ?

मध्यस्थका फैसला, आचरणउपर नियमन गर्ने निकाय नै छैन, नेपालमा। ०४८ मा नेपाल मध्यस्थता परिषद् स्थापना भए पनि यसलाई नियमनकारी स्वायत्त निकायका रूपमा विकास गरिएन। बरु संस्थागत रूपमा यसले विवादका पक्षविपक्षलाई मध्यस्थ खोजिदिने कार्यकारी भूमिका निर्वाह गर्दै आएको छ। मध्यस्थका कामकारबाही मिले/नमिलेको, उनीहरूका आचरण ठीक भए/नभएको नियमन गर्ने निकाय नै छैन।

जसरी न्यायाधीशका फैसला, आचरणउपर न्यायपरिषद्ले, चिकित्सकहरूको कामकारबाहीबारे मेडिकल परिषद्ले, वकिलहरूको कामकारबाही बार काउन्सिलले नियमन गर्छ, मध्यस्थको निर्णयउपर कसैले निगरानी राख्दैन। यसले मध्यस्थका निर्णय स्वेच्छाचारी हुने खतरा बढी छ। यसै पनि सरकारी निकाय र ठेकेदारबीच हुने विवादमा धेरैजसो मुद्दा ठेकेदारको पक्षमा निर्णय हुने गरेका तथ्यांक छन्।

०७१ देखि ०७५ सम्मको अवधिमा सडक विभागअन्तर्गत ठेक्का लागेका ५३ वटा आयोजनाका विवाद मध्यस्थता परिषद्मा पुग्दा ३५ विवाद ठेकेदारको पक्षमा र ६ वटा सरकार पक्षमा निर्णय भएको देखिन्छ। यसको मतलब सरकारको पक्षमा मात्रै निर्णय हुनुपर्छ भन्ने होइन। तर यसले मध्यस्थको तटस्थ भूमिकामाथि भने प्रश्न उठाउन सकिन्छ। मध्यस्थको योग्यताबारे कुनै मापदण्ड छैन। "जो पनि मध्यस्थ बस्न पाउने प्रावधान नै बेठीक छ," वरिष्ठ अधिवक्ता हरि उप्रेती भन्छन्, "राज्यले काम दिएपछि उनीहरूको योग्यताका आधार समेत तोकिदिनुपर्ने हो। त्यस आधारमा उनीहरूका कामकारबाही नियमन हुनुपर्छ। कसैको निगरानी नहुँदा निर्णयमा त्यसको असर देखिन सक्छ। मेरो काम कसैले त हेर्दै छ भन्ने त हुनुपर्‍यो नि।"

एकातिर मध्यस्थका व्यवहार निस्फिक्री चलिरहेका छन् भने अर्कोतिर मध्यस्थका निर्णयउपर विश्वव्यापी मान्यताविपरीत नियमित अदालती प्रक्रियामा अल्झिरहेका छन्। यस्तो उल्टो अभ्यासले मध्यस्थ प्रणाली न्यायको वैकल्पिक पद्धति नभई माखेसाङ्लो बन्ने देखिन्छ। ने

टिप्पणी

बीउ बिजन सुरक्षा

यमुना घले

'अनिकालमा बीउ जोगाउनु, हुलमुलमा जीउ जोगाउनु'। हाम्रो समाजमा प्रचलित यस्ता उक्तिले गहिरो सन्देश बोकेका छन्। एक पुस्ताबाट अर्को पुस्तामा आधिकारिक गुण सार्नमा बीउको विशेष भूमिका रहन्छ। यसरी पुस्तान्तरण गर्न बीउ, वानस्पतिक भाग, तन्तु (टिस्यु) या आनुवंश (जीन) को स्तरमा हेरफेर गरिएका सामग्रीको प्रयोगलाई समेत लिन सकिन्छ।

नेपालमा पुस्तौँदेखि कृषकहरूले बीउको मौलिक विकास गर्दै आएको भए पनि यसको औपचारिक सुरुआत भने सन् १९६० मा गहुँको लेर्मा ५२ जातको उन्मोचनबाट भएको पाइन्छ। सन् १९८८ मा बीउ बिजन नीति ल्याएको र हाल निजी क्षेत्रको सहभागिताको रूपमा विभिन्न निजी कम्पनीहरू बीउ बिजनको कारोबारमा संलग्न भएको देखिन्छ।

नेपाल भौगोलिक मानचित्रमा सानो भए पनि जैविक विविधतामा अपार धनी देश हो। त्यसैले आफ्नो देशभित्रै भएका बीउ बिजनको संभाव्यता उजागर गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सहकार्यबाट यो क्षेत्रलाई बढावा दिने उद्देश्यले नेपाल सरकारले बीउ बिजनको दूरदृष्टि (भिजन) सन् २०१३-२५ तयार पारेको छ। यसका तीन उद्देश्यमा बीउमा आत्मनिर्भरता, आयात प्रतिस्थापन, र निकासी प्रबर्द्धन छन्। यसैगरी कृषि विकास रणनीति सन् २०१५-३५ ले बीउ बिजनको क्षेत्रलाई कृषिको समग्र विकासको एक महत्त्वपूर्ण अंश मानेको छ। बीउ बिजनको दूरदृष्टिले जातीय विकास र नीजि क्षेत्रको भूमिकालाई पनि उजागर गर्नुका साथै लक्षित नतिजाहरू तोकी पाँच रणनीतिहरू लिएको छ :

एक- जातीय विकास, उन्मोचन र सम्भार। दुई- सरकारी, समुदाय र निजी क्षेत्र मिलेर बीज वृद्धि। तीन- बीउ बजारसँग सम्बद्ध सीप, पूर्वाधार र उद्यमशीलता विकास। चार- कृषकको चाहनाअनुरुपको गुणस्तरीय बीउको प्रबर्द्धन र पाँच- आवश्यक वातावरण बनाउने। यसरी अन्नबाली, तरकारी, दालबाली, आलु, घाँसेबाली र औद्योगिक बाली सबै गरेर सन् २०१० मा उपलब्ध २३२ जातको संख्या ४२३ पुग्ने गरी जातीय उन्मोचन गर्ने र धान, मकै, तरकारीका जातहरूको दर्ता पनि २५१ पुऱ्याउने लक्ष्य राखेको छ।

भूमण्डलीकरणको परिवेशमा, बीउ बिजन पनि व्यापारको एक कडीको रूपमा स्थापित भइसकेको तथ्य द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय व्यापार सम्झौताका प्रावधानहरू र व्यापारको आँकडाबाट पुष्टि हुन्छ। विश्व व्यापार संगठनको धारा २७.३, 'ख' मा उल्लेखित जैविक पदार्थमा बौद्धिक सम्पत्तिको अधिकार यसको एउटा ज्वलन्त उदाहरण हो। बीउ बिजनको क्षेत्रमा कार्यरत ईटिसी समूहका अनुसार सन् २०१७ मा मात्र विश्वभरमा २० कम्पनीले अमेरिकी डलर १८९ मिलियनको बीउ व्यापार गरेको देखिन्छ। यसले के देखाउँछ भने बीउ बिजन र यससँग सम्बद्ध ज्ञान, सीप तथा जैविक स्रोत निजी

बहस

बीउ बिजनको क्षेत्रमा आउने चुनौतीप्रति सबै सरोकारवाला सधैँ चनाखो हुनु अन्यन्त जरूरी छ । अन्यथा कृषक अधिकार, समुदायका अधिकार मात्र नभई देशकै सम्प्रभुता नै धरासयी हुन सक्छ ।

क्षेत्रको नियन्त्रणमा गई कृषि र खाद्यप्रणाली नै सीमित कम्पनीद्वारा निर्देशित भएको देखिन्छ ।

नेपालमा हालसम्म पनि करिब १६ प्रतिशत मात्र बीउको कारोबार औपचारिक प्रणालीबाट भएको पाइन्छ । तथापि द्रुत गतिमा बढिरहेका व्यापारिक कम्पनीहरूले निजी क्षेत्रको बढ्दो संलग्नतालाई देखाउँछ । बीउ व्यवसायी संघ नेपालका अनुसार ४४ जिल्लामा २७ सय सदस्य बीउ व्यवसायी छन् । यसरी गरिने कारोबारमध्ये मूलत: तरकारीको बीउ र खुला सेचित बीउको तुलनामा वर्णशंकर बीउको कारोवार बढ्दो छ । अर्कोतर्फ व्यावसायिक खेती बढ्ने क्रमसँगै बीउको कारोवार निकासीको तुलनामा पैठारी बढ्दो छ । यसले के इंगित गर्छ भने देशमा मागअनुसार बीउको आन्तरिक आपूर्तिका लागि आवश्यक दीर्घकालीन सोच, अनुसन्धानमा लगानी र विभिन्न सरोकारवालाबीच संयोजनको खाँचो छ । सन् २०१८ मा रुकुममा गरिएको एक अध्ययनका अनुसार अझै पनि संगठित रूपमा बीउ बिजन उत्पादन र बजारीकरण, प्रविधिको उपयोग, उद्यम विकास र मागमा आधारित बीउ उत्पादन प्रक्रियामा सहजीकरणको अभाव देखिएको छ ।

हालसम्मको अवस्थालाई हेर्ने हो भने बीउ अनुसन्धानको क्षेत्रमा अति न्यून लगानी छ । विश्वको कुनै पनि देशले बीउ अनुसन्धानमा लगानीबिना आफ्नो देशको मागअनुरुप कृषिको विकास गर्न सकेको छैन । नवीनतम बीउ प्रविधिमा लगानी गर्न सके मात्र कृषिमा युवाको आकर्षण बढ्ने, महिलामैत्री कृषि प्रविधिको विकास गर्न सकिने, भूमण्डलीकरणका प्रक्रिया र जलवायु परिवर्तनले ल्याएका चुनौती र अवसरलाई समेट्न सकिने र कृषिलाई प्रतिस्पर्धी र दिगो बनाउन सकिन्छ । सन् २०१२ मा बैंककको एक गोष्ठीमा मैले भेटेका विश्वविद्यालयका युवा वैज्ञानिकहरूले मकैको जुंगाबाट सौन्दर्य प्रसाधन, चिया, मकैमा निहित रंगबाट आइसक्रिममा राख्ने रंग, कपडा रंग्याउने आदि विषयमा गरेको अनुसन्धानको परिणाम देख्दा हाम्रो देशमा पनि प्रविधि विकासमा युवाको संलग्नता गराउन सके कृषिक्षेत्रको भविष्य उज्ज्वल छ ।

हाल केही निजी क्षेत्रका व्यवसायीहरूले आफ्नै प्राविधिक राखेर मकै, धान तथा तरकारी बालीहरूमा परीक्षण सुरु गरेका छन् । परापूर्वकालदेखि स्थानीय समुदायले बीउ बिजनलाई उत्पादनको साधन मात्र नमानी यसको समग्र महत्त्वलाई अंगीकार गरेको पाइन्छ । यही मान्यतालाई आत्मसात गरी अन्तर्राष्ट्रिय प्रावधानहरू जस्तै जैविक विविधता महासन्धिको धारा ८ जे (स्थानीय समुदायको अधिकार) र कृषि तथा वनस्पतिजन्य आनुवांशिक स्रोतसम्बन्धी अभिसन्धिको धारा ९.३ (कृषकको अधिकार) अभ्यासमा आएका छन् । त्यसैले बीउको संरक्षण, सम्बर्द्धन, उपयोग र लाभको न्यायोचित बाँडफाँटको लागि राज्य, निजी क्षेत्र, अन्तर्राष्ट्रिय सरोकारवाला र समुदायबीच सहकार्य अनिवार्य छ ।

बीउ बिजनको क्षेत्रमा आउने चुनौती पनि प्रशस्तै छन् । यस्ता चुनौतीमा प्रकोपको समयमा बाह्य सहायतामार्फत बाँडिने बीउ बिजनको कारण हुन सक्ने अतिक्रमण, प्राविधिक सहायताका नाममा आउने निहित स्वार्थसहितका नीतिगत सल्लाह, व्यापार वा अन्य कुनै विषयगत सन्धिसँग बीउको सौदाबाजी हुन सक्ने संभावना, बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी कानुनमा हुन सक्ने कमजोरी र अनुसन्धानका नाममा आनुवंशिक पदार्थको कारोवार वा जैविक चोरी आदि पर्दछन् । त्यसैले यो सवालमा सबै सरोकारवाला सधैँ चनाखो हुनु अन्यन्त जरुरी छ । अन्यथा कृषक अधिकार, समुदायका अधिकार मात्र नभई देशकै सम्प्रभुता नै धरासयी हुन सक्छ ।

बीउ बिजन विकास गर्न राज्यको पहलले मात्रै सम्भव छैन । बीउ बिजनको दिगो व्यवस्थापनको लागि विधायकहरू, स्थानीय, प्रादेशिक, र संघीय सरकार, शैक्षिक संस्था, निजी क्षेत्र, समुदाय र प्रत्येक व्यक्ति सचेत र उत्तरदायी हुन अति आवश्यक छ । संविधानका अनुसूचीहरू र विस्तृतीकरण प्रतिवेदन, कृषि विकास रणनीति, बीउ बिजन दूरदृष्टि, बौद्धिक सम्पत्ति अधिकार ऐन सबैलाई समग्रतामा बुझेर राष्ट्को हित हुने गरी विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि मन्त्रालय, अन्य सम्बन्धित सरोकारवाला जस्तै नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान प्रणाली, जीन बैंक, अन्तर्राष्ट्रिय संस्थाहरू (ईरी, सिमिट, सीप, एभिआरडिसि आदि), सार्क बीउ बैंक, समुदाय र निजी क्षेत्रको भूमिका र क्षेत्राधिकार तोकेर बीउ बिजनको संरक्षण, संबर्द्धन र प्रबर्द्धन गर्न अत्यावश्यक छ । ■

रङ

क्यामरा–बाज



गोकर्ण गौतम
तस्बिर : सरोज बैजु

होस्टेलनजिकै विमानस्थल थियो । छुट्टी हुनासाथ विमानस्थल छिरिहाल्थे, पुरूषोत्तम प्रधान, ४२ । अहिलेजस्तो बन्देज थिएन, बिग्रिएका हवाईजहाज बनाएको, उडाएको छेवैबाट हेर्न पाइन्थ्यो । आकाशमा उड्ने हवाईजहाज तिलस्मी लाग्थे । कसैले ठूलो भएपछि के बन्छौं भनेर सोध्दा झट्ट जवाफ दिइहाल्थे, एरोनटिकल इन्जिनियर । जहाज बनाउने सपना थियो । तर हर सपना कहां पूरा हुन्छन् र ! जिन्दगीले कता डोऱ्याउंछ, के थाहा !

निरन्तर संघर्षले सफलताचाहिं चखाउँछ नै । एरोनटिकल इञ्जिनियर बन्न नपाए पनि छायाकारका रूपमा जहाजझैं उचाइ चुमेका छन् । यो समय नेपाली सिनेमाको छायाकारमध्ये पुरूषोत्तम सबभन्दा अगाडि देखिन्छन्, संख्या र गुणात्मक दुवै कोणबाट । ५३ फिचर फिल्म खिचिसके, ५ रिलिज हुन बांकी छन् । *लप्पन-छप्पन २* को तयारीमा छन् ।

अनुभवी निर्देशक हुन् वा नयां, पहिलो रोजाइमा पुरूषोत्तम नै पर्छन् । दूरदराजका कारूणिक दृश्य कैद गर्नु परोस् वा युरोपका मनमोहक दृश्य, उनी पोख्त मानिन्छन् । *मायाज बार*का दुई गीत लगातार ४८ घन्टा खटिएर खिचेका थिए, कलाकारले मेकअप गर्ने समयमा विश्राम लिंदै । दैनिक १३ घन्टा खिच्छन् । भन्छन्, "हामीले अहिलेसम्म कथामा खिचिरहेका छौं, स्क्रिप्टको उतारचढाव उतार्न सकेका छैनौं । अब मेरो प्रयास त्यतै हुन्छ ।"

छायाकारका रूपमा यतिविघ्न प्रतिष्ठा आर्जन गर्न पुरूषोत्तमले कति पसिना बगाए, कति हन्डर खाए, लेखाजोखा छैन । काठमाडौंमै जन्मिए पनि परिवारको आर्थिक स्थिति नाजुक थियो । त्यसमाथि उनी पांच वर्ष नपुग्दै पिताको निधन भयो । सबै जिम्मेवारी आमाको कांधमा भए पनि शान्ति निकुञ्ज स्कुलमा भर्ना गरिदिइन् । तर उनी थिए, बदमासको बादशाह । स्कुलबाट भागेर माछा मार्न र पौडी खेल्न खोला पुग्थे । अरूसंग झगडा परिरहन्थ्यो । पढाइमा शून्य । त्यसपछि आमाले कलैयास्थित ठूलीआमाको घर पठाइदिइन्, त्यहां पनि टिक्न सकेनन् । फर्केर गान्धी आदर्श माविमा भर्ना भए । भन्छन्, "गान्धी स्कुलमा पढ्न थालेपछि म गान्धीझैं ज्ञानी हुन थालें । आमाको दुःख बुझ्न थालें ।"

पुरूषोत्तमकी ठूलीआमाका छोरा अनुचन्द्र थसिनेकु सिने साउन्ड रेकर्डिङमा रेकर्डिस्ट थिए । अनुचन्द्रले उनलाई रञ्जना, अशोक र ज्योति हलमा फिल्म हेर्न लैजान्थे । एसएलसी परीक्षापछिको खाली समय अनुचन्द्रसंगको सामीप्य अझ बाक्लियो । त्यही बेला सिने साउन्डको ब्यानरमा *अवला* फिल्म बन्ने भयो, ड्रेस केयर टेकरको पद बांकी थियो । अनुचन्द्रले फुर्सदिला पुरूषोत्तमलाई त्यो काममा लगाए । उनले पनि नाइंनास्ती गरेनन्, पकेट खर्च आउंथ्यो । तर फिल्म नसकिंदै कहिले फुत्किउंभैं भएछ । भन्छन्, "बजेट थोरै रहेछ, त्यसैले स्पट ब्वाई, प्रोडक्सन एसिस्टेन्ट र लाइट सहयोगी सबै काम गर्नुपऱ्यो । त्यसमाथि जस नपाउने । हत्तुहैरान भएं ।" बल्लतल्ल *अवला*को छायांकन सकियो । एसएलसीको

> स्क्रिप्ट कमजोर छ भने क्यामराबाट कसरी सशक्त बनाउन सकिन्छ भन्नेतिर लाग्नुपर्छ । कतिपयलाई हस्तक्षेप लागे पनि त्यो होइन । स्क्रिप्ट बलियो छ भने चाहिँ त्यसलाई अझ मूर्त बनाउनतिर मात्र ध्यान हुन्छ ।

रिजल्ट आएको थिएन ।

*अवला*संग पुरूषोत्तम खुसी नभए पनि उनको खटाइ र इमानदारीबाट निर्माता प्रभावित थिए । त्यसैले नयां फिल्म *छोरीबुहारी*का लागि उनलाई बोलाइयो । एक महिनामा ६ हजार पाउने भएपछि आफूलाई रोक्न सकेनन् । बिस्तारै फिल्मप्रति प्रेम पलाउन थाल्यो । तर के बन्ने टुंगो थिएन । उनी दोधारमा रहेको थाहा पाएरै हुनुपर्छ, रेकर्डिस्ट माधव थपलियाले भनेछन्, 'लाइट बोक्दै गयौ भने एक दिन क्यामराम्यान हुन्छौ, बुम समात्यौ भने रेकर्डिस्ट अनि क्लाप हान्दै गयौ भने निर्देशक । रोजाइ तिम्रै ।' उनी भन्छन्, "त्यतिबेला म छायाकार मुरारी ठाकुरको व्यक्तित्व र काम गराइबाट प्रभावित थिएं । फुर्सद हुंदा क्यामरा फोकस सिक्न थालें ।"

०५५ सालतिर धमाधम फिल्म बन्न थाले । क्यामरा प्राविधिक अभाव भयो । त्यही मौकामा गौतम श्रेष्ठ, मञ्जुकुमार श्रेष्ठ, गौरीशंकर धुजु, चन्द्रप्रकाश घिमिरेजस्ता नामुदसंग छायांकारको सहायक हुन पाए । उनको खिचाइशिल्प खारिंदै गएको समय दरबार हत्याकाण्ड भयो । फिल्म निर्माण घट्यो । त्यसपछि टेलिभिजनतिर लागे । तीन वर्ष इमेज च्यानलको जागिरे भए, टेलिसिरियल, म्युजिक भिडियो र विज्ञापन खिचे । उनलाई नजिकबाट नियालिरहेकी प्रज्ञा घिमिरेले *सपुत* फिल्म खिच्न अफर गरिन् । यसलगत्तै *मेरो एउटा साथी छ*मा अनुबन्ध भए ।

डिजिटल प्रविधिको यस फिल्म छायांकनका दृष्टिले उम्दा मानिन्छ । ठिक्क बजेट भए पनि डिजिटलमा राम्रो गर्न सकिन्छ भन्ने प्रमाणित गरे, पुरूषोत्तमले । उनले खिचेको *ब्याच नम्बर १६* लाई प्राविधिक कोणबाट छलाङ नै मानिन्छ । नेपालको पहिलो थ्रीडी फिल्म *भिजिलान्ते* उनैले खिचेका हुन् । *छ एकान छ*बाट रेड क्यामरा चलाउन थालेपछि व्यस्तता चुलियो । भन्छन्, "म सेट पुगेपछि मात्र होइन, स्क्रिप्टबाटै निर्देशकसंग छलफल गर्छु । फिल्मको खिचाइबारे कल्पिन्छु ।" लाइट, लोकेसन, खिच्ने अवधिमा थोरै तलमाथि हुंदा बजेट बढ्छ । निर्मातालाई बजेटको बोझ नथपी स्तरीय शैलीमा खिच्ने प्रयास गर्छन् ।

नेपालमा फिल्म स्टुडियो छैन, सेट बनाइन्न, भनेजस्ता लाइट उपलब्ध हुंदैनन् । यसको मारमा पर्ने गर्छ, छायांकन । यही समस्याले पटकथाको ग्राफलाई सिनेमाटोग्राफीबाट उतार्न नसकेको दुखेसो पोख्छन्, प्रधान । उनमाथि छायांकनका क्रममा निर्देशकलाई हस्तक्षेप गर्ने र आफ्नो चाहनाअनुरूप खिच्ने आरोप पनि लाग्छ । उनको प्रस्टीकरण छ, "स्क्रिप्ट कमजोर छ भने क्यामेराबाट कसरी सशक्त बनाउन सकिन्छ भन्नतिर लाग्नुपर्छ । कतिपयलाई हस्तक्षेप लागे पनि त्यो होइन । स्क्रिप्ट बलियो छ भने चाहिं त्यसलाई अझ मूर्त बनाउनतिर मात्र ध्यान हुन्छ ।" उनी हिजो केही नक्कलमा खिचेको पनि स्वीकार्छन् । अबचाहिं फिल्मको मुड, इमोसन, गहिराइ बुझेको आभास हुन थालेको छ । त्यही भएर त उनले योजना बनाएका छन्, अब दस वर्ष फिल्म नै खिच्ने, त्यसपछि निर्देशन गर्ने । ने

बिस्तारै विश्वमञ्चमा

कालो पोथी

गोकर्ण गौतम

एसियाको प्रतिष्ठित बुसान अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलको एसियन प्रोजेक्ट मार्केटमा यस वर्ष ३ सय ८९ स्क्रिप्टबीच प्रतिस्पर्धा भयो । त्यसमा छानिएका २२ मध्ये दुइटा नेपालका छन्, विनोद पौडेलको *एक्रोन इन्टरनेसनल* र राजेश खत्रीको *श्यामश्वेत तस्बिर* । बुसानमा आउने फिल्म निर्माता, प्रदर्शक र वितरकबाट आफ्नो स्क्रिप्टमा लगानी जुटाउन विनोद र राजेश दक्षिण कोरिया पुगे ।

टोरन्टो अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल संसारकै फिल्ममेकरको 'ड्रिम' हो । यही फेस्टिभलमा आफ्नो सर्ट फिल्म *बेयर ट्रिज इन द मिस्ट*को वर्ल्ड प्रिमियर गरेर निर्देशक राजन खतिवडा क्यानडाबाट फर्किए, भदौ अन्तिम साता । टोरन्टोमा स्क्रिनिङ भएसँगै राजनको फिल्म विश्वका अन्य ख्यातिप्राप्त महोत्सवमा चयन हुने पक्कापक्की छ । विदेशी सिनेकर्मीको प्रतिक्रियाले दंग छन् ।

नयाँ फिचर फिल्म *चिसो वर्ष*को अन्तरक्रिया र फन्ड संकलनका लागि मीन भाम विभिन्न देश दौडाहामा छन् । स्क्रिप्ट तयार छ । बहुपति प्रथाको पृष्ठभूमिमा लामा र युवतीको प्रेमकथा बोल्ने यस फिल्मको अनुमानित बजेट ५ करोड रूपैयाँ छ । दीपक रौनियार न्युयोर्कमा छन्, सम्पूर्ण ध्यानचाहिँ मधेस आन्दोलनको पृष्ठभूमिमा आफूले बनाउन लागेको पोलिटिकल थ्रिलरको तयारीमा खर्चिरहेका छन् । ठूल्ठूला फेस्टिभल र फन्डिङ प्रोजेक्टमा सहभागी हुँदै छन् ।

नेपालमा फिल्म निर्माणको इतिहास ५५ वर्ष पुग्यो । सुरुमा बलिउडको मसलेदार सूत्रबाट प्रताडित भइयो, सारमा अहिलेको दुर्दशा पनि त्यस्तै छ । नेपालभित्रै फिल्मको व्यापार चौपट छ, बर्सेनि करिब सय फिल्म बन्छन् तर जेनतेन आधा दर्जनले मात्र नाफा कमाउँछन्, बहुसंख्यक फिल्मले प्रमोसनको खर्चसमेत उठाउँदैनन् । विभिन्न अनौपचारिक अध्ययनले कुल जनसंख्याको २ देखि ३ प्रतिशत मात्र हल पुग्ने देखाएका छन् । सिनेमा साक्षरता निर्धो छ । 'फिल्म हेर्नु भनेको बिग्रनु हो' भन्ने मनोदशा फेरिएको छैन । देशभित्र सिनेमाले सानदार उपस्थिति जनाउन सकेको छैन भने विश्व सिनेमञ्चमा हाम्रो हालत के होला ? के सिनेमाको दायरा नेपाल र नेपालीभाषीमाझ मात्र हो त ? सिनेमाको दृश्यभाषा विश्वव्यापी हुन्छ ।

तीतो सत्य हो, आधा शताब्दीको इतिहास बनाइसक्दा पनि संसारमा हाम्रो सिनेमाको स्वतन्त्र अस्तित्व निर्माण हुन सकेन । न त मौलिक कथा, पात्र, परिवेश र शैली नै पस्कन सक्यौँ । तर अवस्था केही बदलिएको छ । सुरूआतै सही, हाम्रा सिनेमा संसारका प्रतिष्ठित फेस्टिभलमा छानिन थालेका छन्, लगानीकर्ताको चासो बढेको छ, फिल्मकर्मीले 'एक्सपोजर' पाइरहेका छन् । माथिका उदाहरणले त्यस्तै ठूलो सपना देखेर सोहीअनुरूपको संघर्ष गरिरहेका फिल्मकर्मीलाई प्रतिनिधित्व गर्छ, जो नेपाल र नेपाली डायस्पोराभन्दा माथि उठेर मौलिक सिनेमालाई कलात्मक ढंगले अन्तर्राष्ट्रियकरण गर्दै छन्, व्यापार विस्तार गर्दै छन् ।

यो उज्यालो अभियानको एउटा दरिलो खम्बा हुन्, मीन । ओस्कार इन्टरनेसनल फिल्म

कलेज पढेका मीनले सर्ट फिल्म *बाँसुल्ली*बाट बाहिरी दुनियाँमा आशाको दियो बालेका थिए । भेनिस अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलको होराइजन सर्ट फिल्म सेक्सनमा छानिएको थियो, यस फिल्म । मीन भन्छन्, "कलाको बजार फराकिलो छ । मन लागेको कथा इमानदार भएर भनियो भने बजारको चिन्ता गर्नु पर्दैन । संसारभर आफ्नो सिनेमा देखाउन सकिन्छ ।" मीन आफैं यसको प्रमाण हुन् ।

*बाँसुल्ली*पछि मीनले *कालो पोथी* बनाए । उनको करिअर मात्र होइन, नेपाली फिल्मवृत्तकै लागि यो 'कालो हिरा' झैं भयो । ३ करोड ४५ लाखमा बनेको यस फिल्ममा फ्रेन्च सरकार, बर्लिन फेस्टिभल र स्वीस सरकारको ८० प्रतिशत लगानी थियो भने नेपाली निर्माताको २० प्रतिशत । फिल्ममा माओवादी विद्रोहका दौरान कथित तल्लो र उपल्लो जातका दुई बच्चाको मित्रताको कारूणिक कथा भनिएको थियो । भेनिस फेस्टिभलमा क्रिटिक्स विकको विजेता मात्र बनेन, पाराग्वेको अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा स्पेसल मेन्सनमा पऱ्यो, बुसानमा स्क्रिनिङ भयो अनि अन्य नब्बे फेस्टिभलमा सहभागी । युरोप, जापान, अमेरिका, दक्षिण कोरियालगायत मुलुकमा सार्वजनिक प्रदर्शन भयो भने अझ कति देशमा यसको प्रदर्शन अधिकार बिक्री भइरहेको छ । नयाँ फिल्म *चिसो वर्ष*का लागि कान्स र लोकार्नोमा फन्ड जितिसकेका छन् ।

मीनजस्तै सफलता चुमेका अर्को फिल्मकर्मी हुन्, दीपक रौनियार । उनका सर्ट फिल्म *थ्रेसहोल्ड* कान्सको सर्ट कर्नरमा पुगेको थियो । फिचर फिल्म *हाइवे* बर्लिनमा प्रिमियर भयो, उत्कृष्ट फिचर फिल्ममा नोमिनेसन पऱ्यो । *सेतो सूर्य*को उपलब्धि अझ उल्लेखनीय छ । भेनिसमा इन्टरफिल्म अवार्ड चुम्यो, टोरेन्टो फेस्टिभलमा पिपुल्स च्वाइस अवार्डमा मनोनयनमा पऱ्यो, प्लाम स्प्रिङ अन्तर्राष्ट्रिय फेस्टिभलमा न्यु भिजन ग्रान्ड जुरी पुरस्कार जित्यो भने लोकार्नो, सिड्नी र बुसानजस्ता प्रतिष्ठित फेस्टिभलमा आधिकारिक चयन भयो । त्यसपछि *न्युयोर्क टाइम्सले* संसारका उत्कृष्ट ९ नवनिर्देशकको सूचीमा दीपकलाई राख्यो ।

हाइवे र *सेतो सूर्य* दर्जनौं देशमा सार्वजनिक प्रदर्शन भए । कति मुलुकमा राइट बिक्री जारी छ । मीन र दीपकको यहाँ विशेष चर्चा किन गरिएको हो भने विश्व सिनेमञ्चमा नेपाली सिनेमाको पहिचान बनाउन मात्र होइन, नयाँ प्रतिभाशाली फिल्मकर्मीलाई सपना देखाउन र प्रोत्साहित गर्न पनि उनीहरूको गहकिलो योगदान छ । लेखक-निर्देशक राजन कठेत भन्छन्, "मीन र दीपक दाइको सफलताले हामीजस्ता युवा पुस्तामा उत्साह सञ्चार भएको छ । फेस्टिभल र फन्ड प्रोजेक्टमा सहभागीको लहर छाउनुमा उहाँहरूको भूमिका छ ।"

हो पनि, जसरी *लुटले* आन्तरिक बजारलाई बढावा दिएको थियो, त्यसैगरी मीन र दीपकका फिल्मले विदेशी बजारको ढोका खोलेका छन् । सँगै विश्वमञ्चमा हामी हाम्रो कथा शक्तिशाली ढंगले भन्ने तहमा पुगेको संकेत गरेको छ । बिर्सन नहुने अर्को तथ्यचाहिँ मीन र दीपकभन्दा पहिल्यै विदेशी फेस्टिभलमा नेपालले सहभागिता जनाइसकेको थियो, त्यो पनि डेढ दशकअगावै । ती फिल्मकर्मी हुन्, नवीन सुब्बा र छिरिङरितार शेर्पा । सन् १९९६ मा नवीन निर्देशित *खांग्री* इटालीको ट्र्यान्टो फिल्म फेस्टिभलमा स्पेसल मेन्सनका साथै अमेरिकाको ट्रेलरोइट र अस्ट्रियाको गाँज अन्तर्राष्ट्रिय फेस्टिभलमा चयन भएको थियो । इटालीको अर्काइभ र होम भिडियोमा समेत बिक्री भयो । सन् २००० मा छिरिङरितारको *मुकुन्डो* टोकियो, फुकुओका र अमेरिकाको गोल्डन गेट फिल्म फेस्टिभलमा छानियो ।

लगत्तै नवीनको *नुमाफुङ*ले अर्को इँटा थप्यो । लिम्बू समुदायको सुनौली-रूपौली प्रथामाथि बनाइएको यस फिल्म फिनिस आदिवासी फिल्म महोत्सवका साथै फुकुओका, गोटेवर्ग र सनफ्रान्सिस्कोजस्ता अन्तर्राष्ट्रिय फेस्टिभलमा पुग्यो । फ्रान्सको भिजुअल फिल्म फेस्टिभलमा पब्लिक च्वाइस अवार्ड जित्यो । यसलाई स्वीट्जरल्यान्डको ट्रिगन फिल्मले वितरण गरेको थियो । नवीनका अनुसार विदेशी कम्पनीले नेपाली फिल्मको आधिकारिक वितरण गरेको पहिलो अवसर सम्भवतः त्यही हो ।

विदेशी फेस्टिभलमा गएर मात्र *खांग्री, मुकुन्डो* र *नुमाफुङ* हाम्रा लागि कालजयी भएका होइनन् । यिनले बम्बैया शैली र संरचनाविरूद्ध 'विद्रोह' गरेर मौलिकता आत्मसात् गर्नुचाहिँ विशेष थियो । तर विडम्बना ! न यी फिल्मले नेपालका हलमा कमाइ गरे, न त त्यसपछि यसको 'लिगेसी' ले निरन्तरता पायो । *खांग्री* हलमा चल्दै चलेन, *मुकुन्डो* हिरारत्न सिनेमाघरमा सीमित भयो । नवीन र छिरिङरितारले समेत सोही रूपरेखाका फिल्म निर्माणलाई निरन्तरता दिन सकेनन् । फलतः त्यसपछिको झन्डै १५ वर्ष नेपाली फिक्सन फिल्मले विदेशमा गर्वलायक उपलब्धि हासिल गरेनन् । एकै पटक सन् २०१२ मा सुवर्ण थापाको *सुनगाभा* मोन्ट्रियल, हम्बर्ग, प्लाम स्प्रिङजस्ता फेस्टिभलमा पुग्यो ।

नवीन र छिरिङरितारको आफ्नै कथा छ ।

सेतो सूर्य

*मुकुन्डो*लाई जापानको *एनएचके* टेलिभिजनले फन्डिङ गरेको थियो, त्यसपछिको प्रोजेक्टमा विदेशी फन्ड हात लागेन । छिरिङरितार भन्छन्, "*मुकुन्डो*को पाँच वर्षपछि *कर्मा* बनाएँ तर नेपालमा रिलिज भएन । मुस्ताङको भाषामा बनेकाले वितरकले बेवास्ता गरे । एक-दुई फेस्टिभलमै चित्त बुझाउनुपऱ्यो ।"

नवीनचाहिँ 'एक्टिभिजम' तिर लागे । भन्छन्, "एक-दुई जनाले मात्र केही गर्न नसकिँदो रहेछ । त्यसैले फिल्म नीति सुधार्न मौलिकताको पैरवीमा लागेँ । फिल्ममेकिङमा अल्मलिएँ ।" नवीनले केही समयपछि *गुडबाई काठमाडौं* बनाए तर त्यत्तिकै थन्कियो । बल्ल अघिल्लो वर्ष बुसानमा गयो ।

छिरिङरितारले *उमा* बनाए पनि नेपालमा मात्र रिलिज गरे । बरू *कालो पोथी* र *सेतो*

उत्साहप्रद उपलब्धि

१) मीन भाम

बाँसुल्ली, २०१२ (सर्ट)
- भेनिस अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल, इटालीको होराइजन सर्ट फिल्म सेक्सनमा छनोट
- स्रोपुर फिल्म फेस्टिभल, स्वीट्जरल्यान्ड

कालो पोथी, २०१५

- भेनिसमा क्रिटिक्स विकको विजेता
- पाराग्वेको अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा स्पेसल मेन्सन
- बुसानमा स्क्रिनिङ
- बांकी नब्बे फेस्टिभलमा सहभागी

चिसो वर्ष (निर्माणाधीन)
- कान्समा नर्वेजियन सरफन्ड प्रोडक्सन फन्ड (६० हजार डलर)
- लोकार्नो फेस्टिभलको ओपन डुअर्समा फन्ड (६ हजार युरो)
- बुसानमा एसियन सिनेमा फन्ड
- बुसानमै एसियन प्रोजेक्ट मार्केट र सरफन्ड पिचिङ अवार्ड
- टोरिनो फिचर ल्याबमा आमन्त्रण

२) दीपक रौनियार

श्रेसहोल्ड, २०१२ (सर्ट)
- ट्याम्पेर फिल्म फेस्टिभल, फिनल्यान्डमा सहभागी
- सियाट्रल अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल, अमेरिकामा छनोट
- कान्स सर्ट फिल्म कर्नरमा छनोट
- अहमदावाद अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा स्पेसल जुरी पुरस्कार

हाइवे, २०१२
- बर्लिन अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रिमियर, उत्कृष्ट फिचर फिल्ममा नोमिनेसन
- मोन्ट्रियल फिल्म फेस्टिभल, क्यानडामा सहभागी

-लोकार्नोमा आधिकारिक छनोट
- मिल भ्याली फेस्टिभलमा सहभागी

सेतो सूर्य, २०१६

- भेनिसमा इन्टरफिल्म अवार्ड
- टोरेन्टो फेस्टिभलमा पिपुल्स च्वाइस अवार्डमा मनोनयन
- सिंगापुर अन्तर्राष्ट्रिय फेस्टिभलमा सिल्भर स्क्रिन अवार्ड
- प्लाम स्प्रिङ

अन्तर्राष्ट्रिय फेस्टिभलमा न्यु भिजन ग्रान्ड जुरी पुरस्कार
- लोकार्नो, सिड्नी र बुसानमा आधिकारिक छनोट

३) छिरिङरितार शेर्पा

मुकुन्डो, २०००

- टोकियो फेस्टिभलमा सहभागी
- फुकुओका फेस्टिभल, जापानमा चयन
- गोल्डन गेट फिल्म फेस्टिभल, अमेरिकामा चयन

४) नवीन सुब्बा

खाङ्ग्री, १९९६

- ट्रेलरोइट फिल्म फेस्टिभल, अमेरिकामा सहभागी
- ट्र्यान्टो फिल्म फेस्टिभल, इटालीमा स्पेसल मेन्सन
- गांज इन्टरनेसनल फिल्म फेस्टिभल, अस्ट्रियामा चयन
- इटालीको अर्काइभ र होम भिडियोमा बिक्री

नुमाफुङ, २००१

- फुकुओका अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल
- भेजुल अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल
- याले विश्वविद्यालय र अस्ट्रियाको विश्वविद्यालयमा थेसिस

५) पूजा गुरुङ र विभूषण बस्नेत

डम्बरे ड्रेन्डाइट, २०१३ (सर्ट)
- आबुधाबी अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा सहभागी
- ट्याम्पेर फेस्टिभलमा चयन
- पाराग्वे सर्ट फिल्म फेस्टमा सहभागी

दद्या, २०१६

- भेनिस र टोरेन्टो फेस्टिभलमा सहभागी
- बुसानमा सिनेमाटोग्राफी अवार्ड
- सनडान्समा छनोट
- पाराग्वे सर्टसमा स्पेसल जुरी मेन्सन
- सलमिनड फिल्म फेस्टिभलमा द गोल्डन डुरिन प्राइज

द होल टाइमर्स (निर्माणाधीन)
- क्यान्स सिने-फाउन्डेसन र लोकार्नो ओपन डुअर्स ल्याबमा चयन
- सीएनसी प्रोडक्सन फन्ड
- हर्बट बल्स फन्ड

६) राजेश खत्री

जालगेडी, २०१७ (सर्ट)
- बुसानमा आधिकारिक चयन
- एसिया-प्यासिफिक फिल्म फेस्टिभल, ताइवानमा उत्कृष्ट सर्ट फिल्मको अवार्ड
- मुम्बई अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा आधिकारिक चयन

जुलुंगो, २०१८ (सर्ट)
- दक्षिण कोरियामा प्रेसिडेन्ट्स स्पेसल रिक्जिनेसन अवार्ड

श्यामश्वेत तस्बिर (निर्माणाधीन)
- बुसानअन्तर्गत एसियन सिनेमा फन्डमा स्क्रिप्ट डेभलपमेन्ट फन्ड अवार्ड
- बुसानमै एसियन प्रोजेक्ट मार्केटमा आमन्त्रण

७) अविनाशविक्रम शाह

टाइम इफ परह्याप्स..., २००९ (सर्ट)
- बंगलादेश र मुम्बईमा उत्कृष्ट सर्ट फिल्मको अवार्ड

तात्तिनी, २०१८ (सर्ट)
- लोकार्नोमा एकाडेमी स्क्रिनिङ
- बुसान र अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल रेगेन्सबर्गमा छनोट
- कजान फिल्म फेस्टिभलमा उत्कृष्ट सर्ट फिल्म घोषित

झ्यालिन्चा (निर्माणाधीन)
- पटकथा लेखनका लागि सीएसी अवार्ड
- लोकार्नोको ओपन डुअर्समा सहभागी
- बुसान एसियन फिल्म स्कुल

म खुसी छु, २०११ (सर्ट)
- बुसानमा आधिकारिक छनोट
- कुर्ज फिल्म ट्यागे, स्वीट्जरल्यान्डमा छनोट

झ्यालिन्चा (निर्माणाधीन)

८) सुवर्ण थापा

सुनगाभा, २०१२
- मोन्ट्रियल फिल्म फेस्टिभल,

क्यानडामा प्रिमियर
- हम्बर्ग फिल्म फेस्टिभलमा चयन
- प्लाम स्प्रिङ अन्तर्राष्ट्रिय फेस्टिभलमा चयन
- मुम्बई अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा चयन
- सियाटल साउथ एसियन फिल्म फेस्टिभलमा छनोट

९) नरेशकुमार केसी

डाइङ क्यान्डल, २०१६
- क्युन्स वर्ल्ड फिल्म फेस्टिभल अमेरिकामा उत्कृष्ट सिनेमाटोग्राफीको अवार्ड
- क्युन्समै उत्कृष्ट फिचर फिल्म र उत्कृष्ट अभिनेत्री विधामा नोमिनेसन
- सिनेमा भर्डे फिल्म फेस्टिभलमा पिस अवार्ड

१०) विनोद पौडेल

अवेकन आइज, २००७ (सर्ट)
- कान्सको सर्ट फिल्म कर्नरमा सहभागी

बुलबुल, २०१८
- सार्क फिल्म फेस्टिभलमा अभिनेत्रीलाई उत्कृष्ट जुरी अवार्ड
- जाफ्ना फिल्म फेस्टिभलमा सहभागी
- कबांगे फिल्म फेस्टिभल ट्युनिसियामा चयन

एक्रोन इन्टरनेसनल (निर्माणाधीन)
- बुसानमा एसियन प्रोजेक्ट मार्केटमा चयन

११) राजन कठेत

शेर्ढाक, २०१५
- सियाट्रल फिल्म फेस्टिभल अमेरिकामा छनोट
- मोन्ट्रियल फिल्म फेस्टिभलमा चयन

बेयर ट्रिज इन द मिस्ट, २०१९ (सर्ट)
- टोरन्टो अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा वर्ल्ड प्रिमियर

१२) सेनाङ ग्याम्जो तामाङ

झालो, २०१६ (सर्ट)
- बुसानमा प्रिमियर

सुपरमंक, २०१८ (सर्ट)
- वार अन स्क्रिन फिल्म फेस्टिभल फ्रान्समा उत्कृष्ट सर्ट फिल्मको अवार्ड
- लोकार्नोमा ओपन डुअर्स स्क्रिनिङ

*सूर्य*को कार्यकारी निर्माता बने । *नुमाफुङ*पछि जस्तै सुस्तता छाउला भन्ने चिन्ता छ, उनलाई । भन्छन्, "मौलिक र कलात्मक सिनेमा निर्माणले तीव्रता पाएन, विदेशी बजार र फेस्टिभलमा सहभागिता जनाएन भने हामी फेरि पछाडि धकेलिने छौं ।"

यो चिन्ता जायज हो तर तत्कालका लागि सकारात्मक संकेत देखापरिरहेका छन् । जस्तोः मीन र दीपक नै फिल्म बनाउँदै छन् । सर्ट फिल्म *दद्या* भेनिस, सनडान्स र टोरन्टो फेस्टिभलमा छनोट भएपछि पूजा गुरूङ र विभूषण बस्नेत फिचर फिल्म बनाउँदै छन्, *द होल टाइमर्स* । जेरूसेलम अन्तर्राष्ट्रिय फिल्म ल्याबअन्तर्गत बनेको यस फिल्म क्यान्स सिनेफाउन्डेसन र लोकार्नो ओपन डुअर्स ल्याबमा चयन भएको छ भने सीएनसी प्रोडक्सन फन्ड र हर्बट बल्स फन्ड पाएको छ ।

विनोद पौडेलको *एक्रोन इन्टरनेसनल* र राजेश खत्रीको *श्यामश्वेत तस्बिर*लाई पनि यही लहरमा राख्न सकिन्छ । मीनसँग *कालो पोथी* लेखेका अविनाशविक्रम शाह *झ्यालिन्चा*को तयारीमा छन् । आरके पोखरेलले भुटानी कम्पनीसँग सहकार्य गरेर बनाएको *द रेड फालस* बुसान र बर्लिनमा गएको छ । उनकै लगानीको *ह्वेयर इज द स्टोरी* कान्सको सर्ट फिल्म कर्नरमा पुगेको थियो । तर सरकारी अनुदान र अन्य सहयोगबिना व्यक्तिगत तबरबाट मात्र नेपाली सिनेमाले विश्वमञ्चमा उल्लेख्य प्रगति हासिल गर्न नसक्ने फिल्मकर्मीको भनाइ छ ।

निर्देशकको ध्यान फन्ड जुटाउनेतिर मात्र भएपछि सिर्जनशीलतामा ह्रास आउँछ, अनावश्यक समय खर्च हुन्छ । दीपक भन्छन्, "कम्तीमा पटकथा लेखनका लागि सरकारले आर्थिक सहयोग गर्ने हो भने राहत हुन्थ्यो तर विकास शुल्कबाट टन्न पैसा असुले पनि गुणस्तरीय सिनेमा बनाउन राज्यले पूरै बेवास्ता गरेको छ ।"

छिमेकी भारत र चीन मात्र होइन, ताइवान, दक्षिण कोरियाजस्ता देशमा पनि आर्टहाउस फिल्मका लागि राज्यले ठूलो रकम अनुदान दिन्छ । सरकारको संग्लनता भएपछि विदेशी फेस्टिभलले पनि प्राथमिकतामा राख्छन् । गिनेचुनेका फेस्टिभल वा अवार्डमा फिल्म चयन भएपछि फिल्मकर्मी जाने, बस्ने र फर्कने खर्च सरकारले नै बेहोर्छ, जसले वितरक, प्रदर्शक र लगानीकर्तासँग फिल्मकर्मीको सम्पर्क बढाउँछ । भोलि बजार विस्तार गर्न सहज हुन्छ । तर नेपालमा न पटकथा लेखनमा सरकारको साथ छ, न त फेस्टिभल जान ।

राजन कठेतको *बेयर ट्रिज इन द मिस्ट* टोरन्टोमा प्रिमियर हुने भयो तर उनले कतैबाट सहयोग पाएनन् । अन्त्यमा आफ्नै खर्चले क्यानडा गएर फर्किए । त्यहाँ बस्ने बन्दोबस्तचाहिं नेपाली समुदायले गरिदियो । कठेत भन्छन्, "मजस्तै छानिने अन्य देशका निर्देशक सरकारी खर्चमा फेस्टिभल आएका थिए, मैलेचाहिं व्यक्तिगत खर्चमा जानुपऱ्यो । बडो सकस हुँदो रहेछ ।" एकातिर पैसाको चिन्ता, अर्कातिर उत्त फेस्टिभलमा आएका सिनेमा हेरेपछि राजनले चाल पाए, हाम्रो कथावाचनको असली औकात । भन्छन्, "हामी देखिने सामाजिक कथा मात्र भनिरहेका छौं, त्यसमाथि कथावाचन सतही र निर्बल छ । तर दुनियाँ व्यक्तिको अन्तरद्वन्द्व र पहिचानको संकटमाथि फिल्म बनाइरहेको छ । त्यहाँसम्म पुग्न हामीलाई अझ समय लाग्छ ।"

सरकारको लगानीजस्तै हामीकहाँ फिल्म बुझेका निर्माताको उस्तै अभाव छ । अहिलेसम्म निर्देशकले नै निर्माताको काम गरिरहेका छन् । जसको असर पनि फिल्मको गुणस्तरमा पर्छ । नवीन सुब्बा भन्छन्, "सबै निर्देशक बन्न खोज्छन् तर निर्माता छैनन् । जबकि निर्माता बलिया भए भने फेस्टिभल र फन्डिङ एजेन्टमा पुऱ्याउँछन् । हामीकहाँ त्यो लेभलमा काम भएको छैन ।" यही कारण हुनुपर्छ, बुसान र भेनिसबाहेक अन्य फेस्टिभलमा नेपाली फिल्मकर्मीले दर्बिलो नेटवर्क सिर्जना गर्न सकेका छैनन् ।

हाम्रा फिल्मको अन्तर्राष्ट्रिय मञ्चको 'एकेडेमिक डिस्कोर्स' पनि खासै हुन्न । त्यसमाथि विदेशी बजार र फेस्टिभल लक्षित गर्ने फिल्मकर्मीमा एउटा घातक प्रवृत्ति देखा पर्दैछ, बाहिरी मुलुकले नेपाललाई जुन ढंगले हेर्न चाहन्छन्, त्यही तरिकाले देखाउने । "बाहिर त जानुपर्छ, त्योभन्दा महत्त्वपूर्णचाहिं आर्टहाउस सिनेमा यहीं बन्नुपर्छ, यहाँ पनि हेरिनुपर्छ । तब मात्र टिकाउ हुन्छ," अविनाशविक्रम शाह भन्छन्, "फिल्मकर्मीमा विदेशी फेस्टिभल होइन, मेरो समाजमा प्रभावकारी हुने कथा कलात्मक ढंगले भन्छु भन्ने लोभ हुनुपर्छ । विदेशीलाई जस्तो मन पर्छ, त्यस्तै बनाउने होड हुनुहुन्न ।" ने

केन्द्रीयतालाई धक्का

काठमाडौंमुखी मनोविज्ञान भत्काउने पाँचथरे अभियन्ता

गणेश साम्पाङ/पाँचथर

कुनै नयाँ पुस्तक प्रकाशित हुनासाथ त्यसको चर्चा गर्ने पहिलो थलो हुन्छ, फिदिम बजार । एक वर्षभित्रै यहाँ मुक्तान थेवाको *अखण्ड आलाप*, विमल वैद्यको *अक्षर सिम्फोनी*, बियस राईको *हिउँमाझी*, विमला तुम्खेवाको *हत्केलामा पृथ्वी लिएर उभिएको मान्छे*, काडमाडु नरेश राईको *एघार नोभेम्बर*, भूपिनको *मैदारो*, *धनपति ढुंगेल*लगायतका पुस्तकको चर्चा भइसकेका छन् ।

पुस्तक चर्चा मात्र होइन, पाँचथरमा एकल तथा युगल सिर्जना वाचनसमेत बाक्लो हुने गरेको छ । स्थानीय भाषामा नाम्धिङ्गो साँझ नाम दिइएको कार्यक्रममा २ देखि ४ जना स्रष्टाको रचना वाचन हुने गर्छ । यस वर्ष मात्रै कवि उपेन्द्र सुब्बा, प्रकाश थाम्सुहाङ, प्रेम ओझा, सिरेन बान्तवा, सरस्वती दुमी राई, डीआर हाङसरुम्बा र रोज लाबुङ, जितेन मुस्कान र लीला अनमोल, कविता राई गाउँले, राजकुमार सुब्बा, लेकाली कान्छा र विराट किराँतीले नाम्धिङ्गो साँझ जमाए ।

फिदिम बजारको कविकुनामा थुप्रै अनौपचारिक कार्यक्रमसमेत हुन्छन् । फिदिममा काम-विशेषले आउने कवि, लेखक, गायक, कलाकार सबै खाले स्रष्टासित साक्षात्कार गर्छन्, कवि कुनामा । भित्ताभरि पारिजात, बैरागी काइँला, भूपी शेरचन, अमर नेम्बाङलगायत दर्जन सहित्यकारको फोटो राखिएको कविकुनामा साहित्य विमर्श, रचना वाचन, अनुभव आदान-प्रदानलगायत गतिविधि हुन्छन् ।

उसो त, २० को दशकमा चलेको साहित्यिक आन्दोलन तेस्रो आयामका तीन अभियन्तामध्ये एक बैरागी काइँलाको जन्मथलो पनि पाँचथर नै हो । निकै अन्तरालपछि राजन मुकारुङसहित पाँचथरका हाङयुग अज्ञात र उपेन्द्र सुब्बाले साहित्यमा नश्लीय चेतको बोध गर्ने सिर्जनशील अराजकता अभियानको केन्द्र पनि पाँचथर नै थियो । यसैगरी यहाँकै भवानी तावा, राज माङलाक, सगुन सुसारा, समीरलगायतले उत्तरवर्ती सोच अनि धर्मेन्द्रविक्रम नेम्बाङ, चन्द्रवीर तुम्बापो, चन्द्र योङ्यालगायतले रंगवाद-बहुरंगवादको अभियान चलाए । कुकुर कविता अर्को त्यस्तै अभियान हो । "पाँचथरबाट सुरु यी गतिविधिले साहित्यमा केही प्रभाव राखे पनि राजधानी भत्काउने सामर्थ्य पर्याप्त हुन्न," आख्यानकार राजन मुकारुङ भन्छन्, "यसमा अन्य क्षेत्रले पनि सहयोग गर्नुपर्ने हुन्छ ।"

गणेश साम्पाङ

तेस्रो आयामपछि केही दशकको शून्यतालाई ६० को दशकदेखि निरन्तर जोड्दै साहित्यकर्मबाट कथित केन्द्र भत्काउने अभियानमा जुटेका छन्, पाँचथरे स्रष्टा । पाँचथरका स्रष्टा नयाँ-नयाँ प्रयोगमा रुचि राख्छन् र विभिन्न लेखकीय अभियान चलाएर काठमाडौंलाई धक्का दिइरहन्छन् । कृति समीक्षादेखि एकल रचना वाचन र साहित्यिक अभियानदेखि कविकुनासम्मको सक्रियताले यसो भन्छ ।

कुनै समय 'एक टोल एक सम्पादक' भएर लघुसाहित्यिक हवाई पत्रिका प्रकाशन गरेर चर्चा कमाएको पाँचथर पछिल्लो समय अलिक फरक साहित्यिक कर्मबाट चिनिन चाहेको स्रष्टाहरूको धारणा छ । "अन्य क्षेत्रमा जस्तै साहित्यमा पनि राजधानीले अन्य क्षेत्रलाई नगन्ने प्रवृत्ति छ," याक्थुङ लेखक संघ पाँचथरका अध्यक्ष राज दिलाञ्जली भन्छन्, "पाँचथरे साहित्यिक मन र संस्था राजधानीको दबदबालाई चुनौती दिन लागेका हौं । यसले युवामाझ पठन संस्कृति बढेको उनको बुझाइ छ ।

लघु साहित्यिक विधा गजल लेखनमा पाँचथरले पहिचान स्थापित गरेको छ । गजल मञ्च पाँचथरले ५ हजार ५ सय ५५ राशिको ऐतराज केरुङ स्मृति गजल पुरस्कार स्थापना गरेको छ । संस्थाले घनश्याम परिश्रमीदेखि प्रकट पंगेनी 'शिव', रावतदेखि सुन्दर कुरूपसम्म पाँचथरको मञ्चमा उभ्याएको छ । पाँचथरले प्रश्नोत्तरसहितको गजल वाचन नामक नवीनतम शैलीसमेत अघि सारेको छ । पाँचथरे गजलकारले ५ दर्जन हाराहारी गजलसंग्रह प्रकाशन गरिसकेका छन् । "यस्ता साहित्यिक गतिविधिले जिल्लालाई देशमा चिनाएको छ," पाँचथरे साहित्यकार प्रेम ओझा भन्छन्, "साहित्यिक कर्ममा पाँचथर देशमै अग्रपंक्तिमा छ ।" ने

नवीन प्यासी

एउटा मानिसको कथा

लाग्छ- ऊ माटोको गिलास हो
जो भर्खरै समयको हातबाट छुटेर
मार्बलमा बजारिएको छ

लाग्छ- ऊ कसैको औँला झुक्किएर ठोक्किएको
पुरानो सारंगीको एक्लो तार हो
जसले आफ्नो मृत्युको गीत आफैँ गाउनुपर्छ
कुनै मानिसको आत्महत्याले
हाँगा थर्थराएर खसेका
थोपाहरूको सरसराहट जसरी
शासकविरुद्ध
फाँसीको तख्ताबाट निस्किएको
अन्तिम आवाज जसरी
जल्नुअघि
झिलिक्क बलेको बिजुलीको बल्ब जसरी
हारेको ठानेर हुन्छ
या जितेको ठानेर
उसले आफ्नो मृत्युको गीत आफैँ गाउनुपर्छ

चीत्कारमा आनन्द लिन
कुनै कलिलो हातले
फर्सीको फूलमा छोपिन सक्ने किरा हो ऊ
धूलो र माकुराको जालोले छोपिएको
कसैको प्रतिबिम्बको प्रतीक्षामा बाँचेको ऊ
ऐना पनि हो
र, ऊ कुवा पनि हो,
जसको छातीमा जून मुस्कुराइरहेका बेला
पहेँलो पात खसिदिँदा मात्र पनि
कच्याककुचुक हुन सक्छ
ऊ हात काट्छ
र, प्रेमपत्र लेख्छ
ऊ भट्टी छिर्छ
र, आफ्नै हातले निधार हिर्काउँछ
ऊ महँगीमा उभिन्छ
र, बजार भाउ सुनेर मात्र फर्कन्छ
ऊ भूकम्पले आधा चिथोरेको घर सम्झन्छ
ऊ दुःखले धुजा-धुजा बनाएको आमाको अनुहार सम्झन्छ

ऊ यति निरीह मानिस हो कि
जुनसुकै बेला पनि ऊ बेपत्ता हुन सक्छ
जुनसुकै बेला पनि उसको नाक-कान काटिन सक्छ
जुनसुकै बेला पनि उसको मुटुमा बारुदको गन्ध भेटिन सक्छ

कहिलेकाहीँ भने भनिहिँड्छ ऊ,
'यो सहर मेरो पनि हो
यो सहरमा
मेरो सपना धरहरा भइसकेको छैन'
र, पनि ऊ निरीह मानिस हो
वर्षौंदेखि सुनसान घरसँग जसरी
- जीवनको छनक दिने वृद्ध खोकीहरू
- जीवनको आनन्द दिने केटाकेटी चिल्लाइहरू
- धिपधिप गर्दै मधुरो बल्ने दियो
- साँझ-बिहान धुरीबाट आकाश उक्लने धुवाँहरू
केही-केही छैनन् ऊसँग

ऊ कुनै चुल्ठोमा सिउरिँदै गर्दा
फूलको थुँगोबाट खसेको
एउटा पत्र हो
ऊ कुनै युवतीको छातीबाट खसेको
कमिजको टाँक हो
ऊ जे पनि हो
ऊ उज्यालो बोकेर गइरहेको
घाम हेर्दै टोलाइरहने
फुल्न खोजिरहेको आरुको रुख हो
ऊ मध्यराती बतासको ठोक्काइले
चुइँ... चुइँ... गरिरहने
गाउँको कुनै एक्लो घरको चुकुलबिनाको ढोका हो
ऊ कुनै समय
बिहानै-बिहानै
चारा टिप्न आइपुग्ने परेवाले बिर्सेको आँगन हो
ऊ तोक्माको संगीत सुनेर बाँचेको
पुरानो बाटो हिँडेर आएको पैताला पनि हो
ऊ यति मात्रै होइन
ऊ विष खोसिएको सर्प हो
ऊ भाषा र आवाज खोसिएको सुगा हो
ऊ जंगल र स्वतन्त्रता खोसिएको बाघ हो

कहिलेकाहीँ
म उसलाई बेस्सरी सम्झन्छु
खडेरीमा बिरुवाले वर्षात सम्झिए जसरी
नवविवाहिताले
सिरानी अँगालेर निदाए जसरी
झुक्किएर आमाले
दिवंगत सन्तानलाई पनि खाना पस्किए जसरी
उसलाई म बेस्सरी सम्झन्छु

यो जीवन-शून्य सहरमा
झुट बोलेर बाँच्ने कोसिस गरिरहेको म
दम्भ देखाएर बाँच्ने कोसिस गरिरहेको म
दुखेको कुरा गर्न नजानेको म
खुसी देखिने अभिनय गरिरहेको म
कहिलेकाहीँ केही क्षण फुर्सद निकालेर
जब त्यो निरीह अनुहार सम्झन्छु
जब यत्रो संसारमा मसँग मात्र परिचित
उसलाई सम्झन्छु,
मैले ऐनाअगाडि उभिनुपर्छ । ने

सिङगिङ बाउलको अपूरो उत्खनन

मनबहादुर बस्नेत

विश्वभर प्रख्यात छ, सिङगिङ बाउल । ध्वनि र सांगीतिक बाजागाजाबाट निस्कने सुमधुर आवाजका माध्यमबाट शरीरमा हिलिङ गरिने सिङगिङ बाउलको उत्पत्ति कहिले भयो ? किटानी जवाफ छैन । सबैका आ-आफ्ना दाबी, प्रतिदाबी प्रस्तुत भइरहेछन्, संसारभर ।

उद्गम जहाँ भए पनि यसको चामत्कारिक कामले भने विश्वभर ख्याति कमाएको छ । यही मेसोमा नयाँ तथ्यसहित सिङगिङ बाउलबारे अनुसन्धानमूलक किताब लेखेका छन्, सलिल सुवेदीले । सिङगिङ बाउलको उत्पत्ति थलोबारे यकिन गर्न नसके पनि यो पुस्तकमा सिङगिङ बाउलको न्वारान नेपालमा भएको प्रमाण पेस छ । अभ्यासकर्ता जितबहादुर शाहीले सिङगिङ बाउल नामकरण गरेको लेखकले बताएका छन् । जितबहादुर शाहीः दि लिभिङ लेजेन्ड शीर्षकमा सुवेदीले शाहीलाई उद्धृत गर्दै लेखका छन्, 'धेरै मानिस डबकाको नाम के हो भनेर सोध्थे । मैले फ्याट्ट सिङगिङ बाउल भनिदिएँ । डबकाले एकदमै मधुर आवाज निकाल्छ ।' यही डबकालाई शाहीले सिङगिङ बाउल नाम दिएपछि विदेशी पर्यटकले विश्वभर फैलाएको सुवेदीले तर्क अगाडि सारेका छन्, पुस्तकमा ।

यसअघि समेत सुवेदीले सिङगिङ बाउलसम्बन्धी पुस्तक लेखेका छन् । ती पुस्तकमा उनले सिङगिङ बाउलको नामकरण पक्कै पनि कुनै स्थानीय बजारबाटै भएको हुनुपर्ने लख काटेका थिए । यो पुस्तकमा सुवेदीले त्यो स्थानीय बजार नेपाल भएको ठोकुवा गरेका छन्, शाहीको भनाइलाई आधार मानेर । नेपालबाट सिङगिङ बाउलको नाम फैलिएको भन्ने एउटा तथ्य स्थापित गर्न सक्नु पुस्तकको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।

यद्यपि शाहीको दाबीलाई पुष्ट्याइँ गर्ने आधार भने सुवेदीले दिन सकेका छैनन्, पुस्तकमा । त्यसैले यसको आधिकारिकतामाथि आगतका अनुसन्धानदाताले प्रश्न उब्जाउन सक्छन् वा यसलाई नमान्ने तर्क पनि अघि सार्न सक्छन् । यसले पुस्तकलाई आधारहीन बनाउने जोखिम छ । यसतर्फ लेखकले उति मिहिनेत गरेको आभास पुस्तक पढ्दा पाइँदैन । यो कुराको स्वीकारोक्ति लेखक स्वयंले एक ठाउँ गरेका छन् । लेखेका छन्, 'जितबहादुर शाहीको यो संस्मरणले पुरानो काठमाडौं नै सिङगिङ बाउलको उद्गम थलो हो भन्ने प्रमाण खोज्न निकै उपयोगी हुनेछ ।'



सिङगिङ बाउल साउन्ड हिलिङ
लेखक : **सलिल सुवेदी**
प्रकाशक : **निभा गुरुङ र अमन शाही**
पृष्ठ : **१०४**
मूल्य : **उल्लेख नभएको**

पुस्तकले सिङगिङ बाउलमा कसरी नयाँ-नयाँ प्रयोग हुँदै आएको छ भन्नेसमेत खुलस्त पारेको छ । जस्तो, अर्का हिलर एवं सिङगिङ बाउलविज्ञ श्रीकृष्ण शाहीले झाँक्रीतन्त्रलाई समेत सिङगिङ बाउलमार्फत प्रयोग गरेको पुस्तकमा उल्लेख छ । श्रीकृष्णलाई गुरू थापेर अमन शाही अगाडि आए । उनले झाँक्री विधालाई सिङगिङ बाउलमा प्रयोग गरिरहेका छन् । यस्ता रोचक प्रसंग पुस्तकमा छन् ।

पुस्तकमा सिङगिङ बाउल कसरी बन्छ, के-के मिसाइन्छजस्ता प्राविधिक विषयसमेत समेटिएका छन् । सिङगिङ बाउलका प्रकारदेखि कुन समस्याका लागि कुन विधि उपयुक्त हुन्छ भन्ने पनि पुस्तकमा राखिएको छ । आध्यात्मिक पक्षसँग जोडेर सिङगिङ बाउलले कसरी काम गर्छ भन्ने पुस्तकमा उल्लेख छ । चिन्ता, तनाव, डरजस्ता रोगको निदानमा समेत सिङगिङ बाउल विश्वका विकसित मुलुकले वैकल्पिक चिकित्साका रूपमा अवलम्बन गर्न थालेका छन् । यो सन्दर्भमा पुस्तकले सचित्र सिङगिङ बाउल थेरापीका विधि वर्णन गरेको छ । यसैले पुस्तक सिङगिङ बाउलबारे चासो राख्नेहरूका लागि कोर्ष किताब हुने देखिन्छ । अनुसन्धाता, अध्येतादेखि सिङगिङ बाउलका सिकारूसम्मलाई कामलाग्दो छ, पुस्तक । ने

www.k33nepal.com



दि़ला नगरौं, चाडै पुगौं
के33 हेयरहोटल
कपाल झरेर चिन्तामा हुनुहुन्छ ? अब चिन्ता गर्नु पर्दैन न त कुनै Surgery न त कुनै Side Effect पुनर्स्थापना पद्धतिबाट पहिलेको जस्तो कपाल पाउनुहोस् । नुहाउन, सुत्न, स्विमिङ्ग खेल्न तथा खेलकुद आदि गर्न कुनै पनि समस्या नहुने ।

फिल्म अभिनेता
सुधांशु जोशी

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78~81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, चावहिल : एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

तीन किताब

प्रकाश आङदेम्बे | फिल्मकर्मी



अतिमानव पथ

कुनै बेला मुगल सभ्यता चरम विकासको चरणमा थियो । अंग्रेजहरूले विश्वमा साम्राज्य विस्तार गर्दा मुगल राज्यमा कब्जा जमाए । त्यतिबेला उनीहरूले धनदौलत मात्रै लुटेनन्, भाषा-साहित्यका पाण्डुलिपि पनि सँगै लिएर गए । यसमा उमर खैयामका रूबाइयात पनि रहेछ । छापा प्रविधिको विकास नभए पनि उमरका रूबाइयात जनमानसमा भिजिसकेको थियो । पुनर्जागरण कालपछि एडवार्ड फिट्जजेराल्डले उमरको पाण्डुलिपि अंग्रेजीमा अनुवाद गरे र नाम दिए- रूबाइयात अफ उमर खैयाम । एघारौं शताब्दीका खैयाम गणितज्ञ र खगोलशास्त्रीका रूपमा पनि परिचित थिए । संक्षिप्तमा धेरै कुरा अभिव्यक्त गर्न सक्नु खैयाम शक्ति हो ।

मदिरा, मधुशाला, स्त्री, सौन्दर्य, नसा आदिका कुरा गर्छन्, खैयाम । भिक्टोरियन युगमा काटमार, युद्ध, हत्या-हिंसाबाट आजित मानिसलाई खैयामका रूबाइयातले बाँच्ने आशासहित मनोरन्जन दियो । स्वच्छन्दतावादी अंग्रेजी साहित्यको विकास हुनुमा खैयामको भूमिका रहेको दाबी गरिन्छ । खैयामका रूबाइयातको केन्द्रमा छ, मृत्युचिन्तन । मृत्युचिन्तन मृत्यु चिन्नु मात्रै होइन, जीवनको क्षणभंगुरता र सौन्दर्यलाई नजिकबाट बोध गर्नु पनि हो । सुफी सन्त भएकाले उनले भनेको नसा मदिरा नभई परमात्मा र स्त्रीको अर्थ क्षणभंगुर सौन्दर्य हुन सक्छ । खैयामको विचारमा मन्दिर, मस्जिद, चर्च, गुम्बाहरूभन्दा मदिरालय महान छ किनकि सबै धर्मावलम्बीलाई छूट छ, त्यहाँ । लाग्छ- मानिसलाई अन्धआस्थाबाट व्यापक जीवनको स्वतन्त्रतातिर फर्काउनु उनको उद्देश्य हो ।

अभाव र विसंगतिबीच भौतारिरहेको समय दस स्पेक जराथुस्त्रका सूक्तिमय पंक्तिले मलाई आकर्षित गऱ्यो । फ्रेडरिक नित्सेले जराथुस्त्रलाई पात्रका रूपमा उभ्याएर आफ्ना विचार प्रवाह गरेका छन् । मानवता प्रेमका कारण पहाडी घरको एकान्त छाड्न चाहन्छन्, पैगम्बर । अरूलाई आफूले पत्ता लगाएको महान सत्य भन्न चाहन्छन्- अतिमानवको सत्य । जराथुस्त पहिले एक गाउँमा गएर घोषणा गर्छन्- ईश्वर मरिसक्यो । अतिमानवका लागि मानवले नै प्रयास गर्नुपर्ने धारणा राख्छन् । पागलको संज्ञा पाउन थालेपछि उनलाई महसुस हुन्छ, सिकाउने पद्धति बदल्नुपर्छ । जराथुस्त आफ्नो ज्ञानको केन्द्रीय बुँदा सुनाउँछन्- अतिमानव बन्न ईर्ष्या चाहिन्छ, योद्धा हुनुपर्छ र दुनियाँमाथि दया राख्नै हुँदैन । उनले सायद गम्भीर कुरा राखेका थिए तर, चेलाहरू अन्योलमा परे । उदासीका साथ जराथुस्त्रले आफ्ना शिष्यलाई बाहिरी दुनियाँ जान्न र शिक्षा फैलाउन प्रोत्साहित गर्छन् । जराथुस्त्रले पछि थाहा पाउँछन्, शिष्यहरूले उनको शिक्षालाई विकृत पारेका छन् । उनी पहाडी एकान्त र साथीजस्ता जनावर छाडेर फेरि शिष्य खोज्न निस्कन्छन् । र, पत्ता लगाउँछन्- ईसाई धर्मको पुरानो शिक्षा र अतिमानववाला नयाँ शिक्षालाई एकै ठाउँ मिसाउने गल्ती उनका चेलाहरूले गरिसकेछन् ।

जराथुस्त्रको मार्ग शुद्ध भएकाले गलत शिक्षण गर्नेविरूद्ध उनले आक्रमण गर्न थाले । मृत ईश्वर मान्ने पुजारीसँग लड्न थाले । ज्ञानलाई लेनदेनको साधन बनाउने प्रतिष्ठानका नेतृत्वसँग झगडा गर्न थाले । यस्तो तरिकाले मानवताको बस्ती निर्माण नहुने जिकिर गरे । मीमांसाको आरोह-अवरोहयुक्त लामो यात्रापछि जराथुस्त आफ्नै पहाडी जीवनमा फर्कन्छन् । बाटोमा उनलाई देवत्वको वास्तविक प्रकृति महसुस भएपछि सोच्छन्- जे भयो, त्यो फेरि पनि हुन्छ । आनन्दको स्थिति प्राप्त गरेपछि उनी कैयौं वर्ष आफ्नै सुखद एकान्तमा बस्छन् । दर्शन र चेतनाका अनेक विमर्श चलाए पनि मानिसलाई केन्द्रमा नराखेसम्म हामी रहस्यमा अलमलिन्छौं । नित्से मान्छेलाई मध्यभागमा राख्छन् ।

कुनै बेला लक्ष्मीप्रसाद देवकोटाले शंकर लामिछानेलाई भनेछन्- 'शंकरजी, मैले जे गरें, त्यही बाटो तपाईं हिंड्ने हो भने नआउनुस् । आफ्नो बाटो आफैं पहिल्याउनुस् ।' लामिछाने आफ्नै बाटो हिंडे । पारम्परिक शैली-संरचना र मानकमाथि नै प्रहार गरेकाले मलाई लामिछानेको एब्स्ट्र्याक चिन्तनः प्याज निकै आकर्षक लाग्छ । पुराना धारणालाई भत्काउनु एक प्रकारको विद्रोह नै हो ।

उनी सम्पूर्ण मानव जीवनलाई नै प्याजको प्रतीकमा उभ्याउँछन् । भनिन्छ- भौतिकी र आत्माको सम्मीलनबाट हाम्रो जीवन चलायमान छ । हाम्रो अस्तित्व र धारणा पनि प्याजजस्तै लाग्छ । समग्रमा एक डल्लो छ तर खोतल्दै जाँदा भित्र केही छैन । विभिन्न पत्रले छोपिएको हाम्रो अस्तित्वको अन्तर्य पनि प्याजजस्तै खोक्रो छ । जीवनको खोक्रोपनलाई यति सरस र मोहक बाटोबाट बताउन सक्नु उनको खुबी हो । उनका निबन्धले हाम्रै वरपरको जीवनलाई सचित्र व्याख्या गर्छ, दार्शनिक रंगमा । चेतन प्रवाह शैलीका कारण पनि कतिपय निबन्ध अमूर्त र जटिल लाग्न सक्छन् तर उनले बुनेको संसार ज्यादै रोचक लाग्छ ।

लामिछानेको चिन्तन मात्रै होइन, भाषिक विन्यास पनि निकै आरिसलाग्दो छ । गाली र अर्तीभन्दा पर पुगेर पाठकसँग संवाद गर्ने उनको शैली मोहक छ । उनी हजार वर्षपछिको सिमाना हराएको भूगोलको कुरा गर्छन्, जुन उत्कृष्ट कल्पना हो । अहिले पहिचान, आञ्चलिकता, सांस्कृतिक चेतनाजस्ता पक्ष घनीभूत रूपमा जागे पनि निबन्धमा शंकर लामिछानेकै युग चलिरहेको छ ।

■ प्रस्तुति : गुरुङ सुशान्त

८ प्रश्न | निर्मल पुर्जा

'विदेशी पेन्सन थाप्नुभन्दा देशको नाम चम्काउनु ठीक'

सात महिनाभित्र संसारका ८ हजार मिटरभन्दा अग्ला सबै १४ वटा हिमाल चढेर दुर्लभ कीर्तिमान बनाउँदै छन्, म्याग्दीका निर्मल पुर्जा, ३४ । चीनको सीसापाङमा हिमालमा मात्रै उनको अदम्य साहसिक पाइला पुग्न बाँकी छ ।

छोटो समयमै सबै अग्ला हिमाल चढ्ने ऊर्जाको स्रोत के हो ?

मानवभित्र जे पनि गर्न सक्ने क्षमता हुन्छ । आफ्नो सोचलाई खुम्च्याइदियो भने हामीभित्रको क्षमता पनि खुम्चिँदो रहेछ । पहिले चन्द्रमामा मानिस जान्छ भन्दा कसैले पत्याउँदैनथे । मलाई पनि सात महिनामा यी हिमाल चढिसक्छु भन्दा कसैले मेरैअगाडि कसैले पछाडि सक्दैनस् भनेर उडाउँथे । तर मभित्र अदम्य इच्छाशक्ति थियो । त्यो इच्छाशक्ति नै मेरो ऊर्जा हो ।

इच्छाशक्ति जगाउने कारण ?

कुनै पनि काम निःस्वार्थ भावले गरिन्छ भने त्यसले ठूलो ऊर्जा दिन्छ । यो पाउँछु, त्यो पाउँछु भनेर होइन, मनले खाएको काम गर्दा इच्छाशक्ति खोई कताबाट पलाउँदो रहेछ ।

तपाईंको साहसबारे पर्वतारोहणका हस्तीहरू के भन्छन् ?

उनीहरू मेरो ठूलो फ्यान भएका छन् । म कतै रेस्टुराँमा छिरेको चाल पाए भने एकैछिनमा घेरिहाल्छन् ।

हिमाल आरोहणमा शेर्पा जाति विश्वमै चिनिन्छन् । तपाईंको काम देखेर शेर्पाहरू स्वयं चकित छैनन् ?

साँच्चै चकित छन् । मैले यस्तो गर्न

प्रेम र पानीको राजनीति

छक्का-पञ्जा सिरिजबाट व्यावसायिक कीर्तिमान राखे पनि जोक्स मार्का कमेडीमा रूमल्लिएको चर्को आरोप खेप्नुपर्‍यो, दीपकराज गिरी र दीपाश्री निरौलाले । उनीहरूको ध्याउन्न कथामा स्वाभाविक हास्य पैदा गर्न होइन, हँसाउनकै खातिर कथा तोडमरोड गर्नतिर हुन्थ्यो । घुमाइफिराइ एकै शैलीका पात्र र प्रवृत्ति थोपरिन्थ्यो । नयाँ फिल्म *छ माया छपक्कै*मा चाहिँ यो धङधडीबाट बाहिर निस्कन खोजेका छन् । फिल्मको केन्द्रमा छ- खानेपानीबाट काकाकुल गाउँ, जहाँ प्रेम र राजनीति घुस्छ । दीपाश्री यस फिल्मकी सल्लाहकार निर्देशक हुन् भने दीपक मुख्य अभिनेता र पटकथाकार । निर्देशकचाहिँ दीपेन्द्र लामा । कमेडी त छ नै, विषयप्रति एक हदसम्म संवेदनशीलता पनि देखिन्छ । जीवन्त भने होइन । मूल सरोकारप्रतिको एकाग्रता छैन ।

कामरेड बीपी (दीपकराज) को घडेरी गाउँमा बाटो पुगेको छ, बिजुली पुगेको छ तर पानी पुगेको छैन । एक गाग्री पानी लिन घन्टौं उकालो-ओरालो गर्नुपर्छ । बीपीका बाबु (प्रकाश घिमिरे) को सपना छ, चुनाव जितेर गाउँमा पानी ल्याउने । पल्लो गाउँ टोड्केमा पानी प्रशस्त छ तर त्यहाँका स्थानीय नेताले पानी ल्याउनै दिँदैनन् । दुई गाउँका नेताबीच घमासान द्वन्द्व छ । उमेर ४२ पुगे पनि अविवाहित बीपीको टोड्के गाउँको नेताकी छोरी जल (केकी अधिकारी) सँग माया बस्छ । पानी र राजनीतिले उनीहरूको परिवारबीच लडाइँ छ । त्यसमा प्रेम सल्किएपछि आइपर्ने उतारचढावमा घुमेको छ, फिल्म ।

यो कथा कञ्चनपुरको साविकको गोदावरी गाविसको सत्य घटनामा आधारित रहेको फिल्म युनिटको दाबी छ, पात्रचाहिँ काल्पनिक । बीपी, उसका बुबा, साथीहरू गोली कान्छा (केदार घिमिरे) र प्रवीण (जितु नेपाल), जल, उनका बबा, मीतबुबा, दाजु अनि प्रवीणकी प्रेमिका पूजा (सुपुष्पा भट्ट), पात्रहरू बग्रेल्ती छन् । यी पात्रलाई स्थापित गराउँदा-गराउँदै मूलकथा प्रवेश ढिला हुन्छ । समस्या पनि पानीको मात्र छैन, बीपीको पार्टीभित्रको आन्तरिक टकराव छ, प्रवीणको प्रेमको चक्कर छ, त्यसमा जल र बीपीको सम्बन्ध थपिन्छ, बीपीलाई बिहे गर्न आमाले हैरान गर्छिन्, गोली कान्छाको बाबुलाई राजनीतिमा लागेर छोरो बिग्रियो भनेर चिन्ता छ । यी यावत् पक्षलाई बुन्दा-बुन्दा फिल्मको केन्द्रीय द्वन्द्व मानिएको पानीको खडेरी ओझेलमा पर्छ । कहिले प्रेमले थिच्छ, कहिले चुनावी राजनीतिले । यद्यपि पात्र र घटनाक्रम रैथाने स्वादकै छन् ।

मुलुक संघीयतामा गएपछि प्राकृतिक स्रोतको बाँडफाँटले गाउँहरू विभक्त छन्, त्यसमै टेकेर नेताहरू जनता लडाउन र भोट कमाउन मरिहत्ते गर्दै छन् । यही बेथितिको झल्को पाइन्छ, *छ माया छपक्कै*मा । वर्षौं पार्टीका लागि रगत-पसिना बगाउने आदर्श नेता चुनावमा किनारा लाग्छन्, पैसावाला र नेताको चाकरी गर्नेचाहिँ चुनावमा चम्कन्छन् । यो विडम्बनालाई कठोर व्यंग्य गरेको छ, दीपक क्षत्रीको चरित्रले । आन्दोलनमा लागेको गोली बोकेर अभावको जिन्दगी बाँचिरहेका गोली कान्छाजस्ता चरित्र हामीकहाँ छ्यास्छ्यास्ती भेटिन्छन् । फिल्म विविध कोणबाट समाजसँग नजिक देखिन्छ ।

दीपकले बिनाप्रसंगका संवादबाट हँसाउने

फिल्म : *छ माया छपक्कै*
★★½☆☆

सक्छु भनेर कसैले विश्वासै गरेका थिएनन् ।

बेलायती सैनिक सेवा छोडेर पर्वतारोहणमा लाग्ने मुड कसरी चल्यो ?

मैले सन् २०१२ मा पर्वतारोहण थालें । २०१७ मा सगरमाथा क्षेत्र पुग्दा बाटो बदल्ने सोच आयो । सगरमाथा चढ्नुअघि बाटो खोल्ने आइसफल डाक्टर टिममा गएको थिएँ । त्यस बेला आफ्नो काम देखेर आफैंप्रति ठूलो आत्मविश्वास पलायो । अनि मस्तले पेन्सन खाएर बस्ने समयमा मैले मुलुकको नाम चम्काउने बाटो रोजें ।

अग्ला हिमाल चढ्दा सबैभन्दा कठिन कहाँ भयो ?

पाकिस्तानको केटुमा निकै डर लाग्यो । खराब मौसमका कारण सबैले आरोहण त्यागिसकेका थिए । तर मेरो टिम एक्लै चढ्यो । बाटो खोलेपछि अरूले पनि चढे । कञ्चनजंघामा ८ हजार ४ सय ५० मिटरमा पुगेपछि तीन जना भारतीयलाई मिङ्मा डेभिड शेर्पा,

गेसमान तामाङ र मैले आफ्नो अक्सिजन दिएर उद्दार गर्‍यौं र हामी बिनाअक्सिजन चढ्यौं । त्यसबेला निकै गाह्रो भएको थियो । तर कसैको ज्यान बचाउन अक्सिजन दिएकाले मनमा सन्तोष थियो ।

तपाईंको आरोहणमा सरकारी सहयोग छ कि छैन ?

चीन सरकारले सीसापाङमा आरोहणका लागि खुला गरेको छैन । हाम्रो सरकारले मेरो अभियानलाई देशको मिसनका रूपमा स्वीकारेर कूटनीतिक पहल गरिदियो । चीनले हामीलाई आरोहणका लागि अनुमति दिने मौखिक सहमति दिएको छ । तर परमिट पाएको छैन ।

अबको लक्ष्य ?

सन् २०१४ मा म आमादब्लम हिमाल चढ्न गएको थिएँ । चार वर्षपछि त्यहाँ जाँदा तलदेखि पानी बोकेर लैजानुपर्‍यो । विश्व तापमान वृद्धिको असर मैले पहिलोपटक अनुभव गरें । यही विषयलाई सहयोग पुग्ने काम गर्छु ।

■ **मनबहादुर बस्नेत**

हर्कतलाई धेरै हदसम्म त्यागेको देखिन्छ । छन्द मिलेका हास्यपरक संवादलाई महत्त्व त दिइएकै छ तर त्यसले पात्र र सन्दर्भको मुड भने उति विघ्न बिथोल्दैन । मीतबुबा (शिशिर वाङदेल) को ठूलै चुरिफुरी छ तर उनको पृष्ठभूमि पूरै बेवास्ता गरिएको छ । पूजाको अलप अनि बीपीप्रति जलको सोचाइको आकस्मिक बदलाव पनि पत्यारिलो लाग्दैन ।

कथा उठानमा अलमल भएझैं त्यसको विकासक्रममा चुस्तता र बैठानमा विश्वसनीयता छैन । कतिपय चरित्र र घटनाक्रम छरिएका छन् । मध्यान्तरपछि गम्भीरतातर्फ मोडिन्छ तर बीपीको चरित्रमा आएको परिवर्तन मूर्त लाग्दैन । पटकथामा 'ट्वीस्ट' ल्याउन दीपक खप्पिस मानिन्छन् । क्लाइमेक्स पनि प्रायः दर्शकको अनुमानबेगर बनाउँछन् तर यसपटक कथाको संरचना र बहावअनुसार क्लाइमेक्ससम्म 'ट्वीस्ट' को अपेक्षा भने पूरा हुन्न । बरू कथाको अन्त्य रोचक र व्यावहारिक बनाउनुभन्दा कथाको टुंग्याउनीका लागि सजिलो र हतारको विकल्प रोजिएको छ । 'जूनको जुनेली...' श्रुतिमधुर भए पनि कथावाचनमा किञ्चित प्रभावकारी छैन । सम्पादनका क्रममा १५-२० कैंची चलाएको भए फिल्म थप चुस्त हुन्थ्यो । पानी राजनीतिमाथि भारतमा *कौन कितने पानीमें* बनेको छ ।

कथा र प्रस्तुतिझैं चरित्रको कोणबाट पनि *छ माया छपक्कै* केही भिन्न लाग्छ । दीपकको चरित्र गम्भीर छ, हुलिया र हाउभाउबाटै उनी चरित्रको मनोविज्ञान दर्शकसम्म प्रवाह गर्न सक्षम छन् । उनले पनि हँसाउँछन् तर न त्यो भद्दा मजाक छ, न त बेतुकका संवाद नै । यसपटक उनी पटकथाकारभन्दा कलाकारका रूपमा काबिल लाग्छन् । केदार घिमिरेचाहिं यस फिल्मको मनोरञ्जनका मुख्य स्रोत हुन् । *छक्कापञ्जाका* खाँटी फ्यानलाई उनको चरित्रले निराश हुन दिदैन । राजनीतिक खिचातानीले प्रेममा असफल जितुलाई पनि दर्शकले सम्झिरहन्छन् ।

हास्य कलाकारको भीडमा केकी हराउलिन् भन्ने चिन्ता थियो तर चरित्र र अभिनयमार्फत दरिलो छाप छोड्न सफल छिन् । प्रकाश घिमिरे, सुपुष्पा भट्ट, शिशिर वाङदेल पनि स्वाभाविक लाग्छन् । दीपक-दीपा फिल्ममेकिङको मामलामा सुध्रिएको संकेत हो, *छ माया छपक्कै* । त्यो भनेको, कमेडीको नाममा कथा र प्रस्तुतिमाथि अन्याय नगर्नु हो । तर यही स्तरको फिल्मले उनीहरूको दिल खोलेर प्रशंसा गर्न सकिन्न । निर्देशकीय पाटोमा दीपेन्द्र लामाभन्दा उनीहरूकै 'सिग्नेचर' शैलीको बोलवाला छ ।

छक्का-पञ्जा सिरिजको फ्यान होइन भने पनि यस फिल्मले निराश पार्दैन । कलात्मक र विश्वसनीय प्रस्तुतिको तीव्र अपेक्षा राख्नेलाई चाहिं नामझैं मायाले छपक्कै पार्दैन ।

■ **गोकर्ण गौतम**

उदाउँदो कला क्षेत्र

इलिट जोशी

कला स्वतन्त्र अभिव्यक्तिको माध्यम भएकाले जो कोहीको मन छुन्छ । कलाको विकासका लागि सरकारले मात्र होइन, निजी क्षेत्र पनि लाग्नुपर्छ । कलाको यस्तै महत्त्वलाई बुझाउन हिमालयन आर्ट फेस्टिभल भएको थियो, नेपाल कला परिषद्मा ।

१५० कलाकारका २०० कलाकृति प्रदर्शनीमा राखिएका थिए । कलाको 'एस्थेटिक भ्यालु' दर्साउन तथा कलाकृति स्वदेश तथा विदेशमा बिक्री-वितरण बढाउनु यसको प्रमुख उद्देश्य थियो । प्रदर्शनीमा नयाँ कलाकारदेखि पुराना भेट्रान कलाकारले बनाएका कलाकृति राखिएका थिए । प्रदर्शनीमा पेन्टिङ, पौभा, प्रिन्ट मेकिङ, मूर्ति, फोटोग्राफीलगायतकलाकृति राखिएका थिए । कार्यक्रममा रौनकता थप्न सांगीतिक कार्यक्रम, कलासम्बन्धी छलफल, बालबालिकालाई कला शिक्षा कार्यक्रम तथा कथक नृत्यसमेत प्रस्तुत गरिएको थियो ।

युट्युबमा छाएको महसञ्चार

पछिल्लो समय *युट्युब* कमालको संसार भएको छ, जहाँ विश्वभरका पुरानादेखि नयाँ भिडियो हेर्न पाइन्छ । पुराना भिडियोको लागि त *युट्युब* झन्वरदान नै साबित भएको छ । नपत्याए हेर्नुहोस्, महसञ्चारको भिडियो ।

महसञ्चारले ३ वर्षदेखि *युट्युब* च्यानल चलाइरहेको छ । कुनैबेला गाईजात्राको दिन मञ्चन गरेका नाटक र टेलिफिल्म *युट्युब*मा महसञ्चारले हालेका छन् । मह अर्थात् मदनकृष्णर हरिवंशको जोडीले बनाएका यी कार्यक्रम प्रायः ट्रेन्डिङमा पर्छन् । १८ असोजमा मह सञ्चारले *नेवारबहादुर र बाहुनबहादुर* नाटक अपलोड गर्‍यो । कुनै बेला स्टेजमा प्रदर्शन गरेको शो अहिले नेपाल ट्रेन्डिङकोनम्बर २ मा छ । हालसम्म १४ लाख ३९ हजारले हेरिसकेको सो नाटक मात्र होइन, अन्य नाटक र पुराना टेलिसिरियल उत्तिकै चर्चित छन् । तत्कालीन राजनीतिक, सामाजिक क्षेत्रमा महका चोटिला शब्द, व्यंग्य प्रहारले नयाँ पुस्तालाई पनि आकर्षित गरेको देखिन्छ ।

त्रिशलाको जादु

कभर गीतबाट चर्चा कमाएकी त्रिशला गुरूङ सुन्दरी गायिकाको रूपमा पनि चर्चित छिन् । उनले 'यो मन' र 'सरस्वतीवन्दना' बोलका आफ्नै गीत पनि गाएकी छन् । युवा पुस्तामाझ निकै चर्चित त्रिशला यसै साता ह्वाइट लङ पार्टी गाउनमा देखिइन् । उसै त सुन्दर त्रिशलासेतो रङको पार्टी गाउनमा झनैबबाल देखिइन् । मेडिकलको विद्यार्थी त्रिशला छिट्टै नै डाक्टर पनि बन्दैछिन् । यति राम्री डाक्टर साथमा सुमधुर स्वरको धनी भएपछि के होला ?

द वर्ल्ड हाउसमा फ्रान्सेली स्वाद

हामी नेपालीलाई रमाइलो गर्न असाध्यै मन पर्छ । चाडपर्व मनाउन, भोजभतेर गर्न र मीठो परिकार बनाएर खान हामी सिपालु छौं । यसका उदाहरण हुन्- दसैं, तिहार, ल्होसार, छठजस्ता पर्वहरू ।

खानाको यस्तै स्वादमा रमाउन चाहनुहुन्छ भने द वर्ल्ड हाउस रेस्टुराँ दरबारमार्ग छ । यहां फ्रान्सेली र एसियाली स्वादका खाना खान सक्नुहुन्छ । पारिवारिक वातावरणमा रेट्रो शैलीमा सजिएको रेस्टुराँ स्वादिलो खाना, वाइन र डिजर्टको लागि प्रसिद्ध छ ।

महेश प्रधान

नोटबुक

रवीन्द्र मानन्धर

विस्थापितको देपूजा

कुलदेवताको पूजा अर्थात् देपूजा हाम्रा लागि दसैंजत्तिकै महत्त्व राख्छ। हाम्रो कुलदेवस्थान रहेको ठाउँ राष्ट्र बैंक टक्सार विभागको कार्यालय छ । सानो छँदादेखि नै यहाँ पूजा सकाएर लस्करै बसेर प्रसादको रूपमा समेबजी भोज खाँदाको रमाइलो अरूमा कहाँ ? पानी परेका बेला कार्यालय भवनभित्रै पनि हामीलाई बस्न छूट दिइन्थ्यो ।

०७२ सालको भूकम्पले यहाँका भवनमा क्षति पुगेपछि देवस्थल पनि अस्तव्यस्त हुन पुग्यो । त्यसमाथि धरहरा पुनर्निर्माण भन्दै यो क्षेत्रमा व्यापारिक टावर बनाउने क्रममा देवस्थल थप उपेक्षित हुन पुगेछ । यसपालिको देपूजामा देवस्थल छिर्दा असुरक्षित रूपले निर्माण सामग्री र काँडेतार बेपरवाह छरिएका थिए । झरी परिरहेको थियो, जेनतेन पूजा सकियो । बसेर भोज खानु थियो तर सुविस्ताले बस्न मिल्ने ठाउँ एक इन्च पनि थिएन । हामीले त्यहाँका एक अधिकारीलाई गुहार्‍यौं तर उनले नसुनेझैं गरे । आखिरमा काठमाडौं मलसित जोडिएको एक रेस्टुराँका साहूजीसामु समस्या राख्यौं । उनले आफ्नो ठाउँ मात्र होइन, टेबुल-कुर्सीसमेत प्रयोग गर्न दिए ।

भौतिक विकासको जग खन्ने क्रममा हाम्रो सम्पदा र संस्कृति खोस्रेर मिल्काउने क्रम बढ्दो छ । तर हाम्रा सच्चा पहिचान यिनै संस्कृति, सम्पदा हुन् भन्नेमा किन बुझ पचाएको ? हाम्रो सम्मानलाई नकुल्चिदिएको भए कति जाती हुन्थ्यो !

एक रूपैयाँ लुट्न नपाउँदा

पेट्रोल पम्पका कर्मचारीको व्यवहार देख्दा लाग्छ, एक र दुई रूपैयाँको कुनै मोलै छैन । प्रायः त्यहाँ यस्ता खुद्रा रकम फिर्ता दिने चलनै छैन । केही साताअघि दुई लिटर पेट्रोल भरेर २ सय २० रूपैयाँ दिएँ, फिर्ता दुई रूपैयाँ माग्दा कर्मचारीले झोलामा खुद्रा खोजेजस्तो गरे । एकैछिनपछि झर्को मान्दै भने, "मैले त दुई सय २० कै हालिदिएको नि ।"

फिर्ता नहुने यस्ता खुद्रा पैसा मात्र हिसाब लगाउने हो भने दिनभरिमा कति होला ? यति मात्र होइन, तेल वितरण पनि पारदर्शी हुन्न । हरेक पटक मिटरको अंकलाई जिरोमा ल्याएर तेल भरिदिने हो भने उपभोक्ता ठग्न पाइँदैन । त्यसैले उनीहरू बोतलमा तेल भरिदिन आनाकानी गर्छन् । भर्नैपरे आफ्नो बदमासी थाहा पाऊलान् भनेर पूरै तेल दिन्छन् ।

अर्को पटक पनि त्यहीं तेल भर्न गएँ । मिटरलाई जिरो नपार्दै पाइपको नोजल मेरो बाइकको ट्यांकीमा राखे । मैले सयका दुइटा र २० को एउटा नोट दिएँ र 'दुई लिटर' भन्न नभ्याउँदै कर्मचारीले भरियो भन्ने संकेत गर्दै पाइप निकाले ।

ओहो, निमेषभरमै दुई लिटर तेल भरिएछ । जबकि त्यही बेला मिनरल वाटरको बोतलमा पेट्रोल भर्न आएका ग्राहकलाई एक लिटर तेल भरिदिन धेरै बेर लागेको देखेको थिएँ ।

खुलेआम लुटिन बाध्य भएपछि अर्को पटक खल्तीमा ठ्याक्कै १ सय ९ रूपैयाँ लिएर गएँ । मिटरलाई जिरोमा सेट गर्न लगाएँ र एक लिटर हालिदिनूस् भनें । मैले मिटरबाट आँखा नहटाएपछि कर्मचारीले अलि असहज महसुस गरे । मैले दुई रूपैयाँका दुई सिक्कासहित सय तथा पाँच रूपैयाँको नोट उनको हातमा थमाएँ । उनले दिक्क मान्दै भने, "ह्या, कस्तो खुद्राखुद्रा दिनुभएको यार ।" एक रूपैयाँ लुट्न नपाएकामा उनको मुख जसरी खुम्चियो, त्यो हेर्न लायकको थियो ।

पप्पु फेल हो गया

काठमाडौंको जाम हटाउन कम्मर कसेका चौडा सडकमा साँघुरा पुलहरू रोडा बनेपछि सरकारले पुल थप्यो । तर अधिकांश पुलको अष्टावक्र डिजाइन देखेपछि जोकोहीको मुखबाट निस्कन्छ, यो पनि पप्पुले बनाएको पुल हो ? नभनून् पनि किन ! पुल साविकभन्दा पाँच-छ फिट अग्लो छन् । जसमाथि चढाइ बनाउन सँगैको सडकका धेरै अंश खर्च हुन्छ । डल्लुमा बनेको पुलमाथि चढाइले मूल सडकको आधा पीच खाएको छ ।

नयाँ पुल प्रयोग गर्न असजिलो भएकै कारण यो प्रायः प्रयोगमा छैन । बाफलमा बनेको पुलको हालत उस्तै । चाहिनेभन्दा बढी हाइटमा बन्नाले यहाँको बस्ती पनि खाल्डोमा पर्न गयो, जसले यहाँ डुबानको समस्या झन् बढाइदियो । टेकुको पुल त नबन्दै मापदण्डविपरीत भनेर रोक्का भएको थियो । आखिर 'सेटिङ' मिल्यो, पुल बनिछाड्यो । अर्थात्, पप्पुहरू सरकारका तर्फबाट पास भए । तर पछि जोखिमपूर्ण भन्दै यसको प्रयोगमा रोक लागेको छ । अहिले यो पार्किङ र निर्माण सामग्री थुपार्ने स्थलका रूपमा प्रयोग हुँदै आएको छ । अब यसलाई भत्काउने कुरा अघि सारिएको छ । आखिर नभत्काई र नयाँ नबनाई नयाँ-नयाँ सेटिङ कसरी हुन्छ ?

सरकारले ग्रेस नम्बर थपेर पास गरिदिए पनि खासमा त पप्पुहरू फेल भएका न हुन् । नेताजीहरूले हेर्न-सुन्न नखोजेका मात्र हुन् । ने

www.rbb.com.np
धेरै दिने भनेकै आफ्नैले त हो नि !
आफ्नो भनेको आफ्नै हुन्छ
मुद्दती खातामा
९.२५%*
वार्षिक ब्याजदर
*०.५० प्रतिशत शाखा कार्यालयबाट नै थप गर्न सकिने
RBB GOLDEN
FIXED DEPOSIT ACCOUNT
आधुनिक बैकिङ्ग सेवा सुविधाहरू उपलब्ध
राष्ट्रिय वाणिज्य बैंकमा गोल्डन मुद्दती (व्यक्तिगत) खाता खोली उच्चतम ब्याजदर पाउनुहोस् ।
विशेषताहरू:
» १ वर्ष देखि २ वर्ष सम्म
» न्युनतम मौजदात रू.५ लाख » त्रैमासिक ब्याज भुक्तानी
तपाईको आफ्नै बैंक
राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक
राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रिय कार्यालय, सिंहदरबार प्लाजा, काठमाण्डौ । फोनः (९७७-१) ४२५-२५९५ । फ्याक्सः (९७७-१) ४२५-२९३१ । इमेल: rbb.info@rbb.com.np

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/